# अध्याय : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता परिपूर्ति गर्नु नै प्रस्तुत शोधपत्रको प्रयोजन रहेको छ ।

## १.३ विषय परिचय

नेपाली भाषा साहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने साहित्यिक पत्रकार रोचक घिमिरेको जन्म वि.सं. १९९८ भाद्र ३ गते, गहिराथोक, सालु गा. वि. स. वडा नं. ९, मन्थली, रामेछाप जिल्लामा पिता पं. सोमनाथ घिमिरे "व्यास" र माता मोहनकुमारी घिमिरेका सुपुत्रका रूपमा भएको हो ।

श्रीपञ्चमीको शुभमुहूर्त पारी पाँचवर्षको उमेरमा मातापिताबाट अक्षरारम्भ गराइएका घिमिरेले रानीपोखरी संस्कृत प्रधान पाठशालामा औपचारिक शिक्षा प्रारम्भ गरी वाराणसे संस्कृत विश्वविद्यालय वाराणसी (भारत) पछि सम्पूर्णानन्द विश्वविद्यालयबाट सन् १९५६ मा पूर्वमध्यमा, सन् १९५८ मा उत्तरमध्यमा, सन् १९७२ मा विशिष्ट पूर्वमध्यमा, र इलाहबाद बोर्ड यू.पी. उत्तर प्रदेशबाट अंग्रेजीमा आई. ए. सम्मको औपचारिक शिक्षा हासिल गरे तापनि समाजशास्त्र, धर्मशास्त्र, राजनीतिशास्त्र, साहित्यशास्त्र, भूगोल आदि विषयको स्वाध्ययनबाट आफ्नो ज्ञानको क्षितिजलाई विस्तृत पार्ने कार्य गरेका छन् ।

वि.सं. २०१५ साल, आषाढ १७ गतेको 'कल्पना' दैनिक (तारिणीप्रसाद कोइरालाद्वारा सम्पादित) मा **के यस वर्ष तोकिएको मितिमा चुनाव होला** ? भन्ने शीर्षक दिएर स्वतन्त्र विचार व्यक्त गर्न माग भएकोमा जी. एन्. रोचकको नामबाट **चुनाब हुँदैन** शीर्षक लेखबाट लेखन क्षेत्रमा पदार्पण गरेका घिमिरेले **घनानाथ शर्मा**, **रोमिरे**, **भूषण कश्यप**, **ज्ञानमूर्ति**, **जी. एन्. रोचक**, **बादल शर्मा** आदि उपनामबाट **कल्पना** (दैनिक) **नेपालपोष्ट** (दैनिक), **करेन्ट** (साप्ताहिक) **गोरखापत्र**(दैनिक), **हालखबर**(स्वतन्त्र दैनिक) आदि पत्रपत्रिकाहरू मार्फत लेखहरू पुस्तक समीक्षा, **रोचक/घोचक व्यङ्ग्य स्तम्भ** लेखेर साहित्यको भण्डारलाई समृद्ध पार्नुका साथै वि.सं. २०१८ साल, **हेमन्त-शिशिर**देखि **रचना** साहित्यिक पत्रिका प्रकाशन गरी १११ अङ्क प्रकाशन गर्ने श्रेय हासिल गरेका छन् भने **भैरव पुरस्कार गुठी स्मारिका** (२०४६) **अनुसन्धानभित्रको अनुसन्धान**(२०६०) **कविवर माधवप्रसाद घिमिरे अभिनन्दन ग्रन्थ** (२०६०) **घ.च गोतामे : सम्झनाका पाइलाहरू**को सम्पादन कार्य गर्नुका अतिरिक्त **सम्झनामा फक्रिएका थुँगाहरू** (२०५६) नामक निबन्ध सङ्ग्रह नेपाली साहित्यको मन्दिरमा पूष्पार्पण गर्ने घिमिरे हाल **विचार र वृत्तान्त** (लेख/निबन्ध सङ्ग्रह) **केही स्रष्टा केही स्मृति** (संस्मरण), **नेपाली साहित्यिक पत्रकारिताः विगत र वर्तमान** आदि कृतिहरूको लेखन तथा प्रकाशन कार्यमा तल्लीन रहेका छन् ।

नेपाली भाषा साहित्य, साहित्यिक पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने घिमिरे **भवानी** साहित्यिक पत्रकारिता पुरस्कार (२०४३), **शिक्षा मन्त्रालय पुरस्कार** (२०४५) **नेपाल प्रज्ञा प्रतिष्ठान साहित्यिक पत्रकारिता पुरस्कार** (२०५४) **उत्तम शान्ति पुरस्कार** (२०५६), **लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार**(२०५९), **साहित्यसङ्गम मकवानपुर पुरस्कार**(२०६०) एवम् **सुदूर पश्चिमाञ्चल साहित्यिक सांस्कृतिक महोत्सव अभिनन्दन**(२०६२) द्वारा पुरस्कृत तथा अभिनन्दित भएका छन् ।

प्रधान सम्पादक, प्रकाशक, साहित्यिक, सांस्कृतिक व्यक्तित्वले घिमिरेलाई समाजमा बहुआयामिक एवम् कर्मशील व्यक्तित्वको रूपमा स्थापित तुल्याएको छ ।

यिनै कर्मनिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका साथै उनले साहित्यिक पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको समग्र अध्ययन गर्नु यहाँ सान्दर्भिक एवम् औचित्यपूर्ण रहेको छ ।

## १.४ समस्या कथन

साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्व एवम् साहित्यिक पत्रकारिताको क्षेत्रमा उनको योगदान विषयक प्रस्तुत शोधपत्रको समस्याहरू निम्न बमोजिम रहेका छन् :

क. साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनी के कस्तो रहेको छ ?

ख. साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्व के कस्तो रहेको छ ?

ग. साहित्यिक पत्रकार रोचक घिमिरेको कृतित्व के कस्तो रहेको छ ?

घ. नेपाली साहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा रोचक घिमिरेको योगदान के कस्तो रहेको छ ?

## १.५ शोध कार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

क. साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनीको निरूपण गर्नु ,

ख. साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्वबारे प्रकाश पार्नु ,

ग. साहित्यिक पत्रकार रोचक घिमिरेको कृतित्वको विश्लेषण गर्नु ,

घ. नेपाली भाषा , साहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा रोचक घिमिरेले पुऱ्याएको योगदानको अध्ययन एवम् मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यिक पत्रकार रोचक घिमिरेका बारेमा कतिपय साहित्यकार लेखकहरूले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइए तापनि उनको जीवनी, व्यक्तित्व, कृतित्व एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उनले पुऱ्याएको योगदानका बारेमा आजसम्म विस्तृत अध्ययन हुन सकेको देखिंदैन । ती चर्चा परिचर्चा उनको जीवनी, व्यक्तित्व, कृतित्व र साहित्यिक पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको समग्र अध्ययनका दृष्टिले अपूर्ण देखिन्छन् । उनका सम्बन्धमा लेखिएका केही लेख, टीका-टिप्पणी, पुस्तक तथा पत्रपत्रिकामा छापिएका छन् र तिनमा रोचक घिमिरे नेपाली साहित्यमा लेखक, समीक्षक , सम्पादक एवम् समाजसेवी, राष्ट्रसेवी व्यक्ति हुन भन्ने कुराको सामान्य उल्लेख मात्र गरेको पाइन्छ । उनका बारेमा हालसम्म भएका केही समीक्षात्मक विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ :

- गोविन्द गिरी 'प्रेरणा' ले २०५३, कार्तिक २३ गते गतिविधि साप्ताहिकमा **प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार र रोचक घिमिरे** शीर्षक राखेर "पत्रकारिता पुरस्कारको निर्णय गराउनुको पृष्ठभूमिमा साहित्यिक पत्रकार 'रचना' का प्रधान सम्पादक रोचक घिमिरेको हात रहेको छ " [१] भन्ने उल्लेख गरेका छन् ।
- देवीप्रसाद सुवेदीले **युगसंवाद** साप्ताहिक (२०५३, चैत्र ५ गते, मंगलबार) मा **अभिनन्दनको यो शृङ्खला** शीर्षक दिएर लेखिएको लेखमा "हाल निजी क्षेत्रबाट प्रकाशित साहित्यिक पत्र-पत्रिकाहरूमध्ये सबभन्दा पुरानो साहित्यिक पत्रिका 'रचना' हो र त्यसको जन्मदेखि हालसम्मका घामपानी बेहोर्ने तपस्वी साहित्यिक पत्रकार रोचक घिमिरे हुन्" [२] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- विवश वस्तीले (बुधवार साप्ताहिक २०५५ फागुन ५ गते) मा **सैंतीस वर्षअघि यसको दाम थियो - डेढ रुपयाँ** शीर्षक राखेर लेखिएको लेखमा "आज पनि उहाँको खल्ती नटक्टकिइकन रचना साहित्यानुरागीहरूको हातमा पुग्न सक्दैन । रहरबाट सुरु गरिएको रचनाले रोचक घिमिरेलाई अहिले वाध्यताको चक्रव्यूहमा ल्याएर

---

[१] गोविन्द गिरी **प्रेरणा** , गतिविधि साप्ताहिक २०५३, कार्तिक, २३,

[२] देवीप्रसाद सुवेदी, - युगसंवाद सप्ताहिक, २०५३, चैत्र, ५, मंगलबार,

उभ्याइदिएको छ" [३] भन्ने अभिव्यक्ति दिएर रचना साहित्यिक पत्रिका प्रकाशनमा रोचक घिमिरेको दृढ अठोटको प्रशंसा गरेका छन् ।

- भवानी घिमिरेले **रोचक घिमिरे अक्षरको अभिवादन** पुस्तकको भूमिकामा **रोचक रचना/रचना रोचक** शीर्षक दिएर "उनी राम्रा अध्येता हुन्, निपुण पर्यवेक्षक हुन्" [४] भन्ने चर्चा गरेको पाइन्छ ।

- मदनमणि दीक्षितले **रोचक घिमिरे अक्षरको अभिवादन** (२०५५) मा **रोचक घिमिरे : निष्ठावान् व्यक्तित्व** शीर्षक राखेर "उहाँलाई नेपाली पुस्तक र समाचार पक्षका प्रवल संग्रहकर्ता  खानी भनेमा कुनै अत्युक्ति हुने छैन्" [५] भन्ने विचार व्यक्त गरेका छन् ।

- मनुजबाबु भिश्रले **रोचक घिमिरे अक्षरको अभिवादन** (२०५५) मा **रोचकको पोका** शीर्षक दिएर "उनको पोको भित्र केही छ भने प्रतिभा छ, सेवा छ, साहित्य क्षेत्रका अक्षर अक्षरसँग मित्रता छ" [६] भन्ने अभिव्यक्ति दिएका छन् ।

- रमेश गोर्खालीले **रोचक घिमिरे अक्षरको अभिवादन** (२०५५) मा **साहित्यक पत्रकारिताका बृहस्पति एवम् प्रकाशस्तम्भ : रोचक घिमिरे** शीर्षकमा "दीर्घकालीन योगदानसूचक अत्युत्तमताका दृष्टिले घोत्लियो भने नेपाली साहित्यिक पत्रकारिताको बिँडारी (कठिन कार्यको बिंडो उठाउने) बृहस्पति प्रकाशस्तम्भको रूपमा रोचक घिमिरेको सुनाम स्वर्णाङ्कित रहने प्रस्ट छ" [७] भन्ने अभिव्यक्ति दिएका छन् ।

---

[३] विवश वस्ती, - बुधबार साप्ताहिक,  २०५५, फागुन, ५,

[४] शेषराज सिवाकोटी, (सम्पा.) **रोचक घिमिरे अक्षरको अभिवादन** (काठमाडौं : ज्ञानगुन सहित्यिक प्रतिष्ठान, २०५५), पृ. ख.,

[५] ऐजन, पृ. १,

[६] ऐजन, पृ.८,

[७] ऐजन, पृ.१४,

- रमेश विकलले **रोचक घिमिरे अक्षरको अभिवादन** (२०५५) मा **एउटा साधु साहित्यिक पत्रकार** शीर्षकमा “उसको महत्त्वाकाङ्क्षा ‘रचना’ बाटै उठेर ‘रचना’ मै निहित हुनु , ‘रचना’ लाई नै बोकेर गन्तव्यतिर बढ्नु । त्यसैले उसलाई मैले कर्ममा लीन साधु भन्ने गरेको छु” [८] भन्ने चर्चा गरेका छन् ।
- देवेन्द्र गौतमले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **तर उहाँ राजनीतिको शरणमा पर्नु भएन** शीर्षकमा “एउटा साहित्यकारले साहित्यानुरागी पाठकहरूलाई मनोरञ्जन र शिक्षा मात्र दिन सक्छ भन्ने नभई उसले राष्ट्रलाई बाटो देखाउँछ, नयाँ परम्परा स्थापित गराउन सक्छ भन्ने प्रमाणित गर्नु भएको छ रोचकजीले ” [९] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- जगदीश घिमिरेले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **रोचक घिमिरे, एक जीवन्त सन्दर्भ ग्रन्थ** शीर्षक दिएर “रोचक आफैंमा एक जीवन्त सन्दर्भ ग्रन्थ हुनुहुन्छ” [१०] भन्ने उल्लेख गरेका छन् ।
- ध्रुवचन्द्र गौतमले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **रोचक घिमिरे : एक सौम्य व्यक्तित्व** शीर्षकमा “साहित्यको पठन-पाठन रोचकजीको स्पष्ट रुचि हो । “**रचना**” उहाँको कुशल सम्पादनको नमुना हो, धेरै कठिनाई झेल्दै निस्कने साहित्यिक पत्रिकामध्ये एक । एउटा गम्भीर तर नयाँ लेखकहरूलाई प्रोत्साहन दिने पत्रिका” [११] भन्ने उल्लेख गरेका छन् ।
- शक्ति लम्सालले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **रोचक घिमिरे : रोचकताको आफै सृजक** शीर्षकमा “रचना साहित्यिक पत्रिकाको सम्पादनले गर्दा उनी नचाहँदा नचाहँदै पनि आफू भन्दा कैयौं ठूलावडा अग्रज भनाउँदाहरूलाई बौद्धिक

---

८ शेषराज सिवाकोटी, (सम्पा.) **रोचक घिमिरे अक्षरको अभिवादन** (काठमाडौँ : ज्ञानगुन सहित्यिक प्रतिष्ठान, २०५५), पृ.२३,

९ ऐजन, पृ. ३०,

१० ऐजन, पृ. ६१,

११ ऐजन, पृ.६७,

कुस्तीको अखडामा तल झारीकन विशिष्ट स्थान ओगट्न सफल भए”[१२] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।

- रामदयाल ‘राकेश’ले रोचक घिमिरे अक्षरको अभिवादन(२०५५) मा **सम्पर्क सूत्रधार : रोचक घिमिरे** शीर्षकमा “उहाँ साहित्यिक जगत् र पत्रकारिता जगत्मा धेरै नै चासो लिने हुनुहुन्छ र यस क्षेत्रमा प्रकाशित नवीनतम खबरको जानकारी समेत राख्नु हुन्छ” [१३] भन्ने चर्चा गरेका छन् ।
- मनु ब्राजाकीले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **अथक साहित्यसेवी रोचक घिमिरे** शीर्षकमा “साहित्यिक क्षेत्रमा भइरहेका घटनाहरूको विवेचनाप्रति उहाँको सम्पादकीय अझ तीक्ष्ण र चिन्तनशीलतातर्फ उन्मुख गराउने खालका हुन्छन् ” [१४] भन्ने अभिव्यक्ति दिएका छन् ।
- अशेष मल्लले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **रोचक दाइबारे लेख्नु पर्दा** शीर्षक दिएर “गुट-उपगुटभन्दा माथि हुनुहुन्छ उहाँ” [१५] भन्ने टिप्पणी गरेका छन् ।
- बादेपाले रोचक घिमिरे अक्षरको अभिवादन (२०५५) मा **मैले देखेको कुरा लेखेको छु** शीर्षक राखेर “उहाँ जस्ता केही व्यक्ति मात्र उचित ठाउँमा पुगेका भए नेपाली साहित्यले टाक्सिने, ख्याउटे बन्नुपर्ने थिएन” [१६] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- मदनमणि दीक्षितले **सम्झनामा फर्किएका थुँगाहरू** (२०५६)को भूमिकामा **प्रस्तुत संगालो** शीर्षकमा “समाजका सकारात्मक साधु र नकारात्मक दुष्ट दुवै थरीका चरित्रप्रति आफू सर्वथा निस्पृह रही आफ्नो तराजुमा त्यस्ता दुवै पक्षलाई समान

---

१२ शेषराज सिवाकोटी, (सम्पा.) **रोचक घिमिरे अक्षरको अभिवादन** (काठमाडौँ : ज्ञानगुन सहित्यिक प्रतिष्ठान, २०५५), पृ.९३

१३ ऐजन, पृ.१४३,

१४ ऐजन,पृ २०९,

१५ ऐजन,पृ २११,

१६ ऐजन,पृ २४४,

सन्तुलनमा राख्ने न्यायकर्ताको भूमिकालाई आत्मसात् गर्ने उहाँको अपूर्व योग्यताको केही आभास पाइन्छ" [१७] भन्ने उल्लेख गरेका छन् ।

- **सम्झनामा फर्किएका थुँगाहरू** (२०५६) को भूमिकामा मनुजबाबु मिश्रले **तुलिकाको सन्देश** शीर्षकमा "लेखक समसामयिक नेपाली साहित्यका कति गम्भीर पक्षका अध्येता, स्वच्छ व्याख्याता रहेछन्" [१८] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- देवेन्द्र भट्टराईले **सम्झनामा फर्किएका थुँगाहरू** पुस्तक समीक्षा (हिमालय टाइम्स, २०५६ असोज १ शनिबार) मा "इतिहास जीवनी र स्मृतिको रोचक संगालो शीर्षकमा साहित्यिक इतिहासको यो एउटा दस्तावेज नै भएकाले पनि रोचक घिमिरेको नाम भन्दा पनि उनले गरेको कामलाई धन्य मान्नै पर्छ । रोचकको स्मरण क्षमतालाई पनि मान्नै पर्ने हुन्छ" [१९] भन्ने उल्लेख गरेका छन् ।
- मनु ब्राजाकीले **सम्झनामा फर्किएका थुँगाहरू** पुस्तक समीक्षा (हिमाल २०५६ मंसिर १६-१९) मा **सुवासित फूलका थुँगाहरू** शीर्षकमा "चारदशकदेखि साहित्यिक पत्रकारितामा समर्पित अथक साहित्यसेवी" [२०] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- ज्ञानेन्द्र विवशले **सम्झनामा फर्किएका थुँगाहरू** पुस्तक परिचय (कान्तिपुर दैनिक २०५६, पुस २४ मा **साहित्यिक संगतको सँगालो** शीर्षकमा "विगतका सम्झनाहरूलाई शब्दमा उतारी यस किसिमको प्रभावकारी कृतिका लेखक रोचक घिमिरेले दिएका छन् । उनको सम्झना र संस्मरणले साहित्यिक इतिहासलाई नै नयाँ मोड दिएको छ" [२१] भन्ने आशय व्यक्त गरेका छन् ।

---

१७ रोचक घिमिरे, **सम्झनामा फकिएका थुँगाहरू,** साझा प्रकाशन, २०५६, पृ. क,

१८ ऐजन,पृ. ङ,

१९ देवेन्द्र भट्टराई, **इतिहास , जीवनी र स्मृतिको सँगालो** ,हिमालय टाइम्स, दैनिक, २०५३, असोज, १, शनिबार,

२० मनु ब्राजाकी, **सुवासित फूलका थुँगाहरू** हिमाल, २०५६, मंसिर, १६-२९,

२१ ज्ञानेन्द्र विवश, **साहित्यिक सँगतको सँगालो** , कान्तिपुर, दैनिक, २०५६, पुस २४,

- जयदेवले **सम्झनामा फक्रिएका थुँगाहरू** कृति समीक्षा (गोरखापत्र दैनिक, २०५६, माघ ८) मा "साहित्यिक पत्रकारिताको क्षेत्रमा विशिष्ट परिचय स्थापित गराइसक्नु भएका साहित्यिक पत्रकार रोचक घिमिरे विविध विषयमा कलम पनि चलाउनु हुन्छ" [२२] भन्ने उल्लेख गरेका छन् ।
- शाश्वत शर्माले **सम्झनामा फक्रिएका थुँगाहरू** पुस्तक समीक्षा (नेपाल समाचार पत्र, दैनिक २०५७, असार ११ ) मा **रोचकको सम्झनाका रोचक थुँगाहरू** शीर्षकमा "साहित्यिक पत्रकारितामा क्रियाशील रोचक घिमिरेको नेपाली साहित्यमा छुट्टै विशिष्ट स्थान छ" [२३] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।
- देवेन्द्र भट्टराईले (कान्तिपुर कोसेली, २०६० माघ १० शनिबर) मा **रचनादेखि रचनासम्म** शीर्षकमा "इतिहासमा लुकेर बसेको कुनोलाई अधिन्ने पात्र हुन रोचक"[२४] भन्ने मन्तव्य व्यक्त गरको पाइन्छ ।
- देवीप्रसाद सुवेदीले (युगसंवाद साप्ताहिक, २०६१ फागुन ११ मंगलबार) मा **रोचकजी यो यात्रा कहिले सम्म** ? शीर्षकमा "चर्चाको सेरोफेरोमा रोचक घिमिरेमा स्रस्टारूपभन्दा द्रष्टारूप झाँगीएको छ" [२५] भन्ने उल्लेख गरेका छन् ।
- चूडामणि रेग्मीले (ज्ञानगुनका कुरा भाग - १०९, रोचक घिमिरे अङ्क-५, २०६४) मा **जय जुही ! जय रचना** शीर्षक दिएर "व्यक्तिगत कुराभन्दा पनि कृतिगत र आस्थागत कुरालाई महत्त्व दिँदा रोचक घिमिरे प्रगतिशील विचार मन पराउने लेखक र सम्पादक नै गन्नुपर्छ" [२६] भन्ने चर्चा गरेका छन् ।

---

२२ जयदेव, **सम्झनामा फक्रिएका थुँगाहरू** , कृतिसमीक्षा, गोरखापत्र, दैनिक, २०५६, माघ ८,

२३ शाश्वत शर्मा,**रोचकको सम्झनाका रोचक थुँगाहरु** ,नेपाल समाचारपत्र, दैनिक, २०५७, असार, ११,

२४ देवेन्द्र भट्टराई , **रचनादेखि रचनासम्म कान्तिपुर कोसेली**, शनिबार, २०६०, माघ, १०,

२५ देवीप्रसाद सुवेदी, **रोचकजीको यो यात्रा कहिले सम्म ? युग संवाद साप्ताहिक**, २०६१, फागुन, ११, मंगलबार,

२६ शेषराज सिवाकोटी, (सम्पा.) **ज्ञानगुनका कुरा** ,भाग १०९, रोचक घिमिरे, अङ्क ५, (काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६४), पृ. ४,

- रमेश गोर्खालीले (ज्ञानगुनका कुरा भाग १०९, रोचक घिमिरे अङ्क - ५, २०६४) मा **राष्ट्रभाषाका एक महान् साधक रोचक घिमिरे** शीर्षक राखेर "रोचक घिमिरेलाई प्रत्येक नेपालीले संक्षेपतया सहयोगी, उपकारी र उदार व्यक्तित्वका रूपमा पाउने गर्दछन्, यही यिनको मूलभूत विशेषता हो" [२७] भन्ने उल्लेख गरेका छन् ।
- रामप्रसाद दहालले (ज्ञानगुनका कुरा भाग १०९ रोचक घिमिरे अङ्क - ५, २०६४) मा **सभा समारोहका रोचक घिमिरे** शीर्षकमा "नेपाली वाङ्मयको सेवामा समर्पित रोचक घिमिरे अतीतको ऐनामा टल्किएका अनुभूतिका प्रतिबिम्ब हुन्" [२८] भन्ने टिप्पणी गरेका छन् ।
- बद्री पलिखेले (ज्ञानगुनका कुरा भाग १०९ रोचक घिमिरे अङ्क -५, २०६४) मा **रोचक दाइ र रचना** शीर्षकमा "व्यक्तिलाई भन्दा कृतिलाई महत्त्व दिने विरलै मान्छेहरूमा उहाँ एक जना पर्नुहुन्छ" [२९] भन्ने चर्चा गरेका छन् ।
- आर.सी. रिजालले (ज्ञानगुनका कुरा भाग - १०९ रोचक घिमिरे - अङ्क - ५ २०६४) मा **हजुरिया जर्नेल** शीर्षकमा "रोचक स्वयम् स्रस्टा र सिर्जनशील साहित्यकार पनि हुन्" [३०] भन्ने उल्लेख गरेका छन् ।
- रत्नेश्वरी श्रेष्ठको (ज्ञानगुनका कुरा भाग - १०९ रोचक घिमिरे अङ्क - ५ २०६४) मा **साहित्यिक पत्रकारितामा समर्पित साधक** शीर्षकमा "रोचक घिमिरेलाई आजको महत्त्वाकांक्षी समाजमा सीमित साधु पुरुषमध्ये एक भन्दा फरक पर्दैन" [३१] भन्ने चर्चा गरेको पाइन्छ ।

---

२७ शेषराज सिवाकोटी, (सम्पा.) **ज्ञानगुनका कुरा** ,भाग १०९, रोचक घिमिरे ,अङ्क ५, मैतिदेवी, काठमाडौँ : ज्ञानगुन प्रकाशन, २०६४, पृ. ९,

२८ ऐजन, पृ. १०,

२९ ऐजन, पृ. २०,

३० ऐजन, पृ. २३,

३१ ऐजन, पृ ३१,

) छविरमण सिलवालले विक्ली पोष्ट साप्ताहिक वर्ष १, अङ्क २०६५ मंसिर ४ आइतबार) मा **रचनासँगै रोचक यात्रा** शीर्षकमा "समयसँगै पौठेजोरी खेल्दै आफ्नै गाँस काटेर पनि पत्रिका प्रकाशन गरेको अनुभव छ रोचक घिमिरेको " [३२] भन्ने अभिव्यक्ति व्यक्त गरेका छन् ।

## १.७. अध्ययनको क्षेत्र

नेपाली भाषा, साहित्य, लेखन, सम्पादन, नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने बहुमुखी प्रतिभाका धनी रोचक घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्व एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उनले पुऱ्याएको योगदानबारे प्रकाश पार्नु प्रस्तुत शोधपत्रको क्षेत्र रहेको छ ।

## १.८. अध्ययनको सीमा

प्रस्तुत शोध समस्यामा रोचक घिमिरेको जीवनी व्यक्तित्व, कृतित्व, साहित्यिक पत्रकारिता क्षेत्रमा उनले पुऱ्याएको योगदान आदि विविध आयाममाथि प्रकाश पारिएको छ । यस सन्दर्भमा वि.सं.२०६७ सालसम्मका उनका पुस्तकाकार कृतिको सङ्क्षिप्त समीक्षात्मक अध्ययन एवम् कालक्रमिक विवरण दिएर उद्देश्य विषय वैचरिक पक्ष आदिका आधारमा अध्ययन गरिएको छ ।

रोचक घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्व एवम् साहित्यिक पत्रकारिताको खोजी गर्नु नै शोध समस्याको मूल क्षेत्र भएकाले यसमा तत् विषयसित सरोकार राख्ने विषयमाथि प्रकाश पार्ने कार्य गरिएको छ । यसमा कुनै खास कृतिको सूक्ष्म र सर्वपक्षीय अध्ययन विश्लेषण गरिएको छैन ।

---

३२ छविरमण सिलवाल, **विक्लीपोष्ट साप्ताहिक**, वर्ष १, अकं ४, २०६५, मंसिर, २९, आइतबार,

## १.९. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधसमस्यालाई विश्वसनीय, प्रामाणिक एवम् पूर्णता प्रदान गर्ने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि एवम् अन्तर्वार्ता विधिलाई नै मूलतः आत्मसात् गरिएको छ । त्यसका लागि सम्बद्ध पुस्तक पत्रपत्रिकाको अध्ययन गर्दै शोधनायकसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी उपयुक्त सामग्री र सूचना सङ्कलन गरिएको छ । अत : सामग्री सङ्कलन विधि मूलत : प्राथमिक स्रोत र द्वितीयक स्रोतका रूपमा रहेको छ ।

शोधकार्यमा जीवनी र व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति अपनाइएको छ । कृतित्व खण्डका सन्दर्भमा परिचयात्मक र विश्लेषणात्मक पद्धतिलाई मूल आधार बनाइएको छ । समग्र कृतित्वको सङ्क्षिप्त मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्षमा पुग्ने जमर्को गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि देहायबमोजिम अध्याय निर्माण एवम् वर्गीकरण गरिएको छ :

| | | | |
|---|---|---|---|
| क. | अध्याय एक | : | शोध परिचय |
| ख. | अध्याय दुई | : | साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनीको अध्ययन |
| ग. | अध्याय तीन | : | साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्वको अध्ययन |
| घ. | अध्याय चार | : | साहित्यिक पत्रकार रोचक घिमिरेको कृतित्वको विश्लेषण |
| ङ | अध्याय पाँच | : | साहित्यिक पत्रकार रोचक घिमिरेले साहित्यिक पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदानको अध्ययन |
| च. | अध्याय छ | : | उपसंहार एवम् निष्कर्ष |

# अध्याय : दुई

# साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनीको अध्ययन

## २. परिचय

संसारमा जन्मिएका सबै मानिसले समाज, राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रमा योगदान पुऱ्याउन सक्तैनन् । समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा योगदान पुऱ्याउने व्यक्तिको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा जीवनी लेखिन्छ । जीवनी त्यस्ता व्यक्तिहरूको लेखिन्छ जसले राष्ट्र समाज अनि सिङ्गो मानवताका लागि महत्त्वपूर्ण कार्य गर्दछन् । एउटा व्यक्तिले आफ्नो जीवनकालमा भोगेका र उसले दिएका योगदानहरूको उपयुक्त विश्लेषण मूल्याङ्कन गरी लेखिएको रचना नै जीवनी हो । मानिसको जीवनका अनेक पक्ष, आयाम, उतार-चढाव, सफलता आदिनै जीवनी हो । कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको लेखलाई जीवनी भनिन्छ । जीवनी व्यक्ति वृतान्त हो । मानिस जन्मेर उसले जीवन पर्यन्त जे जस्ता कार्यहरू गर्दछ त्यो नै **जीवनचरित्र** वा **जीवनचरित** पनि भनिन्छ ।[३३] व्यक्ति जन्मेर मृत्युपर्यन्त जीवनको अनेकौं आयामनै जीवनी हो ।

## २.१ जन्म र जन्मस्थान

साहित्यिक पत्रकार रोचक घिमिरेको जन्म वि.सं. १९९८ साल, भाद्र ३ गते बुधवारका दिन, पं. सोमनाथ घिमिरे व्यास र माता मोहन कुमारीका सन्ततीका रुपमा जनकपुर अञ्चल रामेछाप जिल्लाको मन्थली स्थित सालु गा. वि. स. वडा नं. ९ मा भएको हो । हाल उनी काठमाडौं महानगरपालिका वडा नं. ५ टङ्गालस्थित गहनापोखरी भन्ने ठाउँमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । [३४]

---

३३ धीरेन्द्र वर्मा, बजे्रश्वर वर्मा, आदि हिन्दी साहित्यकोष, भाग १ (वारणसी : ज्ञानमण्डल लि. इ.१९८५), पृ. ३३५

३४ शोधनायकसँग लिएको अन्तर्वार्ता अनुसार

## २.२ परिवारिक स्थिति

साहित्यिक पत्रकार रोचक घिमिरेका पिता पं. सोमनाथ घिमिरे "व्यास" (वि.सं १९६८ – २०५५) का तीन पत्नी जेठी बालकुमारी घिमिरेतर्फ कोही सन्तान भएनन् भने माहिली मोहन कुमारी तर्फ साहित्यिक पत्रकार रोचक घिमिरे, सुशीला घिमिरे, लक्ष्मी घिमिरे, केशव घिमिरे र घनश्याम कुमारी घिमिरे गरी दुई छोरा र तीन छोरीको जन्म भएको देखिन्छ । कान्छी शारदा घिमिरेबाट माधुरी घिमिरे, रघु घिमिरे, गोविन्द घिमिरे, माधव घिमिरे, प्रभा घिमिरे, राधा घिमिरे, इन्दिरा घिमिरे, सरिता घिमिरे र कान्छो छोरा कुसुम घिमिरे गरी पाँच छोरा र पाँच छोरीको जन्म भएको देखिन्छ । [३५]

पन्ध्रजना सन्तानहरू मध्ये प्रथम सन्तानको रूपमा कान्छी पत्नी शारदा घिमिरेबाट माधुरी घिमिरे हुन् । माहिली मोहन कुमारीतर्फ जेठा छोरा अनि दोस्रो सन्तानका रुपमा साहित्यिक पत्रकार रोचक घिमिरेको जन्म भएको देखिन्छ । साहित्यिक पत्रकार रोचक घिमिरे तेह्र वर्षको हुँदा उनकी माता मोहनकुमारी (वि.सं. १९६७ - २०११) को देहावशान भएको हुँदा उनकी कान्छी मुमा शारदा घिमिरेबाट उनको पालनपोषण भएको देखिन्छ । [३६]

## २.३ पुर्खौली

काश्यप गोत्रका पं. श्रीकान्त शर्मा घिमिरे (वि.सं. १९२८ - २०११) ले साहित्यिक पत्रकार रोचक घिमिरेका बाजेले बनारसबाट संस्कृत भाषामा उच्च शिक्षा हासिल गरी पूर्व २, ३, ४ नम्बर क्षेत्रभरि भागवत् पुराणवाचन गरी प्रसिद्धि कमाउनुका साथै घरमा भोजन र आवाशको व्यवस्था गरी विद्यार्थीहरूलाई संस्कृत शिक्षा प्रदान गरेका थिए । उनका पिता पं. सोमनाथ घिमिरे **व्यास** उपनामले ख्याति आर्जन गरेका थिए । [३७] संस्कृत, हिन्दी बंगाली, नेवारी आदि भाषामा दख्खल राख्ने पं. सोमनाथ घिमिरे **व्यास** पुराणवाचन कलामा निपुण

---

३५ शोधनायकसँग लिएको अन्तर्वार्ता अनुसार

३६ ऐजन,

३७ रामेछाप जिल्लाको साहित्यिक सिंहावलोकन, (मन्थली, रामेछाप जगदीश घिमिरे प्रतिष्ठान, २०६४), पृष्ठ. ८

भएकाले **व्यास** उपनाम सार्थक रहेको देखिन्छ । रामेछापको सालु पाठशालामा केही वर्ष अध्यापक भए पनि मूलतः उनी पुराण कथावाचक र आध्यात्मिक व्यक्तिका रूपमा स्थापित थिए । [३८]

यस्ता महान् आदर्श व्यक्तिका नाति तथा पुत्र रोचक घिमिरेको पुर्खौली थलो जनकपुर अञ्चल, रामेछाप जिल्ला, मन्थली सालु गा.वि.स., गहिराथोक वडा नं. ९ हो । वि.सं. २००३ सालमा तत्कालीन श्री ३ भीमशम्सेरकी बुहारी, जर्नेल रामशम्सेरकी पत्नी समुद्रकुमारी राणा पं. सोमनाथ घिमिरे **व्यास** को पुराण वाचनकलाबाट प्रभावित भएर उनलाई टङ्गाल स्थित गहनापोखरीमा घरजग्गा, गाईगोठ सहित दान दिएकी थिइन् ।[३९] जहाँ हाल काठमाडौं वडा नं. ५ टङ्गाल गहनापोखरीमा उनको स्थायी बसोवास रहेको छ ।

## २.४ बाल्यकाल

जीवनको प्रथम चरण बाल्यकालमा जुनसुकै बालबालिका निश्छल, निश्पाप, निष्कपट हुन्छन् । यो उमेरमा बालबालिकाहरू बालसुलभ आचरण अनुरुप खेलकुद अनि मनोरञ्जनमा रमाउँदछन् ।

रोचक घिमिरेको बाल्यकाल पनि सुखद् नै बितेको देखिन्छ । [४०] **आत्मराम** उनको बाल्यकालको बोलाउने नाम थियो । उनी जेठो छोरा भएकाले परिवारका सम्पूर्ण सदस्यबाट उनले खुवै स्नेहमय वातावरण पाए । उनी तेह्र वर्षको हुँदा उनकी आमा मोहनकुमारीको देहावसान भयो । तत्पश्चात् उनको पालनपोषण उनकी कान्छीमुमा शारदादेवी घिमिरेबाट भयो ।

बालसुलभ खेलमा रमाउने **आत्माराम** अध्ययनमा पनि खुवै रुचि देखाउँथे । पारिवारिक कुशल हेरचाहमा उनको बाल्यकाल सुखद व्यतित भएको पाइन्छ ।

---

३८ रामेछाप जिल्लाको साहित्यिक सिंहावलोकन, (मन्थली, रामेछाप, जगदीश घिमिरे प्रतिष्ठान, २०६४), पृ. १५

३९ नेपाल राष्ट्रिय साप्ताहिक-२०६५, माघ ५ आइतवार, पृ.सं.५३,

४० शोधकर्ताले प्राप्त गरेका जानकारी अनुसार

## २.५ उपनयन

हिन्दू धर्म, संस्कृतिमा उपनयन (व्रतबन्ध) कर्मको आफनै महत्त्व छ । जीवनका विविध संस्कारहरू मध्ये उपनयन (चूडाकर्म)को महत्त्व गहन मानिन्छ । वेद, पुराण र स्मृतिग्रन्थ, अनुरूप धेरै जातिमा यस कर्मको आफनै किसिमको परम्परा रहेको पाइन्छ । ब्राम्हण परिवारमा हुर्किएका साहित्यिक पत्रकार रोचक घिमिरेको सातवर्षको उमेरमा वि.सं. २००५ सालमा उनका माता-पिताले हिन्दूधर्म, संस्कार एवम् परम्परा अनुरूप उपनयन गरिदिएका थिए । [४१]

## २.६ शिक्षादीक्षा

### २.६.१ अक्षरारम्भ

जनताका छोराछोरीलाई शिक्षा दिनु जनतालाई चेतनशील बनाउनु हो, राणाराज्य खत्तमपारी आफूलाई सत्ताच्यूत गराउनु हो भन्ने भावना राख्ने राणाकालमा शिक्षाको त्यति राम्रो विकास नभएको समयमा ब्राम्हण परिवारमा जन्मिएका र आस्था अनुरूप पाँच वर्षको उमेरमा श्रीपञ्चमीको अवसरपारी मातापिताबाट उनलाई अक्षरारम्भ गराइयो । [४२] उनले घरमा नै प्रारम्भिक शिक्षा ग्रहण गर्ने क्रममा पं. वेदवेदान्ती वैकुण्ठनाथ खनालबाट यजुर्वेदको ज्ञानका अतिरिक्त पं. साम्वभक्त शर्मा सुवेदी **मुरारी**द्वारा कौमुदी, अमरकोष, पं. बुद्धिसागर पराजुली, पं. लोकनाथ ढकाल (तत्कालीन राजकीय संस्कृत महाविद्यालय) हाल वाल्मीकि क्याम्पस)का गुरु लगायत पद्मशंकर अधिकारीद्वारा परम्परागत ज्ञान आर्जन गरेको देखिन्छ । [४३]

### २.६.२ विद्यालयीय एवम् उच्चशिक्षा

रानीपोखरी संस्कृत प्रधान पाठशालामा पूर्वमध्यमासम्मको अध्ययन र नन्दीरात्री पाठशालामा पनि अतिरिक्त एक विषय अङ्ग्रेजी विषयमा ज्ञान हासिल गरेका साहित्यिक

४१ शोधकर्ताले प्राप्त गरेको जानकारी अनुसार

४२ ऐजन,

४३ ऐजन,

पत्रकार रोचक घिमिरेले यी परीक्षाहरू तत्कालीन समयमा सन् १९५६ मा राजकीय संस्कृत विश्वविद्यालय वाराणसी (भारत) पछि (सम्पूर्णानन्द विश्वविद्यालय) मा परिणत, भएको त्यही बाट सन् १९५८ मा उत्तर मध्यमा र सन् १९७२ मा विशिष्ट पूर्वमध्यमा अङ्ग्रेजी विषयमा वाराणसे (सम्पूर्णानन्द विश्वविद्यालयमा परिणत, सन् १९७४ मा इलाहवाद यू.पी.(उत्तर प्रदेश) भारतबाट अंग्रेजी विषयमा आई.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले समाजशास्त्र, साहित्यशास्त्र, इतिहासशास्त्र, भूगोल धर्मशास्त्र, राजनीतिशास्त्र जस्ता विषयहरूको गहन स्वाध्यायन गरी आफ्नो ज्ञानको क्षितिज बृहत्  पार्ने कार्य गरेको देखिन्छ ।[४४]

## २.७ दाम्पत्य जीवन र परिवारिक अवस्था

रोचक घिमिरेको विवाह मेची अञ्चल ताप्लेजुङ जिल्ला केनिम गा.वि.स.का महाजन कहलाएका घृतकौशिकी गोत्रका बराल थरका गेहनाथ बराल र भीमनाथ बराल दुई दाजुभाइ मध्ये भाइ भीमनाथ बरालकी सुपुत्री सुस्मिता बरालसँग वि.सं. २०२३, वैशाख २८ गते भएको थियो । [४५]

यी बराल दाजुभाइले मेदीबुङ, ताप्लेजुङमा बालसुवोधिनी संस्कृत विद्यालय खोल्न प्रमुख भूमिका खेलेका थिए । त्यसै विद्यालयमा डा. तुलसी भट्टराई, डा. हरिराज भट्टराई र मदन भण्डारीले प्रारम्भिक शिक्षा हासिल गरेको जानकारी मिल्दछ । [४६] साहित्यिक पत्रकार रोचक घिमिरेका सुधीर घिमिरे र प्रतीक घिमिरे दुई छोरा छन् । [४७] जेठा छोरा सुधीर घिमिरे स्नातकसम्मको औपचारिक शिक्षा हासिल गरी आफ्नै स्वतन्त्र व्यवसाय गर्दै आएका छन् । उनी चित्रकलामा पनि उत्तिकै रुचि राख्दछन् । उनकी पत्नी आशा घिमिरे बाट एक पुत्र श्वाश्वत घिमिरेको जन्म भएको देखिन्छ । कान्छा छोरा प्रतीक घिमिरे कानुन विषयमा स्नातक

---

४४ शोधकर्ताले प्राप्त गरेका जानकारी अनुसार,

४५ ऐजन,

४६ ऐजन,

४७ शोध नायककी पत्नीसँगको अन्तर्वार्ता  अनुसार

र समाजशास्त्रतर्फ स्नातकोत्तर सम्मको औपचारिक शिक्षा हसिलगरी आफ्नै स्वतन्त्र कानुन व्यवसाय गर्दै आएका छन् । पत्रकारिता विषयमा पनि रुचि राख्ने प्रतीक घिमिरे समसामयिक लेख-रचना लेख्ने कविता गीत रचना गर्ने सोख राख्दछन् । बी.बी.सी. नेपाली सेवाको परिवार नियोजन सम्बन्धी कविता प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल प्रतीक घिमिरेको

**धर्म छैन जात छैन भेष कुनै छैन**

**एड्स रोगले नगाँजेको देश कुनै छैन ।**

बोलको गीतमा न्यूह बज्राचार्यको संगीतमा रामकृष्ण ढकालले स्वर प्रदान गरेका छन् । [४८]
दुवै दाजुभाइ मिलेर **रचना** पत्रिकाको व्यवस्थापन सम्हाल्दै आएका छन् ।

## २.८ राजनीतिक जीवन

दश एघार वर्षको उमेरमा वि.सं. २००७ सालको जनक्रान्ति र प्रजातन्त्रको प्राप्ति देखेका साहित्यिक पत्रकार रोचक घिमिरेले राजनीतिमा खासै दिलचस्पी दिएको देखिदैन । प्रजातन्त्रका पक्षधर, स्वतन्त्र विचार व्यक्त गर्ने घिमिरेले राजनीतिक क्रियाकलापमा कहिले पनि सक्रिय भूमिका निर्वाह नगरे तापनि आफ्नो स्वतन्त्र विचार व्यक्त गर्दै राजनीतिज्ञहरूलाई स्वच्छ रहन र राष्ट्रोन्नतिमा निस्वार्थ भएर लाग्न आफ्ना लेख रचना मार्फत घच्घच्याइ रहेको पाइन्छ । [४९]

## २.९ आजीविका र पेशा

मानिसले जीवन निर्वाहका लागि विभिन्न क्षेत्रमा संलग्न भई कार्य गर्दछ । यस क्रममा कसैले व्यापार कसैले जागिर र कसैले विभिन्न आय आर्जनका उपायहरू अपनाउने गर्दछन् । साहित्यिक पत्रकार रोचक घिमिरेले भने आफ्नो जीवनमा आयआर्जनका लागि न त जागिरे जीवन रोजे न त व्यापार व्यवसायलाई अपनाए । नेपाली भाषा साहित्य एवम् साहित्यिक पत्रकारिताको संवर्द्धन संरक्षणमा उनी सदा तल्लीन भएर लागिरहेका छन् । [५०]

---

४८ शोध नायकका पुत्रहरूसँगको अन्तर्वार्ता अनुसार

४९ शोधनायकसँगको अन्तर्वार्ता अनुसार

५० ऐजन,

## २.१० आर्थिक अवस्था

रामेछापमा रोचकघिमिरेका हजुरबुबाका पालादेखि नै प्रशस्त जग्गा जमिन भएका सम्पन्न ब्राम्हण परिवार भएकाले विद्याआर्जन गरेर पाठशालामा पढाउने, कर्म-काण्ड गर्ने सप्ताह, पुराण वाचन गरेर हिंडने भएकै कारण उनका बाजे एवम् पिता सम्पन्न परिवारमा गनिन्थे । बाबुबाजेले आफ्नो पौरखले आर्जन गरेको सम्पत्तिलाई संरक्षण गरेर त्यसबाट असलकार्य गर्नु साहित्यिक पत्रकार रोचक घिमिरेको ध्येय बनेको देखिन्छ । [५१]

हाल काठमाडौँ महानगरपालिका वडा नं. ५ स्थित टङ्गाल, गहनापोखरीमा स्थायी रुपमा बस्दै आएका साहित्यिक पत्रकार रोचक घिमिरेका दुई छोरा सुधीर घिमिरे र प्रतीक घिमिरे आ-आफ्नै पेशामा लागेकाले उनी सुखपूर्वक आफ्नो जीवन व्यतीत गरिरहेका देखिन्छन् ।[५२]

## २.११ रुचि तथा स्वभाव

मानिसको रुचि तथा स्वभावबाट उसको व्यक्तित्व पहिचान गर्न मद्दत मिल्दछ । कुनै पनि व्यक्तिको रुचि तथा प्रवृत्तिद्वारा उसले समाजमा आफ्नो अलग्गै पहिचान बनाएको हुन्छ । साहित्यिक पत्रकार रोचक घिमिरेमा सरल, मिलनसार एवम् निडर, स्वाभिमानी स्वभाव देखिन्छन् । विशेषगरी आफ्नो कार्यमा तल्लीन रहने एकान्तप्रेमी एवम् अध्ययनशील स्वभावका उनी सुमधुर गीत-संगीत सुन्न, साहित्यिक सूचनामूलक पत्रपत्रिका पढ्न, समाचार सुन्न प्राकृतिक स्थलहरूको भ्रमण गर्नमा रुचि राख्दछन् । [५३] नेपाली खाना मीठो मानेर खाने सादा पोशाक पहिरन मन पराउने धर्ममा आस्था राख्ने, नित्य पूजापाठ गर्ने, सादा-जीवन उच्चविचारमा विश्वास राख्ने साहित्यिक पत्रकार रोचक घिमिरे सत्य, न्याय स्वतन्त्रतामा आस्था राख्ने स्वाभिमानी नागरिक हुन् ।

---

५१ शोधनायकसँगको अन्तर्वार्ता अनुसार

५२ ऐजन,

५३ ऐजन,

## २.१२ सिर्जनात्मकता

मानिसभित्र अनेक किसिमका अन्तर्निहित प्रतिभा रहेको हुन्छ । उपयुक्त वातावरण पाएको अवस्थामा त्यो प्रतिभाले प्रस्फुटन हुने अवसर प्राप्त गर्दछ । विभिन्न व्यक्तिमा विभिन्न खाले प्रतिभा हुन्छ । कसैलाई नाच्ने, गाउने , कसैलाई साहित्य रचना गर्ने त कसैलाई चित्र कोर्ने आदि-आदि यस्तै अनेक किसिमका अन्तनिर्हित मौलिक कार्य गर्न सक्ने दक्षता र क्षमतालाई नै  सिर्जनात्मकता भन्नु उपयुक्त हुन्छ । यहाँ साहित्यिक पत्रकार रोचक घिमिरेमा भएका अन्तनिर्हित सिर्जनात्मकतालाई प्रस्ट पार्ने जमर्को गरिएको छ ।

### २.१२.१ साहित्यिक प्रेरणा र प्रभाव

मानिसको जीवनमा अनेक किसिमको मोड प्रतिमोड आउने गर्दछ । जीवनमा घटेका अनेकौं घटनाबाट मानिसले हर्ष, खुसी, मिलन, दुःख , विस्मात्, आँसु, विछोड आदिको भोगाइसँगै अनुभव गर्न थाल्दछ । प्रकृतिको विविध विधानसँग परिचित हुँदै उसले जीवनको अनुभव हासिल गर्छ तर कुशल सर्जकले आफ्नो मनोभावलाई साकार रूप दिन्छ र आफूमा भएको सिर्जनात्मकता प्रदर्शन गर्न थाल्दछ । साहित्यिक पत्रकार रोचक घिमिरेलाई पनि साहित्यिक पत्रकारिता र भाषा साहित्यिमा लाग्ने प्रेरणा उनकै परिवारिक माहोलबाट मिल्यो । उनको घरको वातावरण साहित्यिक थियो । उनका पिताजी र उहाँका मित्रहरू साहित्यिक रुचिका हुनुहुन्थ्यो ।[५४]

साम्वभक्त सुवेदी **मुरारी**, लक्ष्मीप्रसाद देवकोटा, मधूसूदन देवकोटा, हृदयराज शर्मा, योगी नरहरिनाथ, बुद्धिसागर पराजुली, जनकलाल शर्मा जस्ता व्यक्तिहरू उनको घरको कोठामा उनका पिताजीसँग कविताबाचनमा साहित्य चर्चामा, इतिहास, संस्कृति, धर्म चिन्तनमा मग्न भएको देखेका साहित्यिक पत्रकार रोचक घिमिरेको बालमस्तिष्कमा केही नघुसेता पनि त्यही वातावरणबाट उनी प्रेरित भएको पाइन्छ ।

उनको घरमा **गोरखापत्र**, **शारदा**, **साहित्यस्रोत**, **पुरुषार्थ**, **उदय**, **उद्योग** जस्ता नेपाली साहित्यिक पत्रिकाका साथै **सरस्वती**, **गङ्गा**, **चाँद**, **सुधा**, **वेङ्कटेश्वर**, **कल्याण** आदि हिन्दी

---

५४ शोधनायकसँगको अन्तर्वार्ता अनुसार

पत्रिका हुने गर्थे । उनका पिता ती पत्रिकाका पाठक हुनुहुन्थ्यो । भाव नबुझे तापनि ती पत्रिकामा भएका चित्र हेर्ने लोभका कारण पत्रिका हेर्ने बानी साहित्यिक पत्रकार रोचक घिमिरेमा बस्यो ।[55]

पत्रपत्रिका हेर्ने रुचि विस्तारै जाग्दै गएको बानीले केटौले उमेरका रोचकले त्यसताकाको दैनिक पत्रिका **कल्पना** र **हालखबर** नियमित पढन थाले । **कल्पना**का सम्पादक तारिणीप्रसाद कोइरालाको सम्पर्क र उनकै करले वि.सं. २०१५ साल, आषाढमा **कल्पना** पत्रिकामा **चुनाव हुँदैन** शीर्षकको लेख प्रकाशित गरेर लेखन कार्यमा उनी देखा परे । [५६]

## २.१२.२ लेखन कार्य र प्रकाशित लेख रचना एवम् कृति

साहित्यिक पत्रकार रोचक घिमिरेले नेपाली भाषा, साहित्यको क्षेत्रमा स्रष्टा अनि सम्पादक भएर उल्लेखनीय कार्य गरेको पाइन्छ । वि.सं. २०१५ साल आषाढमा **कल्पना** दैनिकमा **चुनाव हुँदैन** शीर्षक लेख लेखेर लेखन यात्रा आरम्भ गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले विभिन्न पत्रपत्रिकामा लेख एवम् निबन्ध प्रकाशित गरी आफ्नो साहित्ययात्रालाई अगाडि बढाउँदै लगेको पाइन्छ । [५७]

उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित, पाइए सम्मका लेख निबन्धको सूची

**साहित्यिक पत्रकार रोचक घिमिरेका फुटकर लेख-रचनाहरूको सूची**

| **क.सं.** | **लेख रचनाको शीर्षक** | **प्रकाशन भएको पुस्तक पत्रिका** | **विधा** | **प्रकाशन मिति** |
|---|---|---|---|---|
| १ | चुनाव हुँदैन ! | कल्पना दैनिक | लेख | ३-१७-३-२०१५ |
| २ | यो के हो ? | हालखबर | लेख | २-८-८-२०१६ |
| ३ | भौतिक कमाइलाई म तुच्छ सम्झन्छु | समष्टि द्वैमासिक | लेख | पुष-माघ २०४५ |
| ४ | साहित्यिक पत्रकारिता र नयाँ प्रेशनीति | गोरखापत्र दैनिक | लेख | २४-९-२०४७ |
| ५ | नेपाली कविता र कवि | ने.रा.प्र.प्र.(सुवर्ण | भूमिका | २०५० |

55 शोधनायकसँगको अन्तर्वार्ता अनुसार

५६ ऐजन,

५७ ऐजन,

| | | | | |
|---|---|---|---|---|
| | ग्वाइनको सुवर्ण पल्लव | पल्लव) | | |
| ६ | आफ्नै साधनाले आलोकित भएका कलाकार | एउटा कथाको कथाकार मनुज बाबू मिश्र | भूमिका | १-१-२०५२ |
| ७ | आनन्दमय आकाशमा विचरण गर्दा | आनन्दमय आकाश | भूमिका | २०५३ |
| ८ | महाकविका काव्यिक समालोचना र ओझेल परेका शोभाचन्द्र खनाल | मधुपर्क | लेख | भाद्र- २०५५ |
| ९ | हास्य व्यङ्ग्यको स्वादिलो चास्नी पस्कने जयराम | द्यौसी भैलो | भूमिका | १-८-२०५५ |
| १० | गुणवत्तामा पनि उलेख्य रहेको व्यङ्ग्य कृति | तिमी नरहे देश डुब्न्या छ | भूमिका | पौष २०५६ |
| ११ | सानो तर पोषिलो गुदी भएको यो परिचय | मेरो परिचय | भूमिका | २०५७ |
| १२ | बिटुलिएका अगाडि एक्ला चोखा वासुदेव | बढार कुँडार | भूमिका | २३-५-२०५७ |
| १३ | संघर्ष र कार्यशीलताका अनुपम उदाहरण रामचन्द्र गौतम | गोरखापत्र दैनिक | लेख | २१-११-२०६० |
| १४ | प्रतिभाले चुलिएका स्रष्टा धुस्वाँ सायमी | उपन्याससम्राट धुस्वां सायमि-जीवन यात्रा | संस्मरण | २०६१ |
| १५ | स्रष्टाहरूको उर्वरभूमि मकवानपुर | साहित्य संगालो | लेख | वैशाख २०६२ |
| १६ | पत्रकारितामा वादेपाको सम्झना | कान्तिपुर दैनिक | लेख | ५-७-२०६२ |
| १७ | दक्षकला समीक्षक र कुशल सम्पादन शिल्पी | ललितकला द्वैमासिक | जीवनी | २०६३ |
| १८ | सम्पादक | युगान्तर चौमासिक | कविता | भाद्र - २०६३ |
| १९ | अन्तिम क्षणहरूमा हास्यदेव वासुदेव | फिल्कौली मासिक | संस्मरण | फागुन - २०६३ |
| २० | ऊर्जाशील स्रष्टाका मोहक निबन्ध | म र मेरो परम्परा | भूमिका | २०६३ |
| २१ | उसको मृत्युमा | आवाज | कविता | |
| २२ | बुलाकी (हास्य कविता) | जुही | कविता | |
| २३ | संघर्षबाट खारिँदै चम्किएका नक्षत्र वासुदेव लुइँटेल | युवामञ्च | जीवनी | कार्त्तिक - २०६३ |
| २४ | पुराणवाचक पण्डित कविशिरोमणि लेखनाथ | मधुपर्क | जीवनी | पुष - २०६३ |

| | | | | |
|---|---|---|---|---|
| | पौड्याल का केही सम्झना | | | |
| २५ | पुस्तक र पुस्तक पाचन प्रवीणता | मिर्मिरे मासिक | निबन्ध | असार - २०६४ |
| २६ | नाटकीय स्वभावका संगीत शिल्पी (रत्नदास प्रकाश) | मिर्मिरे मासिक | जीवनी | वैशाख - २०६५ |
| २७ | घोडाबाट पछारिए कर्णेल बुढा | नवप्रज्ञापन त्रैमासिक | संस्मरण | वैशाख-असार २०६५ |
| २८ | सावित्री प्रकाशनको अनुद्घाटित कथा | सावित्री | भूमिका | ते.सं. भाद्र २०६५ |
| २९ | एउटा सार्थक शोक श्रद्धान्जलि | शोक श्रद्धान्जलि | भूमिका | २३-५-२०६५ |
| ३० | नेपाली साहित्यिक पत्रिका र साहित्यिक पत्रकारिता | विश्वग्राम | लेख | असोज - २०६५ |
| ३१ | महाकविको गोप्य तमसुक | मधुपर्क | लेख | कर्तिक - २०६५ |
| ३२ | कवि शिरोमणिको दारीरहस्य | नेपाल | संस्मरण | १-५-१०-२०६५ |
| ३३ | विद्वताका अथाह सागर मदनमणि दीक्षित | शब्दसिन्धु त्रैमासिक | जीवनी | वैशाख - असार २०६६ |
| ३४ | पराजुलीका सार्थक सम्पादकीयहरू | कृष्णप्रसाद पराजुली साहित्य र साधना | लेख | २४-असार २०६६ |
| ३५ | पागलको परिमार्जन र महाकविप्रति मनपर्दी | मधुपर्क मासिक | लेख | कर्तिक २०६६ |
| ३६ | यस्ता थिए साथी रमेश विकल | मधुपर्क मासिक | संस्मरण | पौष - २०६६ |
| ३७ | शरदचन्द्र शर्मा भट्टराईको माध्यामिक गद्याख्यान | ने.रा.प्र.प्र. समकालिन साहित्य | समीक्षा | |
| ३८ | मदन पुरस्कारको महत्ता र सही शब्द | रचना द्वैमासिक | समीक्षा | पूर्णाङ्क ६०, पुष-माघ २०५२ |
| ३९ | तराई जनजीवनको यथार्थ तस्वीर (अलिखित उपन्यास) | रचना द्वैमासिक | समालोचना | पूर्णाङ्क ४१, भदौ-असोज २०४१ |
| ४० | साहित्यकार परिचय र अभिव्यक्तिलाई केलाउँदा | मधुपर्क मासिक | समीक्षा | पूर्णाङ्क ३५३, मङ्सीर २०५५ |
| ४१ | मन र मथिङ्गल झक्झक्याउने निबन्ध कृति | रचना द्वैमासिक | समीक्षा | पूर्णाङ्क ६८, पुष-माघ २०५६ |
| ४२ | गहनज्ञान र कौतुकी कल्पनाको चास्नी | रचना द्वैमासिक | समीक्षा | पूर्णाङ्क ७०, असोज-कार्तिक २०५७ |
| ४३ | नेपाली साहित्याकासका पूर्वेली चहक | ज्ञानगुन प्रकाशन | लेख | |
| ४४ | नव संस्कृतिको संरचना आजको खाँचो | समष्टि द्वैमासिक | लेख | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | नेपाली भाषा साहित्यका कुडके ढुङ्गा | रचना द्वैमासिक | लेख | पूर्णाङ्क ४०, कार्तिक-मंङ्सीर २०४० |
| ४६ | मानवीय स्थितिका सूक्ष्म अध्येता सोलोखोभ | रचना द्वैमासिक | लेख | पूर्णाङ्क १३, माघ -फागुन २०२२ |
| ४७ | यारोस्लाभ साइफर्ट र नोबेल पुरस्कार | रचना द्वैमासिक | लेख | पूर्णाङ्क ४२, कार्तिक-मङ्सीर २०४१ |
| ४८ | क्लदसेमोन र नोबेल पुरस्कार | रचना द्वैमासिक | लेख | पूर्णाङ्क ४६, पुष-माघ २०४२ |
| ४९ | माधव घिमिरेका सम्पादकीय आलेख | कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ | लेख | असोज-२०६० |
| ५० | मायालु बतास अनि रङ्गहरूको मादक स्पर्श र चहक | रचना द्वैमासिक | समीक्षा | भदौ-असोज-२०६६ |
| ५१ | महाकविका भूमिका | रचना द्वैमासिक | समीक्षा | पौष-माघ-२०६६ |
| ५२ | स्मृति विम्बका विजयमल्ल | विजय मल्ल स्मृति | संस्मरण | २०६६ |
| ५३ | अन्तर्मनको यात्रा विषयक यो सारपूर्ण अन्तर्मन्थन | अन्तर्मन्थन | सम्पादकीय (भूमिका) | २०६७ |
| ५४ | ‘मधुपर्क’ नेपाली वाङ्मयको अभिन्न अङ्ग | मधुपर्क | लेख | पूर्णाङ्क ५००, माघ २०६७ |
| ५५ | साहित्यिक पत्रकारिताको विकास र लोकतन्त्र | नयाँ नेपालको नयाँ सञ्चार, रा.स.स. स्वर्णमहोत्सव ग्रन्थ | लेख | फागुन २०६७ |
| ५६ | ‘गोरखापत्र’मा साहित्यिक पत्रकारिता | गोरखापत्र | लेख | २४ वैशाख, २०५९ |
| ५७ | साहित्यिक पत्रकारिताका विलक्षण कमाण्डर | ज्ञानज्ञुनका कुरा | लेख | २०५९ |
| ५८ | व्यवहारमा पनि विनोदी विश्व शाक्य | जुही | लेख | पूर्णाङ्क ५४, पुष, माघ, फागुन २०६२ |
| ५९ | नेपाली साहित्यिक पत्रकारिता अतीत र वर्तमान | प्रेसकाउन्सील बीसौं प्रतिवेदन | लेख | २०५१-२०५२ |
| ६० | नेपाली साहित्यिक पत्रकारिता वर्तमान परिप्रेक्षमा | प्रेसकाउन्सील एक्काइसौं प्रतिवेदन | लेख | २०५२-२०५३ |
| ६१ | साहित्यिक पत्रकारिता आफैंपनि सङ्कटमा | प्रेसकाउन्सील बाइसौं प्रतिवेदन | लेख | २०५३-२०५४ |
| ६२ | प्रेसकाउन्सीलमा गोपाल दाइको अविस्मरणीय भूमिका | गोरखापत्र | लेख | २०५५-७-२८ |

| | | | | |
|---|---|---|---|---|
| ६३ | सम्झनामा बाँचिरहेका ठूल्दाइ | पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ | संस्मरण | २०६१ |
| ६४ | बनारसी मिठाई र कलकत्ताको बास्ना | कान्तिपुर दैनिक कोपिला | संस्मरण | २०६३-८-८ |

## साहित्यिक पत्रकार रोचक घिमिरेका प्रकाशित कृतिहरूको सूची

| क्र.सं. | कृति | विधा | प्रकाशन मिति |
|---|---|---|---|
| १ | रचना द्वैमासिक सम्पादन प्रकाशन | साहित्यिक पत्रिका | २०१८ हालसम्म |
| २ | भैरव पुरस्कार गुठी स्मारिका - (सम्पादन) | स्मारिका | २०४६ हालसम्म |
| ३ | अनुसन्धान भित्रको अनुसन्धान (सम्पादन) | समसामयिक राजनीति | २०५१ |
| ४ | प्रेसकाउन्सिल वार्षिक प्रतिवेदन-(सम्पादन) | पत्रकारिता लेख | २०५२-२०५५ |
| ५ | सम्झनामा फक्रिएका थुँगाहरू | निबन्ध सङ्ग्रह | २०५६ |
| ६ | कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ-(सम्पादन) | ग्रन्थ | असोज २०६० |
| ७ | घ.च. गोतामे सम्झनाका पाइलाहरू-(सम्पादन) | ग्रन्थ | २०६४ |
| ८ | किसान व्यवस्थित सिंचाइ प्रवर्द्धन गुठी, चिनारी | पुस्तिका | २०५८ |

## २.१३ सम्मान तथा पुरस्कार

सम्मान तथा पुरस्कार त्यस्तो प्रेरक तत्त्व हो जसले सर्जकलाई अझ आफ्नो कार्यमा तल्लीन भएर लाग्न र अझ उत्कृष्ट नतिजा ल्याउन, अझ नयाँ-नयाँ उत्कृष्ट कृति रचना गर्ने प्रेरणा एवम् हौसला प्रदान गर्दछ । सम्मान, पुरस्कार दिने परम्परा प्रचलनबाट व्यक्तिमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने कार्यमा प्रेरक तत्त्वको कार्य गर्दछ ।

नेपाली भाषा, साहित्य र साहित्यिक पत्रकारिताको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने साहित्यिक पत्रकार रोचक घिमिरे निम्न-लिखित सम्मान पुरस्कारबाट सम्मानित भएको पाइन्छ ।

## साहित्यिक पत्रकार रोचक घिमिरेले प्राप्त गरेका सम्मान पुरस्कारको सूची

| क्र.सं. | पुरस्कारको स्वरूप | पुरस्कार प्रदान गर्ने संस्थान | विधागत संलग्नता | साल |
|---|---|---|---|---|
| १. | भवानी साहित्यिक पत्रकारिता पुरस्कार | साहित्यिक पत्रकार संघ | पत्रकारिता | २०४३ |
| २. | शिक्षा मन्त्रालय पुरस्कार | शिक्षा मन्त्रालय | " | २०४५ |
| ३. | ने.रा.प्र.प्र.साहित्यिक पत्रकारिता पुरस्कार | ने.रा.प्र.प्र. | " | २०५४ |
| ४. | उत्तमशान्ति पुरस्कार | उत्तम पुरस्कार गुठी | " | २०५६ |
| ५. | लक्ष्मीकार्की साहित्यिक पत्रकारिता पुरस्कार | चतकी कार्की प्रतिष्ठान | " | २०५८ |
| ६. | प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार | प्रेस काउन्सिल नेपाल | " | २०५९ |
| ७. | सम्मान | वीरगञ्ज साहित्य परिषद-पर्सा | " | २०५९ |
| ८. | अभिनन्दन | साहित्य सङ्गम मकवानपुर | " | २०६० |
| ९. | अभिनन्दन | सुदूर पश्चिमाञ्चल साहित्यिक सांस्कृतिक महोत्सव | " | २०६२ |
| १०. | सम्मान | विशाल नगर पुस्तकालय | साहित्य सेवा | २०६३ |
| ११. | सम्मान | सुनकोसी साहित्य प्रतिष्ठान | " | २०६४ |
| १२. | सम्मान | शंकर्षण व्यास सताव्दी उज्जैन भारत | " | २०६४ |
| १३. | कृतज्ञता पत्र | सयपत्री प्रतिष्ठान-नेपाल, जनगाल काभ्रे | " | २०६४ |
| १४. | विष्णुपुष्पा साहित्यिक पत्रकारिता पुरस्कार | शिवपुरी साहित्य समाज | " | २०६५ |
| १५. | बन्धुपन्त पत्रकारिता पुरस्कार | पन्त स्मृति प्रतिष्ठान | " | २०६५ |
| १६. | अनमोल ज्योति सम्मान | अनमोल ज्योति विद्यालय | " | २०६६ |
| १७. | महाकवि देवकोटा शताब्दी सम्मान | महाकवि देवकोटा शताब्दी महोत्सव | " | २०६६ |
| १८. | आदर पत्र | झर्रोवादी वरिष्ठ | " | २०६६ |

| | | | | |
|---|---|---|---|---|
| | | साहित्यकार चूणमणि रेग्मी अभिनन्दन तथा नेपाली वर्ण विन्यास विचार गोष्ठी समारोह-२०६६, झापा | | |
| १९ | कदरपत्र | अभिनव साहित्य समाज, काठमाडौं | साहित्य सेवा | २०६७ |
| २० | कदरपत्र | अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, काठमाडौं | " | २०६७ |

## २.१४ भ्रमण

आन्तिरक एवम् वाह्य भ्रमणबाट सर्जकको सिर्जनामा नवीन-नवीन प्रभाव पर्दछ । राष्ट्रिय - अन्तर्राष्ट्रिय विविध साहित्यिक सेमिनारहरूमा भागलिने क्रममा रोचक घिमिरेले भारत , बङ्गलादेश , चीन , हङ्कङ आदि देशहरूको भ्रमण गर्ने अवसर प्राप्त गरेका छन् ।

## २.१५ सामाजिक क्षेत्रमा संलग्नता र कार्य

आफ्नो व्यवहार घरायसी समस्याहरूलाई चटक्क छाडी रोचक घिमिरेले विभिन्न सामाजिक संघ संस्था एवम् समिति-उपसमितिमा विभिन्न पदमा रही उपलब्धिमूलक कार्य गरेर उनले सामाजिक देन दिएको देखिन्छ । उनको संलग्नता रहेको सङ्घ-संस्थाहरू निम्नानुसार रहेका छन् :

### सामाजिक क्षेत्रमा संलग्नता र कार्य

| क्र.सं. | संलग्न सामाजिक संस्था | पद | मिति |
|---|---|---|---|
| १. | नेपाल पत्रकार महासंघ | सदस्य | २०३६ हालसम्म |
| २. | भैरव पुरस्कार गुठी | संस्थापक सदस्य | २०४६ हालसम्म |
| ३. | प्रेस काउन्सिल नेपाल | सदस्य | २०५१-२०५५ |
| ४. | विशालनगर पुस्तकालय | सल्लाहकार | २०५१ हलसम्म |
| ५. | साहित्यिक पत्रकारिता विकास उपसमिति, साहित्यिक पत्रकार संघ | संयोजक | २०५८-२०५९ |
| ६. | सिस्नुपानी नेपाल | सल्लाहकार | २०५९-२०६२ |
| ७. | जनसरोकार समाज | संस्थापक सदस्य | २०६१ हालसम्म |
| ८. | विशालनगर हाँडीगाउँ सम्पदा | उपाध्यक्ष | २०६३ हालसम्म |

| | | | |
|---|---|---|---|
| | समाज | | |
| ९. | नेपाल साहित्यिक पत्रकार संघ | अध्यक्ष | २०६४ हालसम्म |
| १०. | रमेश विकल साहित्य प्रतिष्ठान | अध्यक्ष | २०६४ हालसम्म |
| ११. | वासुदेव विद्यादेव लुइँटेल पुरस्कार गुठी | अध्यक्ष | २०६५ हालसम्म |
| १२. | भैरव पुरस्कार गुठी | अक्ष्यक्ष | २०६६ हालसम्म |

## २.१६ जीवनको अविस्मरणीय घटना

साहित्यिक पत्रकार रोचक घिमिरे सात, आठ वर्षको छँदा उनको घरमा डेरागरी बस्ने पुण्यप्रसाद भट्टराईकी छोरी भवानी इनार भित्र खसेकी र उनलाई दोष दिई सबैको पिटाइ खानु परेको आफूले नगरेको काममा दोषी हुनु परेकोमा उनले दुखेसो पोखेका छन् ।

यसैगरी कलकत्तामा बस्नुहुने पिताजीलाई भेटेर बनारस दिदी भिनाजु कहाँ जाने क्रममा कलकत्ता हावडा हुँदै बनारस जाँदा मुगलसराय स्टेसन सम्म हिन्दी चलचित्रका प्रसिद्ध अभिनेता बलराज सहानीसँग भेट र कुराकानी गरेको र सँगै खाजाखाएको घटना उनको जीवनको अविस्मरणीय घटना बनेको उनी व्यक्त गर्दछन् ।

## २.१७ जीवनदर्शन

निष्काम कर्म गर्न चाहने साहित्यिक पत्रकार रोचक घिमिरेमा गीतादर्शनको बढी प्रभाव परेको पाइन्छ । धर्ममा भन्दा कर्ममा बढी विश्वास राख्ने साहित्यिक पत्रकार रोचक घिमिरे विश्व एक घर र सबै मानिसहरू यस घरको परिवार मान्छन् तसर्थ सबै एक आपसमा मिलेर बस्नु पर्ने अनि संसारलाई सुन्दर बनाउनु पर्ने धारणा व्यक्त गर्दछन् ।

ठूलो-सानो जाति-पातिको भेदभावबाट मुक्त सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक स्वतन्त्रता र समानता हुनुपर्छ भन्ने धारणा उनको रहेको छ । अरूप्रति , दया सेवाको भावना राख्ने शान्त स्वभावका साहित्यिक पत्रकार रोचक घिमिरेको जीवनदर्शन मानवतावादी एवम् विश्व बन्धुत्वको भावनाबाट प्रेरित भएको पाइन्छ ।

## २.१८ निष्कर्ष

जीवनको उनान्सत्तरीऔं बसन्त पार गरिसकेका साहित्यिक पत्रकार रोचक घिमिरेले समयको छालसँगै जीवनसँग सम्झौता गर्दै जीवनमा आइपरेका चुनैती कठिनाइसँग सामना गरेर नेपाली साहित्य साधनामा आफ्नो जीवन समर्पण गरेका छन् । मध्यमा र अङ्ग्रेजीमा आई. ए. सम्मको औपचारिक शिक्षा हासिल गरे तापनि स्वाध्यनबाट आफ्नो ज्ञानको क्षितिजलाई विस्तृत पारी नेपाली साहित्य र साहित्यिक पत्रिकाका अनवरत सेवा गरी समाज र राष्ट्रको सेवा गर्ने साहित्यिक पत्रकार रोचक घिमिरे विभिन्न सामाजिक एवम् साहित्यिक सङ्घ संस्थासँग आवद्ध रहेर सामाजिक एवम् साहित्यिक सेवामा तल्लीन रहेका छन् ।

वि.सं. २०१५ साल, आषाढ महिनामा **कल्पना** दैनिक पत्रिकामा **चुनाव हुँदैन** शीर्षकको लेख जी. एन. रोचक (घनानाथ) नामबाट प्रकाशित गरी साहित्यक्षेत्रमा पदार्पण गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले वि.सं. २०१८ साल देखि चौमासिक रूपमा प्रकाशित **रचना** द्वैमासिक रूपमा सम्पादन एवम् प्रकाशन गरी १११ अङ्कमा पुऱ्याउने श्रेय आर्जन गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले नेपाली साहित्य एवम् साहित्यिक पत्रिका क्षेत्रमा अमूल्य योगदान पुऱ्याएका छन् ।

आजीवन जागिरे जीवन, राजनीतिबाट टाढा रहे तापनि राजनीति क्षेत्र एवम् देशको अन्यक्षेत्रमा देखिएका विकृति विसंगतिलाई औंल्याएर सही मार्ग दिग्दर्शन गर्ने घिमिरे सादा जीवन उच्च विचार राख्ने जात , धर्म , लिङ्ग, भाषा , भूगोल आदिको भेदबाट माथि उठी मानवता एवम् बन्धुत्वको भावना राख्ने निष्कामसेवी कर्मठ राष्ट्रप्रेमी सपुत बनेका छन् । आजका बाल, युवा एवम् प्रौढ व्यक्तिका लागि अनुकरणीय व्यक्तित्व बनेका छन् ।

# अध्याय : तीन

# साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्वको अध्ययन

## ३ पृष्ठभूमि

यहाँ व्यक्तित्वको चर्चा गर्दै साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्वको विविध आयामहरूको अध्ययन र विश्लेषण गर्ने प्रयास गर्दै उनको जीवनी लेखन कार्य गरिएको छ ।

व्यक्तिले जीवनमा आफूले गरेका कार्यहरूले समाज, राष्ट्र, एवम् अन्तर्राष्ट्रिय स्तरमा ख्याती आर्जन गर्छ, आफ्नो पहिचान कायम गर्छ अनि त्यसैबाट उसको व्यक्तित्व निर्माण हुन पुग्दछ । कुनै पनि व्यक्तिले गरेका क्रमिक क्रियाकलाप र त्यसबाट समाजमा उसले पारेको प्रभावबाट व्यक्तित्व निर्माण हुन पुग्छ । व्यक्तिको जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण हुन्छ तसर्थ व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नु पर्दछ । यस अर्थमा व्यक्तित्वको अर्थले परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिमा अनुकूल भएर चल्न सक्ने त्यो शक्ति हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम हुन्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[५८]

## ३.१. व्यक्तित्वका विभिन्न पक्षहरू :

व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवनमा गतिशील बनेर आउने घटनाले, जीवन भोगाइका विविध घटना, जीवनका आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडद्वारा प्रमुख भूमिका खेलेको हुन्छ, यसरी

---

१ दशरथ ओझा, समीक्षाशास्त्र, दिल्ली राजपाल एण्ड सन्स, ई. १९७५, पृ. ३१

व्यक्ति बाँचेको परिवेश, परिवारिक पृष्ठभूमि सामाजिक, सांस्कृतिक रुचि, पेश, शिक्षा-दीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ ।

यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर हेर्नुपर्ने हुन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बन्धित कुरालाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक एवम् बाह्य व्यक्तित्व पर्दछन् । यसै गरी सार्वजनिक व्यक्तित्व भन्नाले समाज-अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु भन्ने बुझिन्छ । साहित्यकारका सन्दर्भमा भने सार्वजनिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उपकोटीमा वर्गीकरण गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र साहित्यकारले सिर्जना गरेका साहित्यका विभिन्न विधाहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न पक्षहरूमा कार्य गरेका यावत् कार्यहरूलाई व्यक्तित्वभित्र राखेर अध्ययन गरिएको हुन्छ ।

## ३.२ साहित्यिक पत्रकार रोचक घिमिरेका व्यक्तित्वका आयामहरू

साहित्यिक पत्रकार रोचक घिमिरे वि.सं. २०१५ सालदेखि लेख , निबन्ध, पुस्तक समीक्षा, सहित्यिक पत्रिका सम्पादन गर्दै साहित्यिक व्यक्तित्वको निर्माण गर्ने नेपाली साहित्यका एक होनाहार साहित्यकार हुन भने पत्रकारिता, समाजसेवा जस्ता कार्यगरी साहित्येतर व्यक्तित्व कायम गर्ने कर्मठ व्यक्ति हुन् ।

### ३.२.१ बाह्य व्यक्तित्व

कुनै पनि मानिसको शारीरिक बनावट अर्थात आकार-प्रकार नै व्यक्तिको वाह्य व्यक्तित्व हो । पाँच फिट पाँच इन्च जतिको मझौलो कद हँसिलो अनुहार फराकिलो निधार चुच्चो नाक, बाक्लो आँखीभौं गहुँगोरो वर्ण, तिलचामले देखिने केश भएका साहित्यिक पत्रकार रोचक घिमिरे उनान्सत्तरी वर्षका भए तापनि तेजिलो, छरितो र फुर्तिलो व्यक्तित्वका धनी देखिन्छन् ।

सनातन धर्ममा आस्था राख्ने, बिहानको लामो समय पूजापाठ र नियमित योगमा मग्न रहने घिमिरे चाकडी चाप्लुसी पटक्कै मन नपराउने आडम्बरलाई घृणा गर्ने कसैलाई अनावश्यक विषयमा झमेला नदिने स्वभावका छन् । [५९]

अन्तर्मुखी स्वभावका साहित्यिक पत्रकार रोचक घिमिरेमा स्वनिर्णय गर्ने अरुको सदा आदर गर्ने विशेषता उनमा छ । विशेष गरेर समाचार सुन्ने पत्रपत्रिका पढ्ने, अध्ययन अनुसन्धान, खोजमूलक कार्य गर्नुका साथै फुर्सदको समयमा फूल-विरुवा गोडमेल गर्ने पानी हाल्ने, फूलसँग रमाउने, करेसाबारीमा काम गर्नु उनको दिनचर्या हो । आफूलाई ठूलो मान्छे हुँ भन्ने अहम् नलिने साहित्यिक पत्रकार रोचक घिमिरे सबैसँग मित्रता गाँस्ने, सौहार्द व्यवहार गर्न पछि रहँदैनन् । कसैको कुभलो नचिताउने, चियो चर्चा नगर्ने, नयाँ प्रतिभाहरूलाई आफ्नो पत्रिका मार्फत् साहित्य रचना प्रकाशन गर्न प्रोत्साहन दिने विशेषता भएका व्यक्ति हुन् । हक्की र निडर स्वभावका रोचकले पञ्चायतकालदेखि आजसम्म आफ्नो साहित्यिक कार्य र साहित्यिक पत्रपत्रिकामा कहीँ कतै लोभलालच वा डराएर कार्य गरेनन् । उनी आत्मबल उच्च भएका एक कर्मयोगी व्यक्ति हुन् ।[६०]

## ३.२.२ आन्तरिक व्यक्तित्व

बाल्यकालदेखि अध्ययनमा विशेष रुचि लिने साहित्यिक पत्रकार रोचक घिमिरे पारिवारिक वातावरणबाट नैतिक, धार्मिक, धर्मप्रति आस्था एवम् निष्ठा राख्ने स्वच्छ, पवित्र आत्माभएका व्यक्ति हुन् । कुनै काम थालेपछि त्यसलाई पूरा नगरी नछाड्ने उत्साही, जीवनदेखि नथाक्ने, हारसँग सम्झौता नगर्ने साहपाठी दौंतरीहरूसँग सहयोगको आदनप्रदान गर्ने घरछिमेकसँग निकटता राख्ने रुढिवादीप्रति विश्वास नराख्ने उनको विशेषता नै हो ।

आफ्नो नित्यकर्म सम्पन्न गर्ने, सादा जीवन उच्चविचार राख्ने समयमानै उठ्ने, उचित आहार-विहारमा ध्यान राख्ने, उनको जीवनशैली हो । माया, दया, स्नेह, करुणा,

---

५९ ध्रुवचन्द्र गौतमसँगको अन्तर्वार्ता अनुसार

६० जगदीश घिमिरेसँगको टेलिफोन अन्तर्वार्ता अनुसार

सद्भावपूर्ण व्यवहार गर्ने कुशल पात्र , असल पति एवम् कर्तव्यनिष्ठ पिताका रूपमा उनलाई हेर्न सकिन्छ ।

समाज र राष्ट्रको विकासमा चिन्तनशील रहने साहित्यिक पत्रकार रोचक घिमिरे सामाजिक कार्यमा आफूलाई क्रियाशील राख्न उत्सुक देखिए पनि घमण्ड, आडम्वर र मपाइँत्व कदापि नदेखाउने व्यावहारिक व्यक्ति हुन् । सामाजिक विकृति, विसंगति, अन्याय, अत्याचार विरुद्ध आवाज उठाउने आफ्नो लेखनी मार्फत यस्तो कुराको उछित्तो पार्नु उनको विशेषता हो । स्वावलम्वी, स्वाभिमानी, समाज सेवी, राष्ट्रप्रेमी, कर्तव्य-परायण एक सपुत हुन् भन्नु अतियुक्ति हुँदैन ।

## ३.३ साहित्यिक व्यक्तित्व

साहित्यका कविता, आख्यान (कथा-उपन्यास) नाटक, निबन्ध आदि विधागत योगदानबाट नै कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व स्थापित हुन्छ । व्यक्तिले समाज र राष्ट्रकालागि प्रदान गरेका कृतिहरूबाट उसको साहित्यिक व्यक्तित्वको मूल्याङ्कन गरिन्छ । साहित्यिक व्यक्तित्वको दृष्टिकोणमा रोचक घिमिरेका प्रकाशित लेख रचना र कृतिगत, विधागत आधारमा विभिन्न पक्षमा विभाजन गर्नु यहाँ उचित देखिन्छ ।

क. कवि व्यक्तित्व

ख. निबन्धकार व्यक्तित्व

ग. जीवनी लेखक व्यक्तित्व

घ. समालोचक व्यक्तित्व

ङ. समीक्षक व्यक्तित्व

च. भूमिका लेखक व्यक्तित्व

छ. स्तम्भकार व्यक्तित्व

### ३.३.१ कवि व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरे मूलत : साहित्यिक पत्रकार हुन, लेख, जीवनी, समालोचना निबन्ध , सम्पादकीय, भूमिका एवम् समीक्षा लेखन कार्यमा व्यस्त रहने उनी प्रायः **रचना** पत्रिकाको सम्पादनकार्य अनि सम्पादकीयमा नै रमाउने गर्दछन् । कविता ज्यादै मन पर्ने विधा भए तापनि उनले कविता विधामा भने सिद्धहस्तता देखाएको पाइदैन । वि.सं. २०६३ सालमा **युगान्तर** चौमासिक पत्रिकामा उनको **सम्पादक** शीर्षकको कविता प्रकाशन भएको छ ।

## ३.३.२ निबन्धकार व्यक्तित्व

साहित्यिक पत्रिका **रचना**को वि.सं. २०१८ साल, माघदेखि सम्पादन प्रकाशन कार्य निरन्तर रूपमा गर्दै आएका साहित्यिक पत्रकार रोचक घिमिरेले आफूले जीवनमा भोगेका, सत्य, तथ्य एवम् आफूसँग संगत भएका व्यक्तित्वहरूको घटनासँग सम्बन्धित संस्मरणमा आधारित रहेर निबन्ध लेखन गरेको पाइन्छ । वि.सं.२०५६ सालमा साझा प्रकाशनबाट प्रकाशित **सम्झनामा फकिएका थुँगाहरू** नामक उनको पुस्तककार निबन्ध सङग्रह हो । चौधओटा निबन्ध सङ्गृहीत रहेको उक्त निबन्ध सङ्ग्रहमा देशको साहित्यकार, गीतकार, संस्कृतिविद आदिका जीवनमा रहेका विषय, घटनामा आधारित रहेर संस्मरणात्मक निबन्ध सङ्ग्रह प्रकाशित भएको छ ।

## ३.३.३ जीवनी लेखक व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरेले राष्ट्रको लागि योगदान पुऱ्याउने व्यक्तिहरूको फुटकर रूपमा जीवनी लेख्ने कार्य गरेका छन् । **ललितकला** चौमासिकमा वि.सं.२०६३ मा **दक्षकला समीक्षक र कुशल सम्पादन शिल्पी** । वि.सं. २०६३, कार्तिक, युवामञ्चमा **संघर्षबाट खारिँदै चम्किएका नक्षत्र बासुदेव लुँइटेल** । वि.सं. २०६३ पौष, मधुपर्क **पुराणवाचक पण्डित कवि शिरोमणि लेखनाथ पौड्यालका केही सम्झना**। वि.सं. २०६५, वैशाख **मिर्मिरे मासिकमा, नाटकीय स्वभावका सङ्गीत शिल्पी - रत्नदास प्रकाश** । वि.सं. २०६६, वैशाख-असार **शब्दसिन्धु** त्रैमासिकमा **विद्वत्ताका अथाह सागर मदनमणि दीक्षित** आदि उनका जीवनी लेखहरू हुन् ।

### ३.३.४ समालोचक व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरेले फुटकर रूपमा समालोचना विधामा पनि कलम चलाएको पाइन्छ । तराई जनजीवनको यथार्थ तस्वीर शीर्षकमा **रचना** द्वैमासिकमा अलिखित **उपन्यासको समालोचना** लेख लेखेका छन् ।

### ३.३.५ समीक्षक व्यक्तित्व

विशेष गरेर लेख / समीक्षा विधामा कलम चलाउने साहित्यिक पत्रकार रोचक घिमिरेका फुटकर रूपमा लेख / समीक्षाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशन भएको पाइन्छ ।

वि.सं. २०१५ साल, असार **कल्पना** दैनिकमा **चुनाव हुँदैन**, वि.सं. २०१६ साल, कार्तिक **हालखबर** दैनिकमा **यो के हो ?** २०४५ पुष - माघ, **समष्टि** द्वैमासिकमा **भौतिक कमाइलाई म तुच्छ सम्झन्छु** । वि.सं. २०४७ कार्तिक, **गोरखापत्र** दैनिकमा **साहित्यिक पत्रकारिता र नयाँ प्रेस नीति** , २०५५, भाद्र **मधुपर्क** मासिकमा **महाकविका काव्यिक समालोचना र ओझेलमा परेका शोमाचन्द्र खनाल**, २०५६, असोज, **विश्वग्राम**मा **नेपाली साहित्यिक पत्रिका र साहित्यिक पत्रकारिता**, २०६५, कार्तिक, **मधुपर्क** मासिक **महाकविको गोप्य तमसुक**, २०६६ असार **कृष्णप्रसाद पराजुली साहित्य र साधना**मा **पराजुलीका सार्थक सम्पादकीयहरू**, २०६६ कार्तिक, **मधुपर्क** मासिकमा **पागलको परिमार्जन र महाकविप्रति मनपर्दी**, **ज्ञानगुन प्रकाशन**मा **नेपाली साहित्याकासका पूर्वेली चहक**, **समष्टि** द्वैमासिकमा **नव संस्कृतिको संरचना आजको खाँचो**, **रचना** द्वैमासिकमा **नेपाली भाषा साहित्यका कुडके ढुङ्गा**, **मानवीय स्थितिका सूक्ष्म अध्येता सोलोखोभ**, **यारोस्लाभ साइफर्ट र नोवेल पुरस्कार**, **क्लदसेमोन र नोवेल पुरस्कार**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ**मा **माधव घिमिरेका सम्पादकीय आलेख** लेखहरूका अतिरिक्त ने.रा.प्र.प. समकालिन साहित्यमा **शरदचन्द्र शर्मा भट्टराईको माध्यामिक गद्याख्यान**, **रचना** द्वैमासिक **मदन पुरस्कारको महत्ता** र **सही शब्द**, **साहित्यकार परिचय र अभिव्यक्तिलाई केलाउँदा मन**, **मथिङ्गल झक्झकाउने**

**निबन्ध कृति**, **गहनज्ञान र कौतुकी कल्पनाको चास्नी**, आदि समीक्षात्मक रचनाहरू हुन् ।

### ३.३.६ भूमिका लेखक व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरे निबन्ध, जीवनी, लेख समीक्षा समालोचनाका साथै भूमिका लेखनमा सिद्धहस्त रूपमा देखा परेका छन् । **भूमिका भनेको पूर्णाङ्गको स्वल्प स्वरूप हो** सम्पूर्ण कृतिको सार्थक परिचय हो । स्रष्टाले त सिर्जना गरिदिन्छ । स्रष्टाको लागि कृतिको रचना गर्नु भनेको श्वास-प्रश्वास दिनु जस्तै सरल र स्वभाविक प्रक्रिया मात्र हो । जुन कृतिको रचनामा स्रष्टाले बढी  परिश्रम गरेको हुन्छ त्यसमा कलाभन्दा बढी कुशलता प्रदर्शित भएको हुन्छ । जति सरल र स्वभाविक प्रकृयाबाट प्रकृति शिशिर वसन्तको बृहद् चित्र रचना गर्छिन, त्यतिनै सरल र स्वभाविक ढङ्गबाट आज सम्म कुनै चिन्तकले पनि त्यसको परिचयात्मक भूमिका लेख्न सकेको देखिएको छैन । तसर्थ कृति एवम् कृतिकारसँगको एकात्मकता भूमिका लेखनको एउटा महत्त्वपूर्ण पक्ष हो । उनका फुटकर रूपमा रहेका भूमिका २०५० ने.रा.प्र.प्र. **नेपाली कविता र कवि ग्वाइनको सवर्ण पल्लव**, २०५५, मंसिरमा **द्यौसी भैलो**मा **हास्यव्यङ्ग्यको स्वादिलो चास्नी पस्कने जयराम**, २०५६, पौष, **तिमी नरहे देश डुब्न्या छ**मा **गुणवत्तामा पनि उलेख्य रहेको व्यङ्ग्य कृति**, २०५७ **मेरो परिचय**मा **सानो तर पोषिलो गुदी भएको यो परिचय**, २०५७, भदौ **बढार कुँडार**मा **बिटुलिएका अगाडि एक्ला चोखा वासुदेव**, २०६५ भाद्र, **सावितीमा** **सावितीे प्रकाशनको अनुदघाटित कथा**, २०६५, भाद्र, **शोक श्रद्धाञ्जलि**मा **एउटा सार्थक शोक श्रद्धाञ्जलि** आदि भूमिका रहेका छन् ।

### ३.३.७ स्तम्भकार व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरेले आफ्ना स्तम्भहरूमा, सामाजिक राजनीतिक परिवेशप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन् । उनले कुनै पनि दैनिक अथवा साप्ताहिक समाचार मूलक पत्रिकामा समाचारले मात्र पाठकलाई सन्तुष्टि दिन सक्दैन, समीक्षात्मक लेख, व्यङ्ग्य अनि मनोरञ्जक स्तम्भले तत्कालीन विषय चर्चित

प्रसङ्गलाई लिएर लेखिएका सामग्रीले पाठकवर्गलाई पूर्णरूपमा खुराक प्रदान गर्दछ भन्ने विचार व्यक्त गर्न साहित्यिक पत्रकार रोचक घिमिरेले स्तम्भमा आफ्नै कुरा वा अनुभूतिलाई विषयवस्तु बनाइन्छ र स्तम्भ निजी विचारको नजिक हुन्छ , भन्ने धारणा राखेका छन् ।

सम्पादक मदनमणि दीक्षितद्वारा सम्पादित समीक्षा साप्ताहिकमा २०४२ देखि ४६ सम्म रोचक /घोचक शीर्षकमा र नेपाल पोष्ट दैनिकमा साहित्य, संस्कृति विषयमा साप्ताहिक रुपमा २०३६-४१ सम्म स्तम्भ लेखेर उनले आफ्नो स्तम्भकार व्यक्तित्वलाई स्थापित गरेका छन् ।

## ३.४ साहित्येतर व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरे साहित्यिक पत्रकारिता, साहित्य लेखन साथै साहित्यतर क्षेत्रमा पनि उनले महत्त्वपूर्ण योगदान दिएर साहित्येतर व्यक्तित्व निर्माण गरेका छन् । उनको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

क. सम्पादक व्यक्तित्व

ख. समाजसेवी व्यक्तित्व

ग. बहुभाषी व्यक्तित्व

घ. गैर-साहित्यिक लेखक व्यक्तित्व

### ३.४.१ सम्पादक व्यक्तित्व

पाठकवर्गलाई सूचनामूलक, सुरुचिपूर्ण  सामग्रीको आस्वादन विभिन्न समाचार-मूलक पत्रिका एवम् साहित्यिक पत्रिकाले प्रदान गर्दछ । युगानुकूल सिर्जना गरिएका साहित्यका विविध सामग्री प्रदान गर्ने साहित्यिक पत्रिकाको सम्पादन गर्न सम्पादकमा दक्षता, योग्यता एवम् सचेतता अपरिहार्य हुन्छ । वि.सं. २०१८ साल, माघ-देखि **रचना** साहित्यिक पत्रिकाको सम्पादन, प्रकाशन कार्यका अतिरिक्त, **भैरव पुरस्कार गुठी स्मारिका** २०४६, **अनुसन्धान भित्रको अनुसन्धान** समसामयिक राजनीति, **प्रेसकाउन्सिल**

**वार्षिक प्रतिवेदन** (पत्रकारिता लेख - २०५२-२०५५), कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ (ग्रन्थ - २०६०), **ध.च. गोतामे सम्झनाका पाइलाहरू** (ग्रन्थ - २०६४)
आदि पत्रिकाहरूको सम्पादन गरेर उनले आफ्नो सम्पादक व्यक्तित्वलाई स्थापित गरेका छन् ।

### ३.४.२ समाजसेवी व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरे लेखन कार्य, साहित्यिक पत्रकारिताका अलवा आफ्ना कतिपय व्यावहारिक, घरायसी समस्याहरूलाई थाती राखेर विभिन्न सामाजिक सङ्घ, संस्था एवम् समिति, उपसमितिमा विभिन्न पदमा रहेर सामाज र राष्ट्रलाई योगदान पुऱ्याएर आफ्नो सामाजिक व्यक्तित्व निर्माण गरेका छन् । साहित्यिक पत्रकार रोचक घिमिरे नेपाल पत्रकार महासंघका २०३६ सालदेखि हालसम्म सदस्य, भैरव पुरस्कार गुठी-संस्थापक सदस्य (२०४६ - २०६६) , प्रेस काउन्सिल नेपाल सदस्य ( २०५१-२०५५) विशालनगर पुस्तकालय सल्लाहकार - (२०५१-२०६०) साहित्यिक पत्रकारिता विकास उपसमिति साहित्यिक पत्रकार संघ, संयोजक (२०५८-२०५९) सल्लाहकार - सिस्नु पानी नेपाल (२०५९ - २०६२) संस्थापक सदस्य - जनसरोकार समाज (२०६१- ) अध्यक्ष - विशालनगर हाँडीगाउँ सम्पदासमाज २०६३, अध्यक्ष - नेपाल साहित्यिक पत्रकार सङ्घ (२०६४ - हाल सम्म), अध्यक्ष - रमेश विकल साहित्य प्रतिष्ठान (२०६४ हालसम्म), अध्यक्ष - वासुदेव विद्यादेव लुइँटेल (२०६५ हाल सम्म) , अध्यक्ष - भैरव पुरस्कार गुठी (२०६६ - हालसम्म)
आफ्नो टोल, समाज, साहित्यिक प्रतिष्ठान आदि क्षेत्रमा संलग्न भएर समाजमा चेतना फिँजाउने समाजका, समस्याहरूलाई समाधान गर्न हृदयदेखि समर्पित भएर समाज सेवामा लाग्ने साहित्यिक पत्रकार रोचक घिमिरे एक महान् समाजसेवी हुन् ।

### ३.४.३ बहुभाषी व्यक्तित्व

साहित्यिक पत्रकार, निबन्धकार, समालोचक, समीक्षक, भूमिकालेखक एवम् सामाजिक क्षेत्रमा निस्वार्थ सेवा गर्ने साहित्यिक पत्रकार रोचक घिमिरे अनेक भाषाका

ज्ञाता भएर बुहभाषी व्यक्तित्व बन्न सफल छन् । नेपाली, संस्कृत, हिन्दी, मैथली, अङ्ग्रेजी भाषामा उनको दख्खल रहेको पाइन्छ तसर्थ उनलाई बहुभाषी व्यक्तित्वभन्दा अतियुक्ति हुँदैन ।

### ३.४.४ गैरसाहित्यिक लेखक व्यक्तित्व

साहित्यिक पत्रकार रोचक घिमिरे साहित्यिक पत्रकार एवम् समसामयिक लेख लेखक मात्र नभएर गैर साहित्यिक लेख लेख्ने व्यक्तित्व पनि हुन् ।

## ३.५ निष्कर्ष

साहित्यिक पत्रकारिता लेख जीवनी, निबन्ध, समीक्षा भूमिका, समालोचना आदि विधामा कलम चलाएर, विभिन्न सामाजिक सङ्घ संस्थामा समिति, उपसमिति आदिमा विभिन्न पदमा रहेर समाज सेवामा निस्वार्थ समर्पित व्यक्ति हुन बुहप्रतिभावान् साहित्यिक पत्रकार रोचक घिमिरे बाह्य दृष्टिकोणबाट पनि विनयशील, सहृदयी एवम् आकर्षक व्यक्तित्वका धनी हुन् । व्यक्तिको परिचय नै व्यक्तित्वबाट हुन्छ । समाजमा धुलमिल र समाज र राष्ट्रलाई योगदान दिएपछि मात्र उसको व्यक्तित्व निर्माण हुन्छ । एउटै व्यक्तिमा पनि विविध व्यक्तित्वहरू हुन्छ । उपयुक्त समय र वातावरण पाएको अनुकूल परिस्थितिमा व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्न सक्छ तसर्थ कुनै पनि व्यक्तिको व्यक्तित्वलाई किटेर यस्तै हो भनी भन्न सकिँदैन । उसको अन्तर्मनमा नचिहाए सम्म उसको व्यक्तित्व ठम्याउन सकिन्न । साहित्यिक पत्रकार रोचक घिमिरेको व्यक्तित्वलाई हेर्दा उनको कार्य क्षेत्र र समाज र राष्ट्रलाई योगदान दिएर बनेको व्यक्तित्वका आयामहरू मनग्य छन् ।

जीवनको उनान्सत्तरीऔँ वसन्त पार गरिसकेका साहित्यिक पत्रकार रोचक घिमिरेले सङ्घर्षपूर्ण जीवन यात्रालाई सहज, सरल र सफल बनाउँदै समयको गति अनुरूपसधैँ सक्रिय रहेर नवीन - नवीन कार्यमा लागेर आफ्नो व्यक्तित्व निर्माण गर्न कुनै कसर छाडेका छैनन् ।

# अध्याय : चार

# साहित्यिक पत्रकार रोचक घिमिरेको कृतित्वको अध्ययन

## ४. पृष्ठभूमि

कवि, लेखक, सहित्यकारहरूले आफ्नो रचना चिरकालसम्म रहोस् भन्ने कामनाका साथ रचनाको पाण्डुलिपिलाई पुस्तकको स्वरूप दिन्छन् । विभिन्न उद्देश्य लिएर पुस्तक प्रकाशन गरिएको हुन्छ । व्यापारिक उद्देश्य राखेर त्यसबाट अर्थोपार्जन गर्ने, आफ्नो ख्याति एवम् प्रशंसाका लागि, आफ्नो चाहना अनि सौख पूरा गर्नुका साथै आफ्नो इतिहास रहोस भन्ने कतिपय लेखक, साहित्यकारहरूको महत्त्वाकांक्षा रहेको हुन्छ । जे जस्ता उदेश्य राखेर साहित्यिक पुस्तककार कृतिहरू प्रकाशन भएतापनि तिनले भाषा एवम् साहित्यको विकासमा टेवा पुऱ्याएको हुन्छ ।

पहिले पहिले नेपाली भाषा कागजपत्र बोली-व्यवहार र लोकसाहित्यका रुपमा मात्र बेसी थियो । ब्राह्मण-पण्डित वर्ग यसलाई “भाखा” भनेर होच्याउँथ्ये । केही ग्रन्थका निर्माण भए तर ती संस्कृतमै । बरु अवधि र बज्र भाषाको कदर थियो ।[61] यसैले त्यस समयको नेपालीभाषाको रूप हेर्न अभिलेख, चिठीपत्र तथा तमसुकहरू केलाउने अवश्यकता पर्छ ।

“भाषालाई व्यापक र उत्कृष्ट बनाउन साहित्यको ठूलो आवश्यकता हुन्छ, तर नेपाली भाषामा धेरै समयसम्म साहित्यिक रचना हुन सकेन । १८०० देखि यतामात्र नेपाली साहित्यको रचना हुन थाल्यो । उदयानन्द, इन्दिरस, गुमानी पन्त विद्यारण्यकेशरी, वसन्त शर्मा आदि कविले नेपाली भाषामा कविताहरू लेखे । तिनका सबै कृतिमा भाषाको विशुद्धता नभए तापनि केही योगदान त भयो नै । भानुभक्तले रामायण र अन्य कृतिहरूद्वारा साहित्यमा जुन देन दिए त्यसले समस्त नेपाली जनमानसलाई रसाइ दियो । मोतीराम जस्ता युवक भाषासेवीको सत्प्रयासले

---

६१ कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, सत्रौं संस्करण, (काठमाडौं सहयोगी प्रेस, २०५०), पृ.३१६-३१७

भानुभक्तलाई मात्र अमर बनाएन नेपाली भाषाको ठूलो सेवा र उपकार पनि गऱ्यो । यसै क्रममा अरु पनि अनेक कवि, लेखकहरूले आफ्ना विभिन्न कृतिद्वारा नेपाली भाषालाई धनी बनाउँदै लगे ।"[६२]

नेपाली भाषामा पुस्तक छपाउने काम वि.सं.१८७७ देखि थलियो । काठमाडौंमा सबैभन्दा पहिले वि.सं.१९०८ मा एउटा सानो प्रेस ल्याइएको थियो । उड्ने गिद्ध अङ्कित त्यस प्रेसको नाउँ थियो **नेपाल मनोरञ्जन यन्त्रालय** । वि.सं.१९५५ देखि धमाधम छापिन थाल्यो । वि.सं.१९७० मा गोरखा भाषा प्रकाशिनी समिति खुल्यो । पछि यो संस्था नेपाली भाषा प्रकाशिनी समितिका नामले कायम भयो । [६३]

वि.सं.१९४३ देखि नेपाली भाषामा पत्रिकाहरू पनि निस्कन थाले । यस भाषामा सबभन्दा पहिले निस्केको पत्रिका **गोरखा भारत जीवन** हो । यो पत्रिका मोतीराम भट्टको सम्पादकत्त्वमा **गोरखा भारत जीवन प्रेस** वाराणसीबाट निस्किएको थियो । साप्ताहिकमा वि.सं.१९५८ देखि राजधानीबाट गोरखापत्र निस्क्यो । यसरी नै विभिन्न मासिक, पाक्षिक, साप्ताहिक, दैनिक आदि पत्रिकाहरू निस्कदै गए । [६४] आज साहित्यिक पत्रिका निस्कने क्रम तीव्र हुँदै गएको छ ।

## ४.१ लेखनमा रोचक घिमिरेको उदय, लेखन यात्रा एवम् प्रेरणा र प्रभाव

साहित्यिक पत्रकार रोचक घिमिरेको घरको वातावरण साहित्यिक थियो । उनका पिताजी पुराणवाचक पण्डित थिए । माता पनि धर्ममा आस्था राख्ने शिक्षित थिइन् । साहित्य, संस्कृति, धर्म, इतिहास आदि क्षेत्रमा रुचि राख्ने उनका पिताजीका मित्रहरू साम्वभक्त सुवेदी 'मुरारी', लक्ष्मीप्रसाद देवकोटा, मधुसूदन देवकोटा, हृदयराज शर्मा, योगी नरहरि नाथ, बुद्धिसागर पराजुली, जनकलाल शर्मा जस्ता व्यक्तिहरूको उनको घरमा प्राय: जमघट हुने र ती विषयहरूमा छलफल एवम् कविता वाचन हुने माहौल

६२ कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, सत्रौं संस्करण, (काठमाडौं : सहयोगी प्रेस, २०५०), पृ.३१६-३१७

६३ ऐजन,

६४ ऐजन,

थियो । [६५] उनको घरमा **गोरखापत्र**, **शारदा**, **साहित्य स्रोत**, **पुरुषार्थ**, **उदय**, **उद्योग**, आदि नेपाली साहित्यिक पत्रिकाका साथै **सरस्वती**, **गङ्गा**, **चाँद**, **सुधा**, **वङ्कटेश्वर**, **कल्याण** आदि हिन्दी पत्रिका हुन्थे । भाव नबुझ्रेतापनि ती पत्रिकामा भएका चित्र हेर्ने लोभका कारण पत्रिका हेर्ने बानी उनमा बस्यो । [६६]

पत्रपत्रिका हेर्ने रुचि विस्तारै बढ्दै गएको बानीले केटौले उमेरमा रोचकले त्यसताकाको दैनिक पत्रिका **कल्पना** र **हालखबर** नियमित पढ्न थाले । कल्पनाका सम्पादक तारिणीप्रसाद कोइरालाको सम्पर्क र अनेकौं आग्रहमा वि.सं.२०१५ साल, आषाढमा **चुनाव हुँदैन** शीर्षकको लेख रचनाबाट उनी लेखन कार्यमा उदाय । [६७]

### ४.१.१ लेखन र प्रकाशन

नेपाली, हिन्दी पत्रपत्रिका एवम् लेखक साहित्यकारहरूबाट प्रभावित अनि प्रेरणा प्राप्त गरी वि.सं. १९१५ साल, आषाढमा **कल्पना** दैनिक पत्रिकामा **चुनाव हुँदैन** शीर्षक लेखबाट लेखन कार्य आरम्भ गरेका साहित्यिक पत्रकार रोचक घिमिरेको **गोरखापत्र** दैनिक, **हालखबर** दैनिक, **मधुपर्क** मासिक, **समष्टि** द्वैमासिक, **कान्तिपुर** दैनिक, **ललितकला** द्वैमासिक, **युगान्तर** चौमासिक, **युवामञ्च, मिर्मिरे** मासिक, **नव-प्रज्ञापन** त्रैमासिक आदि पत्रिकामा लेख-रचना प्रकाशित भएको पाइन्छ । उनको सृजनात्मक, साहित्यिक पुस्तकाकार कृति **सम्झनामा फकिएका थुँगाहरू** निबन्ध सङ्ग्रह वि.सं. २०५६ सालमा प्रकाशित भएको छ । [६८]

### ४.१.२ रोचक घिमिरेको लेखन यात्राको चरण विभाजन

वि.सं. २०१५ साल, आषाढमा तारिणीप्रसाद कोइरालाद्वारा सम्पादित **कल्पना** दैनिक पत्रिकामा **चुनाव हुँदैन** शीर्षक लेखबाट लेखन यात्रा प्रारम्भ गरेका साहित्यिक पत्रकार रोचक घिमिरे हालसम्म निरन्तर लेखन कार्य एवम् साहित्यिक पत्रिका **रचना**

---

६५ शोधनायकसँग शोधकर्ताले गरेको कुराकानीबाट

६६ शोधनायकसँग शोधकर्ताले गरेको कुराकानीबाट

६७ ऐजन,

६८ ऐजन,

सम्पादन गर्ने कार्यमा तल्लीन रहेका छन् । आफ्नो पाँच दशक लामो लेखन यात्रामा उनले फुटकर लेख, निबन्ध, भूमिका, स्तम्भ, सम्पादकीय एवम् **सम्झनामा फकिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रहका अतिरिक्त पत्रिका प्रकाशन गरी नेपाली भाषा, साहित्यको श्रीवृद्धि गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । साहित्यिक पत्रकार रोचक घिमिरेको पाँचदशक लामो लेखन यात्रालाई मुख्यतः दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

क. पूर्वार्द्ध चरण : अभ्यासकाल (वि.सं.२०१५ - २०५५)

ख. उत्तरार्द्ध चरण : विकासकाल (वि.सं. २०५६ हालसम्म)

### ४.१.२.१ पूर्वार्द्ध चरण : अभ्यासकाल (वि.सं. २०१५ - २०५६)

वि.सं. २०१५ साल, आषाढमा **कल्पना** दैनिक पत्रिकामा **चुनाव हुँदैन** शीर्षक लेखनबाट लेखन कार्य प्रारम्भ गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले वि.सं. २०१८ सालदेखि **रचना** साहित्यिक पत्रिकाको सम्पादन गर्नुका अतिरिक्त लेख, निबन्ध, समीक्षा, समालोचना, स्तम्भ, सम्पादकीय, भूमिका आदि फुटकर रूपमा विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा लेखेको पाइन्छ ।

यस चरणमा उनका पुस्तकाकार कृतिहरू भने प्रकाशित भएको पाइदैन । उनको यस समायावधिमा लेख निबन्ध, समीक्षा, समालोचना, स्तम्भहरूमा पाइने विशेषताहरू निम्न रहेका छन् ।

क. समसामयिकता

ख. सामाजिक विकृतिप्रति विद्रोह

ग. विकृति विसंगतिप्रति तीखो व्यङ्ग्य

### ४.१.२.२ उत्तरार्द्ध चरण : विकासकाल (वि.सं. २०५६ हालसम्म)

साहित्यिक पत्रकार रोचक घिमिरेको लेखन कार्यको यस चरणलाई उर्वरकाल मान्न सकिन्छ । उनको **सम्झनामा फकिएका थुँगाहरू** नामक संस्मरणात्क निबन्ध सङ्ग्रहका साथै **रचना** पत्रिकालाई निरन्तररूपमा सम्पादन, प्रकाशन कार्यका अलवा

**भैरव पुरस्कार गुठी** स्मारिका, **कविवर माधवप्रसाद घिमिरे अभिनन्दन ग्रन्थ, घ.च. गोतामे**, **सम्झनाका पाइलाहरू** ग्रन्थ सम्पादन कार्यमा उनको तल्लीनता रहनुकासाथै विभिन्न पत्रपत्रिकाहरूमा समसामयिक लेख, निबन्ध, समीक्षा, समालोचनाहरू नियमित रूपमा प्रकाशन भैरहेको पाइन्छ ।

यस चरणमा उनको लेखन कार्यमा बृद्धि एवम् स्तरीयता बढ्न गएको देखिन्छ । यस उत्तरार्द्ध चरणका उनका विशेषताहरू निम्न रहेका छन् ।

क. समसामयिकता

ख. सामाजिक विकृतिप्रति विद्रोह

ग. राजनैतिक विसंगतिप्रति व्यङ्ग्य

घ. राष्ट्रियता

### ४.१.२.३ निष्कर्ष

वि.सं. २०१५ सालमा औपचारिक रुपमा लेखन कार्यमा झुल्किएका साहित्यिक पत्रकार रोचक घिमिरे वि.सं. २०१८ सालदेखि **रचना** सहित्यिक पत्रिका सम्पादन, प्रकाशन कार्यमा सक्रिय रहेका छन् । विभिन्न पत्रपत्रिकामा फुटकर लेख, निबन्ध, समीक्षा, स्तम्भ, समालोचना, भूमिका, लेख्नुका साथै स्मारिका ग्रन्थहरू सम्पादन कार्यमा तल्लीन रहेका रोचकले वि.सं. २०५६ सालमा **सम्झनामा फकिएका थुँगाहरू** संस्मरणात्मक निबन्ध प्रकाशित गरे । हालसम्म लेखन कार्यमा तदारुकता देखाइ रहने साहित्यिक पत्रकार रोचक घिमिरेले समसामयिक घटना, सामाजिक विकृति राजनैतिक विसंगतिप्रति व्यङ्ग्य गर्दै लेख, सम्पादकीय, समीक्षा लेख्नेकार्य गरी समाज र राष्ट्रलाई सही मार्ग तर्फ डोऱ्याउने सन्देश प्रदान गरिनै रहेका छन् । पाँच दशक लामो यात्रा दिनप्रतिदिन प्रौढ बन्दै गएको पाइन्छ ।

## ४.२ रोचक घिमिरेको पुस्तकाकार कृतिको अध्ययन

वि.सं.२०१८ सालदेखि **रचना** साहित्यिक पत्रिकाको सम्पादन प्रकाशन कार्य गर्दै हालसम्म उक्त पत्रिकालाई जीवन्त बनाउने साहित्यिक पत्रकार रोचक घिमिरे विभिन्न स्मारिका ग्रन्थ सम्पादन कार्यमा पनि संलग्न रहेका छन् । फुटकर रूपमा विभिन्न पत्रपत्रिका पुस्तकहरूमा लेख, समीक्षा, समालोचना, भूमिका, सम्पादकीय, लेखन कार्य गर्ने साहित्यिक पत्रकार रोचक घिमिरेको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक संस्मरणात्मक निबन्ध सङ्ग्रह प्रकाशित भएको छ । यस कृतिको अध्ययन विश्लेषण कार्य यहाँ गरिएको छ ।

## ४.३. रोचक घिमिरेको निबन्धको अध्ययन

रोचक घिमिरे साहित्यिक पत्रकार, सम्पादक, जीवनी लेखक मात्र होइनन् । उनी एक कुशल निबन्धकार पनि हुन् । उनको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक संस्मरणात्मक निबन्ध सङ्ग्रह प्रकाशित भएको छ । उनको निबन्ध सङ्ग्रहको अध्ययन गर्नुपूर्व निबन्धको सामान्य परिचय दिनु सान्दर्भिक हुन आउँछ ।

### ४.३.१ निबन्धको सामान्य परिचय

साहित्यका कविता, आख्यान, (कथा, उपन्यास) नाटक र निबन्ध प्रमुख विधा मानिन्छन् । साहित्यको विधागत सृजनाको समष्टि इतिहास आदिकाल पद्य र गद्य दुई विधामा विभाजित थियो । यी दुबै विधा अभिनेय र पाठ्यमा पनि विभाजन गरिएको थियो । पद्यलाई गेय र (पाठ्य) र अभिनय आधारमा गद्यलाई पाठ्य र अभिनय फाँटमा विभाजन गरिएको थियो । गद्यको अभिव्यक्ति क्षमता सवल र प्रौढ हुँदै गए तापनि सृजित वस्तुको प्रकाशन प्रसारण, वितरण र संरक्षण एवम् सुपठन वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो तसर्थ निबन्ध विधालाई सबैभन्दा कान्छो गद्य विधा मान्न सकिन्छ ।

कुनै विषयमा केन्द्रित रहेर त्यस सम्बन्धी विषयवस्तुलाई तथ्य तथा अनुभवका आधारमा रहेर गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो । यसमा निश्चित विचारलाई

प्रकट  गरिन्छ । निबन्धमा वस्तु र भावना वा तथ्य र कल्पना दुवै रहन सक्दछन् । निबन्ध लेखनमा विचार, तर्क, उदाहरण, ज्ञान र विश्लेषणको महत्त्वपूर्ण भूमिका हुन्छ ।

'निबन्ध' संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो । यसको अर्थ हुन्छ नि : शेष हिसाबले बाँध्ने काम गर्नु अर्थात भाव वा विचारका विकीर्ण कणहरूलार्य अभिव्यक्तिका आयतनमा सङ्गृहीत गर्नु निजात्मक अभिव्यक्ति दिनु हो ।[६९] 'बन्ध' मूल शव्दमा 'नि' उपसर्ग लागेर बनेको निबन्ध शब्दको शाब्दिक अर्थ विशेष प्रकारले बाँध्नु भन्ने हुन्छ ।

कुनै विषयमा केन्द्रित रहेर त्यस सम्बन्धी विषयवस्तुलाई तथ्य तथा अनुभवका आधारमा रहेर गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध (essay) हो ।

एकता, स्पष्टता, संक्षिप्तता जस्ता विशेषता हुने निबन्धका वस्तु शैली र उद्देश्य प्रमुख तत्त्वहरू हुन् ।

## ४.३.२ शीर्षक र भावनात्मक संगति

साहित्यिक पत्रकार रोचक घिमिरेका **सम्झनामा फर्किएका थुँगाहरू** नामक यस निबन्धमा सङ्गृहीत निबन्धहरूमा शीर्षक अनुरूपको भावगत सङ्गति पाइन्छ । निबन्ध सङ्ग्रहमा सबै जसो संस्मरणात्मक निबन्धहरू रहेका छन् । यी निबन्धहरूमा उनले शीर्षक वरिपरि रहेर आफ्ना विचार एवम् भावना व्यक्त गरेका छन् । उनी निबन्ध बाहिर गएर बहकिएका छैनन् । उनका भोगाइ एवम् उनले गरेका गहन अध्ययन खोज अनुसन्धानलाई उनका निबन्धमा व्यक्त गरिएको पाइन्छ । शीर्षक अनुरूप उनी निबन्धमा न्याय गर्न सफल भएका छन् । घटनाक्रमलाई कहिलेकाहीं तलमाथि पारे तापनि निबन्ध बोधगम्य एवम् रोचक रहेका छन् ।

---

६९ राजेन्द्र सुवेदी, स्नातकोत्तर, नेपाली निबन्ध, नेपाली निबन्ध भाग-३, (काठमाडौं : पाठ्यसामग्री पसल, २०६३), पृ.१

## ४.३.३ सम्झनामा फक्रिएका थुँगाहरु निबन्ध सङ्ग्रहमा रहेका निबन्धका प्रकार

### ४.३.३.१ संस्मरणात्मक निबन्ध

साहित्यिक पत्रकार रोचक घिमिरेको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत प्रायः सबै जसो निबन्धहरू संस्मरणात्मक रहे तापनि **महापण्डितको नेपाल सम्बन्ध**, एवम् **राष्ट्रका प्राज्ञिक सम्पत्ति** निबन्ध भने खोजमूलक यथार्थपरक निबन्ध हुन् । उनका कतिपय निबन्धहरू जीवनीपरक बन्न पुगेका छन् ।

### ४.३.३.२ विवरणात्मक निबन्ध

उनका निबन्धहरूमा कतिपय मिति, घटना एवम् पुस्तक पत्रिकाबारेमा विवरणात्मक शैली प्रयोग गरिएको पाइन्छ । उनका निबन्धहरू यदाकदा दैनिकी शैलीका बन्न गएका छन् । विशेष गरी घटनाक्रमलाई स्थान, मिति उल्लेख गरेर विवरणात्मक शैली प्रयोग गरिएको छ ।

### ४.३.३.३ साहित्यिक निबन्ध

रोचक घिमिरेको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरू सबै नै साहित्यिक व्यक्तित्व एवम् सङ्गीतसँग सम्बन्धित व्यक्तिहरूसँग सम्बन्धित रहेका छन् ।

### ४.३.३.४ भाषाशैली

निबन्ध सङ्ग्रहमा आफूले भोगेका र आफूले संगत गरेका साहित्यकारहरूको जीवनीमा आधारित रहेर लेखिएका निबन्धहरूमा सरल, सरस एवम् बोधगम्य भाषा प्रयोग गरेका छन् । ठाउँ-ठाउँमा कवितात्मक श्लोक एवम् तथ्य भनाइहरू प्रस्तुत गरेर भाषालाई अझ सुललित तुल्याएका छन् ।

## ४.४ 'सम्झनामा फक्रिएका थुँगाहरू' निबन्ध सङ्ग्रहको विश्लेषण

चौधओटा संस्मरणात्मक निबन्ध सङ्गृहीत रहेको यस **सम्झनामा फक्रिएका थुँगाहरू**मा साहित्यिक पत्रकार रोचक घिमिरेले आफूले भोगेका सङ्गत गरेका मित्र, साहित्यकार, संगीतकार तथा अनुभव गरेका घटनाहरूको सम्बन्धमा सस्मरण रहेका छन् । **महापण्डितको नेपाल सम्बन्ध** निबन्धमा खोजमूलक ढङ्गबाट चित्रण गर्ने प्रयास गरिएको छ भने **सम्झनाको पोका भित्र बराल** , **औतारी व्यक्तित्वका धनी** , **साहित्यिक पत्रकारिताका विनयी सेवक** , **राष्ट्रका प्राज्ञिक सम्पत्ति** शीर्षक निबन्धहरूमा उनीद्वारा जीवनीपरक शैली अँगालिएको पाइन्छ । एक सय सात (१०७) पृष्ठमा रहेको यो निबन्धसङ्ग्रह साहित्य, सङ्गीत, पत्रकारिता क्षेत्रमा जिज्ञासा राख्ने पाठक वर्गलाई जानकारी दिलाउने पुस्तक बन्न सफल देखिन्छ । समयको गति, अन्तरालसँगै भविष्यमा यो पुस्तक साहित्यिक इतिहासका बारेमा जानकारी दिलाउने पुस्तक बन्न सक्ने सम्भावना रहेको देखिन्छ ।

### ४.४.१ हास्यव्यङ्ग्यको शाश्वत शिल्पी

सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत पहिलो निबन्धमा साहित्यिक पत्रकार रोचक घिमिरेले हास्यव्यङ्ग्यकार भैरव अर्यालको जीवनीमा आधारित रहेर उनको जन्म, पारिवारिक स्थिति, शैक्षिक योग्यता, शिक्षा हासिल गर्न तत्कालीन युवराज श्री ५ महेन्द्र वीर विक्रम शाहसँग भारु २० प्राप्त गरेको घटना, उनको जीवन सङ्घर्ष, उनका कविता, हास्यव्यङ्ग्य, निबन्ध लेखन प्रसङ्ग उनलाई उनका मित्रहरूबाट मिलेको धोका, **काउकुती** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशनका क्रममा जगदम्बा प्रकाशनले दिएको धोका, **जयभुँडी** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशनका क्रममा रत्न पुस्तक भण्डारले गरेको शोषण, आफ्ना हाकिमहरूका कारण मद्यपानतर्फ आकर्षण भएको प्रसङ्ग एवम् चारैतिरबाट पाएको निराशा, कमजोर आर्थिक स्थिति, घाँटीको स्वरनली सुकेर अस्वस्थ हुन पुगेका कारण निराश अनि विचलित भएर आत्महत्या गर्न खोजेको

प्रसङ्गका साथै मानसिक उपचारका लागि डा. विष्णुप्रसाद शर्माको उपचारमा पनि राखिएको तर उनको मनमा बाक्लैसँग लागेको शङ्का उपशङ्का र अनावश्यक तर्कवितर्कको जालो पूर्णतया हट्नै नसकेको, अति गहिरो मानसिक विचलन र उद्विग्नताको भासमा उनी धसिँदै गएर अन्त्यमा वि.सं.२०३३ साल, असोज १९ गतेको मध्यरातमा उनले बाग्मतीमा हाम फालेर आत्महत्या गरेको यथार्थ घटनालाई बयान गर्नुका साथै उनको साहित्यक्षेत्रमा योगदान र उनी जस्ता व्यक्तिसँग साहित्यिक पत्रकार रोचक घिमिरेको सानिध्य र संगत हुनुलाई साहित्यिक पत्रकार रोचक घिमिरेले आफ्नो जीवनको महत्त्वपूर्ण प्राप्ति ठानेका छन् ।

निबन्धको घटनाक्रमको अन्त्यभागलाई आदिभागबाट उठान गरेर रोचक तुल्याउनु , भैरव अर्यालको मृत्यु सम्बन्धमा रहेको भ्रम निवारण गर्नुका साथै भैरव अर्याल सम्बन्धी विस्तृत यथार्थ विवरण प्रस्तुत गरेर साहित्यिक पत्रकार रोचक घिमिरेले निबन्धलाई उत्कृष्ट तुल्याएका छन् ।

### ४.४.२ सिद्धान्त र व्यवहारमा फरक व्यक्तित्व

रोचक घिमिरेको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत दोस्रो निबन्धमा सिद्धिचरण श्रेष्ठसँग उनको वि.सं. २०१८ सालमा सिराह जिल्लामा भएको परिचय पश्चात् सिद्धिचरण श्रेष्ठले **रचना** पत्रिकाका लागि दिएको **जून र हिउँ** शीर्षकको पहिलो कविता वि.सं. २०१८ साल वैशाखमा छापिएको प्रसँग सिद्धिचरण श्रेष्ठ तत्कालीन रोयल नेपाल एकेडेमीका आजीवन सदस्य रहेका, उनले वि.सं. २०२१ सालमा **कविता** पत्रिका निकाल्ने, कविता उत्सव गर्ने, कविता र काव्यसम्बन्धी पुस्तक प्रकाशित गर्ने आदि काम एकेडेमीबाट गरेका विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिएको रोचक घटना, उनले नेपाली साहित्य क्षेत्रको कविता विधामा पुऱ्याएका योगदानको चर्चाका साथै उनी त्रिभुवन स्मारक निर्माण समितिका अध्यक्ष भएको प्रसँग, उनी राजसभा स्थायी समितिका सदस्य भएको घटनाका साथै उनको सामन्ती स्वभाव, राजतन्त्रलाई महत्त्व दिने, उनीहरूलाई रिझाउन उनले देखाएको भक्ति, उनको व्यक्तिगत स्वभाव एवम् उनको पारिवारिक स्थिति, उनको

मृत्यु पश्चात् उनका परिवारजनले उनको (लाशलाई) पार्थिव शरीरलाई एकेडेमीमा राखेर राजनीति गर्न खोजेको प्रसंगका साथै एक सम्प्रदायले उनको योगदानलाई खुम्च्याएको बारे दुखेसो आदिका साथै उनले नयाँ पुस्तालाई साहित्यमा प्रोत्साहन दिएको यथार्थका बारेमा निबन्धकार साहित्यिक पत्रकार रोचक घिमिरेले चर्चा गरेका छन् ।

सिद्धान्त र व्यवहारमा महान् व्यक्तिहरूपनि कसरी चुक्दछन् भन्ने यथार्थ निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । घटना विवरणलाई मिति, स्थान उल्लेख गरेर निबन्ध विवराणात्मक एवम् दैनिकी शैलीको बन्न पुगेको छ भने सद्धिचरण श्रेष्ठको व्यक्तिगत प्रवृत्ति एवम् साहित्य सिर्जनासम्बन्धी चर्चा गरेर जीवनीपरक तथ्य प्रस्तुत गर्ने जमर्को यस निबन्धमा भएको छ ।

### ४.४.३ 'सम्झनामा फर्किएका थुँगाहरू'

निबन्धकार रोचक घिमिरेले निबन्ध सङ्ग्रह **सम्झनामा फर्किएका थुँगाहरू**को शीर्षक निबन्धमा नेपाली कविता, गीत विधामा महत्त्वपूर्ण योगदान पुऱ्याउने हरिभक्त कटुवाल प्रवासीका सम्बन्धमा जीवनीपरक शैलीमा चर्चा गरेका छन् ।

नेपाली साहित्यका उपासक हरिभक्त कटुवाल २०२६ सालतिर सिलाङ्का कृष्णप्रसाद ज्ञवालीसँग तत्कालीन रोयल नेपाल एकेडेमीको एउटा समारोहमा काठमाडौं आएका, वि.सं. २०२६ सालतिर आसामबाट कामको खोजीमा नेपाल पसेका हरिभक्त कटुवालले **प्रवासी** उपनामलाई सधैँका लागि झिकेर थन्काइदिएका, एकेडेमीमा जागिरे हरिभक्त नेपाली साहित्य संस्थानको अफिसमा राति सुत्ने गरेका, २०२६ सालतिर एकेडेमीमा जागिरे रहेको समयबाट नै उनले रक्सीको चस्कोमा आफूलाई डुबाउन थालेको प्रसङ्ग, वि.सं. २०२९ सालतिर कटुवाल **रूपरेखा** साहित्यिक पत्रिकाको ग्राहक बनाउने क्रममा जनकपुर पुगेको घटना, वि.सं. २०३६ सालतिरको बालाजुमा थुप्रै साहित्यकारहरूको भेलाको घटना, काठमाडौं बसाइको समयमा उनले रक्सीले मातेर सडकमा देखाउने चर्तिकला, टी.बी. ग्याष्ट्रिक, अल्सरले मक्किइ सकेका हरिभक्तले २०३७ सालमा **रचना**को भैरव अङ्कलाई दिएको

संस्मरणात्मक लेख हरिभक्तको मृत्यु पश्चत् **रचना** अङ्क २ मा प्रकाशित भएको प्रसङ्गका साथै हरिभक्तको जीवनीको विशिष्ट र शाश्वत पक्ष उनको प्रतिभाशाली कविव्यक्तित्व, उनका मार्मिक गीत अनि पुस्तक, पत्रपत्रिकामा छरिएका उनका मूल्यवान कृति भएतापनि उनले आफ्नो जीवन अप्रिय र कटु रूपमा बाँच्नु परेको प्रसङ्ग, उनले आफ्नो जीवनको उत्तरार्द्ध धेरैका निम्ति अप्रिय भएर बाँच्नु परेको, उनका आफन्तहरूमा उनको कुनै सार नरहेको, उनका परिवार समेत उनीबाट छिटो मुक्ति चाहन थालेका कटु यथार्थ अनि डिब्रुगढ अस्पतालको रोगशय्यामा एक्लो बेवारिसे भएर मृत्युलाई अङ्गाले तापनि उनको कटु र अप्रिय पक्षलाई पखालेर ओझेल पार्न सङ्ला र सुकिला कविता एवम् गीत नेपाली समाजलाई अर्पण गरेर उनले आफ्ना अँध्यारा पक्षहरूलाई धोएर क्रमशः लोकप्रियताको चुलीमा पुऱ्याएको, बाँचुन्जेल बिटुलो ठान्नेहरूले समेत उनी मरेपछि उनको पूजा गर्न थालेका भन्ने टिप्पणी दिएर साहित्यिक पत्रकार रोचक घिमिरेले हरिभक्त कटुवालको यथार्थ जीवनी प्रस्तुत गरेका छन् ।

हरिभक्त कटुवालका अँध्यारा पक्ष, उनको जीवन सङ्घर्ष, आफ्नो जीवनलाई सहित्यिक सिर्जनाले सार्थक पारेता पनि जीवनमा व्यावहारिक बन्न नसक्दा उनले भोगेका अप्रिय पक्ष आदि यस निबन्धमा साहित्यिक पत्रकार रोचक घिमिरेले व्यक्त गरेका छन् । निबन्धलाई पठनीय बनाउने उद्देश्यले घटनाको अन्त्य भागलाई अदिभागबाट प्रस्तुत गर्दै निबन्धलाई अघि बढाएका छन् । मिति, स्थान र घटनाको स्पष्ट विवरण दिने प्रयास गर्दै हरिभक्त कटुवालले नेपाली साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

### ४.४.४ महापण्डितको नेपालसम्बन्ध

निबन्धकार रोचक घिमिरेले यस निबन्धमा **महापण्डितको नेपालसम्बन्ध**मा अन्तराष्ट्रिय ख्यातिप्राप्त विद्वान राहुल साङ्कृत्यायनबारे प्रकाश पारेका छन् ।

भारतको उत्तरप्रदेश राज्यस्थित मावली गाउँ पन्दाहमा सन् १८९३ अप्रिल ९ का दिन पिता गोवर्धन पाँडे र माता कुलवन्तीका चार पुत्रहरू मध्ये कनिष्ट पुत्रका

रूपमा जन्मिएका राहुल साङ्कृत्यायनको मातापिताले राखिदिएको नाम केदारनाथ पाँडे रहेको, सन् १९१२ मा १९ वर्षको उमेरमा शङ्ख चक्री मुद्रा डामेर उनी रामानुजी साधुराम उदारदास बनेका थिए । सन् १९२९ तिर उनले आफ्नो नाम दामोदर साङ्कृत्यायन राखेका सन् १९३० मा सैँतीस वर्षको उमेरमा श्रीलङ्कामा बौद्ध सम्प्रदायमा दीक्षित भएर बौद्ध भिक्षु बनेपछि उनको नाम राहुल साङ्कृत्यायन रहन गएको थियो । अप्रतिम विद्वान र मेधावी राहुल साङ्कृत्यायन पूर्वीय वाङ्मयका ज्ञाता, पुरातत्त्व र सँस्कृतविद, रचनात्मक साहित्यकार, दार्शनिक व्याख्याता, राजनीतिक नेता, सामाजिक क्रन्तिका उद्घोषक, रुढीवादका विध्वंशक, जिज्ञासु , यायावर र बहुभाषाविद भएकाले महामना मदनमोहन मालवीयले **महापण्डित** भनेर सम्बोधन गरेका छन् । नेपाल र नेपालीसँग ज्यादै नजिकको नाता रहेका राहुल साङ्कृत्यायन सर्वप्रथम सन् १९२३ जनवरी १३ माघे सङ्क्रान्तिका दिन नेपाल आई थापाथली बैरागी अखडामा बसेका थिए । उनलाई भेट्न राजगुरु पण्डित हेमराज शर्मा पुगेका, उनी धेरै पटक नेपाल आएका, सन् १९५८, मार्च, १३ (वि.सं. २०१४, फागुन, ३०) मा उनले नेपाल-भारत सांस्कृतिक केन्द्रमा र सन् १९५८, मार्च, २२ (वि.सं.२०१४, चैत्र, ९) मा बटुटोलमा ज्ञान विकास मण्डलमा आयोजना भएको प्रवचनमा निबन्धकार स्वयम् सामेल भएका थिए । उनको लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, इतिहासकार बालचन्द्र शर्मा, केदारमान ‘व्याथित’ आदिसँग घनिष्ट सम्बन्ध रहेको, उनले नेपालको वंशावली ताडपत्र, प्राचीन मुद्रा , संस्कृतिको अध्ययन गरेका, सन् १९५८ मार्च २३ (वि.सं.२०१४ चैत्र १०)मा उनी अन्तिम पटक नेपालबाट चीनको पेकिङका लागि प्रस्थान गरेका, उनको पारिवारिक अवस्था, जीवनको अन्तिम क्षणमा दार्जिलिङमा घर किनेर बसेका, त्यही सन् १९६३, अप्रिल, १३, मा उनको देहावसान, उनका दाजुले राहुलको शवलाई बनारस लिएर जाने इच्छा व्यक्त गरे तापनि त्यहाँ ( दार्जिलिङमा) उनको नाममा समाधि बनाइ **राहुल चैत्य** नामाकरण गरेको घटना, उनका दाजुले भष्म लगेर बनारसको गङ्गामा विसर्जन गरेका, राहुल साङ्कृत्यायनको नेपाल र नेपालीसँग घनिष्ट सम्बन्ध हुनु गर्वको विषय भएको चर्चा, यस निबन्धमा साहित्यिक पत्रकार रोचक घिमिरेले जीवनीपरक विवरणात्मक शैलीमा गरेका छन् ।

### ४.४.५ सम्झनाको पोकोभित्रका बराल

प्रस्तुत निबन्धमा निबन्धकार रोचक घिमिरे वि.सं. २०१३ सालमा **सयपत्री** पुस्तकका सम्पादक ईश्वर बरालको नामसँग परिचित हुनपुगेका थिए र उक्त पुस्तकमा गणेशमान सिंहद्वारा लिखित **श्री ३ मोहन प्रभुको स्वर्गारोहण** निबन्ध उनलाई निकै घत लागेको थियो । कविता प्रधान **इन्द्रेणी** गद्य प्रधान, **धरती, झ्यालबाट, हिमचुली,** जस्ता कथा र कविता सङ्कलनका समर्थ सम्पादकका रुपमा ईश्वर बरालको नाम साहित्यिक फाँटमा चम्किन थालेको थियो । वि.सं. २०१८ सालमा ईश्वर बराल उच्च अध्ययनका लागि बेलायत गएको समयमा उनको ठेगाना पत्तालगाएर साहित्यिक पत्रकार रोचक घिमिरेले **रचना** पत्रिका पठाए तापनि उनको हात पर्न नसकेको, सन् १९६५ फेब्रुअरी २ मा **रचना** को एउटा अङ्क पढेर उनले पत्राचार गरेका थिए । **रचना** पत्रिकाको वर्ष ३ अङ्क ४ मा उनको **नेपाली कथा साहित्यको विषयमा** शीर्षक लेख छापिएको थियो । ईश्वर बराल भारतको राजधानी दिल्लीमा रहेको समयमा इण्डियन स्कूल अफ इन्टरनेशनल स्टडीजमा अध्यापन गराउने र दिल्ली जाने साथीहरूको हातमा **रचना** पत्रिकाका लागि उनले आफ्ना रचनाहरू पठाउने गरेका थिए । वि.सं. २०२७ सालमा मात्र शङ्कर घिमिरे मार्फत ईश्वर बरालसँग निबन्धकार साहित्यिक पत्रकार रोचक घिमिरेको भेटघाट र चिनजान भएको थियो । उक्त भेटमा साहित्यिक पत्रिका र साहित्यिक सङ्कलकहरूको बाढी नै आएको तरपनि लेखन र सम्पादनमा पर्याप्त अशुद्धि र भाँडभैलो देख्दा उनलाई दुःख लागेको, भाषा र व्याकरण भनेको कुन चराको नाम हो त्यो नै नजान्नेहरूले पत्रिका सम्पादन गर्ने अनि लेखकहरूलाई पारिश्रमिक नदिने कुप्रवृत्तिप्रति बरालले गुनासो पोखेका थिए । त्यो बेला नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले नेपाली कथा साहित्य र समालोचना सिद्धान्तसम्बन्धी दुईओटा किताब लेखाउने सम्झौता उनीसँग गरेको तर समयको अभावले पुस्तक समयमा बुझाउन नसक्दा उनलाई पेश्की फिर्ता गर्ने, यदि पेश्की फिर्ता नगरेमा उनको जायजेथा र अंशबाट अशुलउपर गर्ने पुर्जी काटिएको थियो । वि.सं. २०२७ सालमा रूपरेखामा

उनको एउटा अन्तर्वार्ता निकै निर्भीक र आक्रामक रहेको, उनका विरुद्ध (**हिमानी**) पत्रिकाले **भारतबाट राहधानी लिएर बेलायत जाने राष्ट्रविरोधी** भन्ने आरोप, **सुनाखरी** ले पनि ईश्वर बरालको विरोध जनाएको तर धेरै विद्वान्हरूले उनकै पक्ष लिएका थिए , वि.सं. २०४७ सालमा उनी स्वयम् प्रज्ञाको उपकुलपति भए तापनि आफ्नै प्रिय अनुज सहकर्मीहरूसँगको विवादले कार्यावधि पूरा हुन नपाउँदै २०५० सालमा प्रज्ञाबाट उनी बाहिरिनु परेको थियो । धेरै समय विदेशमा बस्नुपरे तापनि उनले नेपाली वाङ्मय, नेपाली जाति, नेपाल राष्ट्र र नेपालको प्रजातन्त्रको पक्षमा कञ्जुस्याइँ नगरेका, भूमिका लेख्दा विमोचन समारोह वा समालोचना जहाँ पनि उनलाई लागेका र उनले देखेका कमिकमजोरी निर्धक्कसँग भन्ने, लेख्ने गरेकाले उनी निन्दाका पात्र बन्न पुगेका थिए । उनी **रचना** का हितैषी बनेका र **रचना** पत्रिकाका सवै अंक फाइल बनाएर राख्ने इच्छा गरेका तर उपलब्ध गराउन नसकेकोमा रोचकलाई दु:खको अनुभूति भएको छ । वि.सं. २०५४ सालमा ब्रेन ट्युमरबाट ग्रस्तभएर पचहत्तर वर्षको उमेरमा उनको निधन भयो । उनले नेपाली वाङ्मयमा समालोचना कृतिसम्पादन र साहित्यिक पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानले उनको जीवन सार्थक रहेको चर्चा गरिएको प्रस्तुत निबन्ध ईश्वर बरालको जीवनी वर्णन गर्ने संस्मरणात्मक निबन्ध बनेको छ ।

### ४.४.६ औतारी व्यक्तित्वका धनी

निबन्धकार रोचक घिमिरेले यस निबन्धमा वि.सं. २०१६ सालतिर काठमाडौँको नक्साल स्थित नन्दी केशर बहालमा रात्रि पठशालामा भर्ना भएको समयमा दुईजना मास्टरको तारिफ त्यहाँ हुने , त्यसमध्ये हरिहर रेग्मी र वासुदेव लुँइटेल थिए । त्यसताका वाशुदेवले पाठशाला छोडिसकेका, उनी हक्की स्वभावका, उनले म्याट्रिकको टेस्ट परीक्षा दिने एकजना अति प्रभावशाली महिला प्रिन्सेप शाहलाई नेपाली विषयमा ३४ नम्बर पाए पास हुनेमा ३२ नम्बर दिएर फेल गरिदिएका, जो जतिसुकै प्रभावशाली भए तापनि मोलाहिजा नगरी निष्पक्ष व्यवहार गर्ने उनको स्वभाव थियो । उनको **भूत छैन** भन्ने पुस्तकको चर्चा , श्यामप्रसादको **साहित्य** पत्रिका निस्किएपछि ग्राहक बन्न कमलपोखरी नजिक रहेको साहित्यसेवा-सदन जाने क्रममा वि.सं. २०१६ सालमा

साहित्यिक पत्रकार रोचक घिमिरेको बासुदेवसँग देखादेख, वि.सं. २०१७ सालमा छिमेकी लीलाध्वज थापाले पाटनढोका स्थित जगदम्बा प्रेसमा बासुदेवसँग रोचक घिमिरेको सामान्य परिचय गराएका थिए । भैरव अर्याल र रोचक घिमिरे वि.सं. २०१८ सालमा **रचना** पत्रिका निकाल्ने निधो गरेर सामग्री संकलन गर्ने क्रममा वासुदेव लुँइटेलले **भू-भिनाजु** नामबाट एउटा कविता **रचना** पत्रिकालाई दिएका थिए । भैरव अर्यालले आत्महत्या गरेको घटनाले उनी धेरै समय विचलित भए । उनले नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा **कौवा** प्रकाशन स्थापना गरेका थिए । नेपाली भाषामा लेख्ने लेखकका कृति किनेर प्रोत्साहन गर्ने, राष्ट्रभाषामा लेख्न हौसला दिनुका साथै पुस्तक छपाउन सहयोग गर्ने, महत्त्वपूर्ण व्यक्तिका टेप भरेर तिनका आवाज सुरक्षित राख्ने, लेखक कविहरूका तस्विर खिचेर छवि सङ्लन गर्ने कार्य एवम् साहित्य शोध निम्ति विद्वद्वृत्ति र छात्रवृत्तिको व्यवस्था पनि उनीबाट भएको थियो । आत्मप्रशंसा नचाहने पद र प्रतिष्ठामा पुगेका व्यक्तिसँग टाढा रहने, सभासमारोहको प्रमुख अतिथिको निम्तो आउँदा समेत नस्वीकार्ने प्रवृत्ति भएका वासुदेवसँग उनको दैनिक फोनिक र दैहिक संगत रहीआउनु जीवनशैलीको एउटा अङ्ग भएको चर्चा गरिएको प्रस्तुत निबन्ध संस्मरणात्मक निबन्धको एक उत्कृष्ट नमुना बन्न पुगेको छ ।

### ४.४.७ भैरवसँगका सत्र वर्ष

यस निबन्धमा निबन्धकार रोचक घिमिरेले वि.सं. २०१६ साल माघ २३ गते उनले लेखेको डायरीबाट निबन्ध अघि बढाएर श्यामप्रसादले कमलपोखरीस्थित **साहित्य सेवा-सदन** खोलेका, त्यहाँ बाट **साहित्य** नामक साहित्यिक पत्रिका प्रकाशनहुने साहित्यकारहरूको जमघट हुने, यहीँ नीरविक्रम प्यासीसँग उनको भेट हुँदा एउटा कविता सुनाएका, कविता छपाउन **हालखबर** पत्रिकामा दिन जाने निर्णय गरी कमलपोखरी नजिकै रहेको **हालखबर** पत्रिकाको कार्यालयमा उनको भेट भैरव अर्यालसँग भएको, रोचकको पुरुषोत्तम रिसालसँग संगत रहेको रोचकले **हालखबर**मा व्याङ्ग्यलेख्ने बकम्फुस शर्माको तारिफ गर्ने, पुरुषोत्तमबाट भैरव अर्याल नै बकम्फुस शर्मा भएको जानकारी पाएका, पुरुषोत्तम बाटनै भैरवसँग उनको भेट र पछि घनिष्टता भएको थियो । वि.सं. २०१८ सालतिर भैरव अर्यालसँग मिलेर **रचना** पत्रिकाको

प्रकाशन, **रचना**मा भैरव अर्यालको **टी पार्टी** शीर्षकको पहिलो निबन्ध छापिएको, वि.सं. २०२० सालमा भैरव अर्यालको घाँटी दुख्ने पुरानो रोगले निकै सताए पछि उपचारका लागि साहित्यिक पत्रकार रोचक घिमिरे पनि भैरवसँग दिल्ली गएका, राजदूतावासले खर्चको व्यवस्था मिलाएको, उपचारका क्रममा राजदूत यदुनाथ खनालले ताकिता गरिदिएका पन्ध्र सोह्र दिन पछि बाबुराम पौडेलको जिम्मा लगाएर उनी फर्किएका थिए, उनी फर्किएको चारपाँच दिन पछि भैरवको एउटा पोष्टकार्ड उनले साथी दामोदर **नयन** मार्फत पाएको र उनले भैरवलाई सम्झाउँदै पत्र लेखेका थिए । भैरव अर्यालको प्रेम प्रसंग, पारिवारिक परिस्थिति **रचना** पत्रिकाको **व्यासप्रेस**लाई साझा प्रकाशनको महाप्रबन्धक क्षेत्रप्रताप अधिकारीले **मसान** नाटक छाप्न दिएका छपाइ राम्रोहुन नसकेर भनाइ खानु परेको थियो । उनको घरमा बसेको समय भैरव अर्यालले आफन्तहरूबाट पाएको धोका, सबैसँग ठगिएको घटना व्यक्त गरेका, वि.सं. २०३३ साल असोज ७ गते भैरवसँग उनको भेट, दशैंको टीकापछि पोखरा जाने निर्णयगरी घर फर्किएका, असोज, १९, गते, बिहान ७:३० बजे सम्म भैरवलाई पर्खिएपछि उनी नआएकाले रोचक एक्लै पोखरा गएका, असोज २४ गते काठमाडौँ फर्किदा भैरवले बागमतीमा हामफाली आफ्नो जीवन इतिश्री गरेको घटनालाई संस्मरणात्मक शैलीमा व्यक्त गरेका छन् ।

### ४.४.८ साहित्यिक पत्रकारिताका विनयी सेवक

निबन्धकार रोचक घिमिरेले यस निबन्धमा उनका पिता **उदय** पत्रिकाका नियमित पाठक भएकाले सानै उमेरदेखि उनले पनि **उदय** पत्रिका पढ्ने अवसर पाएका र त्यस पत्रिकाका सम्पादक काशीबहादुर श्रेष्ठ नामसँग सानै उमेरमा उनी परिचित भएका थिए । वि.सं. २०१८ सालमा **रचना** प्रकाशन गर्न थालेपछि सम्पादन र व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान **उदय**बाट नै सिकेको हुनाले काशीबहादुरलाई उनले साहित्यिक पत्रकारिताका गुरु मान्ने गरेका छन् । वि.सं. २०२० सालमा रमेश विकल र उनी पनि वाराणशी पुगेका, वाशुशशि र कृष्णप्रसाद पराजुली पनि बालचन्द्र शर्माको कोश छाप्ने सन्दर्भमा त्यहीँ रहेका, वाराणसीस्थित नेपाली साहित्यिक र साहित्यप्रेमीहरूको जमघट, बलराम उपाध्याय, शिव भट्टराई आदिको सक्रियतामा

लक्ष्मीशंकरलाल श्रेष्ठको निवासस्थानमा स्वागत सभाको कार्यक्रम आयोजना गरिएको थियो । त्यस कार्यक्रममा काशीबहादुर श्रेष्ठले सभापतित्व गरेका, त्यस समयमा कलकत्ताबाट प्रकाशित हुने **ज्ञानोदय**का सम्पादकले नेपाल-भारत सम्बन्धबारे नेपाललाई होच्याएर निकै आपत्तिजनक कुरा लेखेका र रोचकले पनि भारत पक्षको अर्घेलो देखाउँदै **ज्ञानोदय**लाई **अर्ती** शीर्षकमा सम्पदकीय लेखेका थिए । सभामा रोचकको मन्तव्यको क्रममा उनले त्यही **रचना**मा छापिएको सम्पादकीय सुनाएको, त्यस स्थितिमा भारतकै एउटा प्रमुख सहरमा भएको कार्यक्रममा भारत विरोधी विचार पोख्दा आयोजक र सभापतिलाई अप्ठेरो पर्न सक्ने, उनले त्यसबारे सभापतिले आपत्ति प्रकट गर्लान भन्ने सोचेका तर काशीबहादुरले आफ्नो मन्तव्यको क्रममा कुनै प्रतिक्रिया नजनाइ नेपालका सम्पादकहरूको ठग प्रवृत्तिबारे लामो व्याख्यान दिएका, यसरी उनको काशीबहादुरसँग पहिलो भेट भएको थियो । चैखम्बास्थित **उदय** पत्रिकाको कार्यालयमा रमेश विकल र उनले अघिल्लो दिनको असन्तुष्टिबारे जिज्ञासा राख्दा काशीबहादुरले नेपालका एकजना घिमिरे थरका सम्पादकले **उदय** को ग्राहक बनाइदिने भनेर ठगी गरेका, साहित्यिक पत्रकार रोचक घिमिरे त्यस व्यक्तिका नातेदार भन्ने उनलाई लागेको खुलासा गरे । तत् पश्चात काशीबहादुरसँग उनको सम्बन्ध घनिष्ट बन्न पुगेको र सधैं हार्दिक रहेको, **साहित्यिक पत्रकार सङ्घले सहित्यिक महारथीको** रूपमा काशीबहादुरलाई सम्मानित गर्ने कार्यक्रममा उनीसँग रोचकको अन्तिम भेट भएको थियो । नयाँ नयाँ प्रतिभाले **उदय** को माध्यमबाट नेपाली साहित्यमा आफ्नो पहिचान बनाएका, सिकारु लेखकहरूका रचना र कृतिहरूपनि काशीबहादुरको सम्पादनको सीपले पठनीय र स्तरीय बन्न पुगेका, कति ख्यातिप्राप्त साहित्यकारहरूले समेत आफ्नो पुस्तकको पाण्डुलिपि बनारसमा काशीबहादुरलाई जिम्मा लगाएर सम्पादन, परिमार्जन, प्रकाशन र मुद्रण आदि यावत् कुराबारे ढुक्क हुने गर्दथे । काशीबहादुरको मृत्यु पश्चात् **उदय** पत्रिकाको प्रकाशन बन्द भएको, उनको उदयमा काशीको नेपाली साहित्यिक क्षेत्र जति चहकिलो देखिन्थ्यो उनको अस्तपछि समस्त काशी नै नेपाली भाषासेवीको निम्ति अँध्यारो र मलिन बनेको विचार संस्मरणात्मक शैलीमा निबन्धकार रोचक घिमिरेले प्रस्तुत गरेका छन् ।

## ४.४.९ केही तीता केही मीठा प्रसङ्ग

यस निबन्धमा निबन्धकार साहित्यिक पत्रकार रोचक घिमिरे **रचना** प्रकाशन गर्ने क्रममा वि.सं.२०१८ सालमा सहयोग माग्न भैरव अर्याल र उनी भवानी भिक्षुको डिल्लीबजार स्थित डेरामा पुगेका, भिक्षुले स्वागत गर्दै **शारदा** र **धरती** को अनुभव सुनाएका थिए । **रचना**को पहिलो अङ्क प्रकाशनार्थ भिक्षुसँग उनको रचना माग्दा पत्रिकाको जग बलियो भएर त्यसमा चहक आएपछि मात्र रचना दिने भनेर उनीहरूलाई हिस्स पारेका थिए । भिक्षुले एकेडेमीमा **सहित्यकार सम्पर्क समिति** को योजना बनाएर, प्रवासका विभिन्न ठाउँमा त्यस्ता समिति गठन गरी एकेडेमी र बाहिरका नेपाली साहित्यकारहरूको सम्पर्क बढाउने लक्ष्यबारे छलफलमा भेटहुँदा उनले भिक्षुलाई **रचना** को नयाँ अङ्क दिए । त्यस समयमा भिक्षुले **रचना** लाई **सृजितसहित्य** शीर्षकको लेख दिएका र उक्त लेख **रचना**मा २०२० सालमा छापिएको थियो । सुरुमा रचना माग्दा उपदेशमात्र दिने भिक्षुको सल्लाहले सकारात्मक भूमिका खेलेको, भिक्षुको चर्चित कविता **रसवर्षणमा अवरोध किन** ? शीर्षक कविताको प्रसंग, वि.स..२०२२ सालतिर हिउँदको याममा नयाँ सडक पीपलबोट अगाडि सेन्ट्रल न्युज डिपोमा साँझपख एउटा युवकबाट भिक्षुमाथि भएको दुर्व्यवहारका क्रममा पुरुषोत्तम बस्नेत, पुण्यप्रसाद सुवेदी र उनले त्यस युवकसँग प्रतिकार गरेका थिए । २०३०-३१ सालतिर दिल्लीका डक्टरहरूले भिक्षुलाई क्यान्सर रोगलागेको आशङ्का, स्वास्थ्यमा प्रतिकुल असर देखिए तापनि दिव्य चौधवर्ष श्रम परेको **आगत** उपन्यास प्रकाशन हुनलागेकोमा उनी प्रशन्न, उपन्यास परिमार्जन गर्ने क्रममा डा. ईश्वर बरालले प्रशस्त थपघट केरमेट गरेकोमा उनी निकै आहत हुन पुगेका, उक्त वृहत् उपन्यास २०२० सालमा प्रकाशित एवम् **मदन पुरस्कार** र **साझा पुरस्कार** प्राप्त भएपछि उनी प्रसन्न भएका थिए । तैलिहवामा जन्मिएका अनेपाली भाषी भवानीप्रसाद गुप्ता **भिक्षु** बनेर नेपाली भाषा साहित्यको भण्डार भर्न उनले दिएको योगदानले उनलाई विशिष्ट बनाएको विषयमा विवाद नरहेको विचार संस्मरणात्मक शैलीमा निबन्धकार रोचक घिमिरेले व्यक्त गरेका छन् ।

## ४.४.१० राष्ट्रका प्राज्ञिक सम्पत्ति

यस निबन्धमा निबन्धकार रोचक घिमिरेले योगी नरहरिनाथको जीवनी उल्लेख गर्ने सन्दर्भमा उनका पितासँग योगीजीको सम्बन्ध रहेको, वि.सं.२००७ सालतिर सानै उमेरमा पितासँग गुह्येश्वरीमा जाँदा योगीजीसँग प्रथम भेट भएको थियो । यही क्रममा (योगीजी र पितासँग) सानै उमेरमा उनलाई चागुनारयण, चण्डेश्वरी, धुम्बराही, गोकर्ण जस्ता पुरातात्त्विक स्थलहरूमा भ्रमण गर्ने अवसर मिलेको थियो । योगीजीले ती स्थलहरूका शिलालेखमाथि नेपाली कागतका ताउ राखेर शिशाकलम या अंगार घोटेर नक्कल उतार्ने, स्थानीय बूढापाकासँग मन्दिरका विशेषता बुझ्ने मन्दिरका शिलापत्र र स्मारकका तस्विर खिच्ने गर्दथे । उनी पुरातत्त्व इतिहास, संस्कृत र संस्कृतभाषा भनेपछि हुरुक्क हुने, पुराना ताम्रपत्र, ताडपत्र, भोजपत्र हस्तलिखित ग्रन्थ आदिको अध्ययन अनुसन्धानका ऋममा नेपालका कुनाकाप्चासम्म पुग्ने गर्दथे । उनले कतिपय पुरातात्त्विक र ऐतिहासिक सामग्री पत्ता लगाएका थिए । पृथ्वीनारायण शाहको **दिव्योपदेश** , **पृथ्वीको अर्ती** उनकै प्रयासले उपलब्ध भएर वि.सं.२००९ सालमा प्रकाशित एवम् प्रचारित, तथा नेपाली भाषामा रचित सबभन्दा प्राचीन कविता पत्ता लगाएका थिए । उनीद्वारा स्थापित गोरक्ष ग्रन्थ माला र योग प्रचारणी महासभा अन्तर्गत महत्त्वपूर्ण कृतिहरू प्रकाशित भएका, **हिमवत् खण्ड इतिहास प्रकाश**, **बृहत् सान्धिपत्र सङ्ग्रह्र**, **पशुपति पुराण** , **शिखरिणी यात्रा**, आदि ग्रन्थहरू प्रकाशमा ल्याएर नेपाली वाङ्मयका भण्डार सुदृढ पारिएको थियो । **संस्कृत सन्देश**, **जयतु संस्कृतम्** , **हिमवत् संस्कृति**, **विश्व सौरभ**, **विश्व सन्देश**, **सरयू सन्देश**, **कर्मवीर** आदि संस्कृत, नेपाली हिन्दी पत्रिका प्रकाशन गरेका थिए । संस्कृत, नेपाली, हिन्दी भाषामा विलक्षण प्रतिभा भएका योगीजीले नेपाली र भारतीयमात्र होइन अंग्रेजी भाषा पनि संस्कृतबाट जन्मिएको भाषा भनेर पुस्टि गर्ने प्रामाणिक प्रयास **संस्कृत भाषा लिस्नु** मार्फत् गरेका थिए । इतिहास, योग, पुरातत्त्व दर्शन ज्योतिष, वेद-वेदाङ्ग व्याकरण आदि क्षेत्रमा ज्ञान रहेका योगीजीले राजनीतिक, शैक्षिक, धार्मिक, आयुर्वेदिक आदि संगठनको स्थापनामा जाँगर चलाएका थिए । उनीद्वारा वि.सं. २००८ साल तिर **कर्मवीर** नामक राजनीतिक संस्था स्थापना, राष्ट्रियता, देशभक्तिको मूल उदेश्य लिएर कर्मवीर महामण्डलले **पृथ्वीनारायण शाह**, **रामशाह**, **जयस्थिति मल्ल**, **महेन्द्रमल्ल** जस्ता आदर्श पुरुषका स्थिति अनुसार कर्मक्षेत्रमा ओर्लेर पूर्वजहरूका पद चिन्हअनुसार राज्य व्यवस्थामा

मुलुकलाई हिडाउने उद्देश्य उक्त संगठनले गोर्खामा चलाएको आन्दोलनकै फलस्वरुप २०१७ सालमा नेपाली काङ्गेसको प्रथम निर्वाचित सरकार भङ्ग भएको थियो । पञ्चायती व्यवस्था प्रादुर्भावमा योगीजीको योगदान रहेको, वि.सं. २०१६ सालमा उनीद्वारा सम्पादित र कर्मवीर मण्डलद्वारा प्रकाशित **ग्राम सुधार योजना** नामक पुस्तकमा मुलुकमा पञ्चायती शासन पद्धति हुनु पर्दछ भन्ने उल्लेख थियो । राष्ट्रवादी राजनीतिमा लाग्दा उनलाई यदाकदा मुलुकका शासकले **राष्ट्रघाती** भनेर जेलमा राखेर अमानवीय यातना दिएका थिए । राष्ट्र र राष्ट्रिय हितका सवालमा कसैसँग नदब्ने आँटिलो स्वभाव भएका योगीजीले बेलाबेलामा **धर्मरक्षा महामण्डल**, **वृहत् आध्यात्मिक परिषद**, **विश्व हिन्दु सङ्घ**, **आर्यवीर** जस्ता धार्मिक संस्था खोलेर सवैलाई प्रभाव पारेका थिए । उनले शिक्षाको क्षेत्रमा ब्रहमचर्याश्रम, सरयू संस्कृत विश्वविद्यालय, गोरक्ष रत्नयोग शिक्षा केन्द्र, सरयू संस्कृत विद्यालय, स्थापनामा मुख्य सहभागिता आयुर्वेदीय औषधालय स्थापना गराई औषधी निर्माण एवम् निःशुल्क वितरण, प्रेस राख्ने, पुस्तक लेख्ने, सम्पादन गर्ने अनुवाद एवम् प्रकाशन गर्ने ठाउँठाउँमा कोटीहोम, गरी समाजमा धार्मिक चेतना, पर्यावरणको शुद्धिको प्रचार गरेका थिए । धार्मिक, आध्यात्मिक क्षेत्रमात्र नभएर राजनीतिमा पनि सक्रिय बनेका योगीजीले ऐतिहासिक, पुरातात्त्विक जेजस्ता सामग्री एकै ठाउँमा खिचडी पारेर प्रकाशित गर्ने गर्थे । कुनै पनि काम उत्साहपूर्वक गर्ने तर त्यसको टुङ्गो नलगाई बीचैमा छाड्ने बानीले उनले स्थापना गरेका संघ, संस्था, विद्यालय, प्रेस, पत्रिका आदिले निरन्तरता नपाई विलय हुनु उनका कमजोरी पक्ष रहे तापनि योगी नरहरि नाथ नेपालका मूल्यवान् प्राज्ञिक सम्पत्ति, मातृभूमिका परम् भक्त, विनयी सेवक, उद्भट भाषण कर्ता, परम् सन्त, बन्न गएका छन् भनी गुण-दोष केलाई उनको जीवनी संस्मरणात्मक शैलीमा व्यक्त गरेका छन् ।

### ४.४.११ जनताका गायक

यस निबन्धमा निबन्धकार रोचक घिमिरेले मास्टर रत्नदास प्रकाशले गाएको **झम झम पानी पऱ्यो** बोलको गीत वि.सं. २०१०-११ सालतिर नेपाल रेडियो र अल इण्डिया रेडियोको **गोरखाली प्रोग्राम**मा सुन्दा उक्त गीतको शब्द, स्वर र लयले उनलाई

मुग्ध पारेको र उता प्रवाशबाट मास्टर मित्रसेन र बहादुरसिंह बराल आफ्नो जातीय सङ्गीतको विगुल फुकिरहेका थिए भने यता स्वदेशमा रत्नदास अभिजात वर्गका खोपीमा थुनिएका सङ्गीतलाई मुक्त पारी जनसाधरणसम्म पुऱ्याउन यही समर्पित भएका थिए । त्यस बेला जब हाम्रा उस्तादहरू पराइको बोलीमा पराइकै लयमा गुनगुनाउनु नै सङ्गीत हो भनेर मख्ख पर्थे तर रत्नदासले आफ्नो प्रारम्भिक अवस्थामै **राष्ट्राभिमान र राष्ट्रियत्त्वाकाङ्क्षा** ले प्रेरित भएर नेपालको जनगीतको प्रकृतिमा नेपालीत्त्व लुकेको छ भन्ने बुझेकाले नेपालको प्रकृतिमा नेपालकै भाषामा आफ्नो सङ्गीत घन्काउन कम्मर कसेर नेपाली सङ्गीतको अन्धरात्रीलाई चिरेर प्रकाश छर्दै उनको मधुरकण्ठ झ्याउरे भएर गुञ्जियो । रत्नदासभन्दा पहिलेका सङ्गीतकारहरूको योगदानका साथै उर्दू र हिन्दीको परिधिबाट अलग्याएर नेपाली सङ्गीतलाई आफ्नो लोकलयको सङ्गीतको रूप दिने श्रेय उनलाई नै छ । महाकवि देवकोटा, माधवप्रसाद घिमिरे, भीमनिधि तिवारी, म.वी.वी. शाह, नीरविक्रम प्यासी आदिका रचना सर्वप्रथम उनीबाटै सङ्गीतबद्ध भएर गाइएका ती गीतहरू नेपाली श्रोताहरूबाट निकै मन पराए र गीतकारका रूपमा उपर्युक्त कविहरूको छुट्टै व्यक्तित्व कायम भयो । रत्नदास सशक्त सङ्गीतकार, सुमधुर गायक, भावुक गीतकार, नाट्य निर्देशक, अभिनेता आदि बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । आजभन्दा ६०-६५ वर्ष अघि जब नेपाली रङ्गमञ्चमा उर्दू र फारसी नाटकहरू तिनै विदेशी भाषामा मञ्चन हुन्थ्यो र अभिजात्य वर्ग झुमेर ती कठिन भाषा बुझेको स्वाँग गर्थे । रत्नदासले सर्वप्रथम तिनलाई नेपाली बोली दिएर अभिनय गरे । **आफूले मात्र सबै क्षेत्रमा सफलता गर्न सकिन्न, परस्परको सहयोगबाट नै उन्नतिको शिखर पुग्न सजिलो पर्छ, एउटाले अर्कोलाई उठाउनु नै मानवता हो** भन्ने सदाशयता लिएका रत्नदासले कैयौं युवा गीतकार, सङ्गीतकार र गायकलाई सघाएर प्रतिष्ठाको चुलीमा पुग्न सहयोग पनि गरे । आफ्ना जीवनका कैयौं स्वर्णिम रोगग्रस्त जर्जर बूढ्यौलीमा पनि त्यही युवा जोस र जाँगर देखाउँदै **मेरो भाषा, मेरो सङ्गीत मेरो संस्कृति** भनेर मरिमेटिरहेका देखिन्थे । नेपाली गीत, सङ्गीत क्षेत्रको सिङ्गो इतिहास भएर उभिएका रत्नदासलाई केही हजारको पुरस्कार, प्राज्ञ, स्यावसीका केही शब्द, औपचारिकताका दुई शब्द, कोरेर मात्र उनको सम्मान हुन सक्तैन हुन त जनताको हृदयमा ठाउँ ओगट्नु कुनै राजकीय

सम्मानभन्दा ज्यादै ठूलो कुरा हो । सत्ता र त्यसका पक्षधरहरूबाट जतिसुकै अपहेलित भए पनि नेपाली जनताले मास्टर रत्नदासलाई जनताका गायकका रूपमा माया गरेर आफ्नो हृदयमा राख्नु नै सबैभन्दा ठूलो कमाइ हो र यस देशका जनताले गर्न सक्ने वास्तविक मूल्याङ्कन पनि यही हो भनी उनले सङ्गीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्ने जमर्को गर्दै निबन्धकारले यस निबन्धलाई जीवनीपरक तुल्याएका छन् ।

## ४.४.१२ हामी कलाकार भयौँ

यस निबन्धमा वि.सं. २०२० सालमा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसर पारेर रेडियो नेपालले चौध अञ्चलीय सांस्कृतिक (कार्यक्रम) समारोह गर्ने सूचना प्रसारित गरेको थियो । त्यतिबेला तराईतिर रहेका साहित्यिक पत्रकार रोचक घिमिरे राष्ट्रिय चाड मनाउन राजधानी आएका र उक्त कार्यक्रम हेर्ने निम्तोका लागि जुक्ति सोच्दै नयाँ सडकमा भौताँरिरहेको समयमा भैरव अर्याल र रमेश विकललाई भेटी नाचघरतिर जाँदा त्यस कार्यक्रमका सञ्चालक धर्मराज थापालाई बाटैमा भेटिएको र उनले त्यो कार्यक्रम सहर्ष देखाउने वचन दिएर उनी निम्तो कार्ड लिन नाचघरभित्र पसेका थिए । उनीहरूभने राष्ट्रिय नाचघरको ढोका बाहिर पुलिससँग गलफती गरेर भैरव अर्याललाई कोसिस गर्न भित्र पठाएको अलिबेर पछि, धर्मराज थापाले निम्तो नभए पनि कार्यक्रम देखाउँछु भन्ने आश्वासन दिएको केही बेरमा भैरव अर्याल आएर रेडियो नेपालका उच्च अधिकारीले भैरवसँग निम्न व्यवहार गरेकाले कार्यक्रम नै नहेरी फर्कने आग्रह गरेका थिए । त्यसै बेला त्यहाँ केही व्यक्तिहरूको जमात आइ पुग्यो, धर्मराज थापाले त्यही जमातका नाइकेलाई उनीहरूलाई पनि लिएर आउनुभनी आफू भित्र गए । त्यो जमातसँग उनीहरू तीनैजना मिसिएर भित्र जान लाग्दा कोलाहल मच्चिएको , पुलिसले बिना निम्तो भित्र पस्न खोज्ने भनेर लठ्ठी बर्साएको र साहित्यिक पत्रकार रोचक घिमिरे अध्यारोमा मादलमा अल्झिएर लड्दा नाकमा चोटलागेर रगत बग्न थालेको, उक्त घटनामा लागेको चोटको खत आजपनि नाकको डाँडीमा रहेको छ । ऐना हेर्दा ऐनाभित्र अरू तीनवटा आकृति पनि त्यहँबाट चिहाइ रहेको, भैरवको रौद्र रूप,

विकलको दिक्दारे अनुहार अनि कलाकार नेताको अपमानित मुहार देख्ने र सधैँ **सामान्य नाचगान पाटी**मा मिसाएर **कलाकार** बन्ने गौरवपूर्ण अवसर पाएको बिर्सन नसक्ने घटनालाई व्यङ्ग्यात्मक रूपमा संस्मरणात्मक शैलीमा निबन्धकार रोचक घिमिरेले प्रस्तुत गरेका छन् ।

### ४.४.१३ असाधारण बिसाई

यस निबन्धमा अन्तराष्ट्रिय बालदिवस १९६५ मार्च १ तद्अनुसार २०२१ फागुन १८ मा मनाइनु पर्ने तर त्यस वर्ष राष्ट्रले, बालसङ्गठनले र जिम्मेवार पदाधिकारीहरूले बिर्सिदिएर आफ्ना बालबालिकाहरूको मुख अँध्यारो पारिदिएको घटनालाई स्मंरणात्मक शैलीमा प्रस्तुत गर्दै साहित्यिक पत्रकार रोचक घिमिरेले उक्त असाधारण बिर्साइको घटना माथि तीखो व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.४.१४ भौतिक कमाइको तुच्छता

यस निबन्धमा निबन्धकार रोचक घिमिरेले **रचना** साहित्यिक पत्रिका प्रकाशन गर्ने सन्दर्भमा भैरव अर्यालसँग भएको छलफल उल्लेख भएको दैनिकीबाट निबन्ध आरम्भ गरेका छन् । उनको घरमा उनका पिताले **गोरखापत्र**, **शारदा**, **साहित्यस्रोत**, **पुरुषार्थ** , **उदय** , **उद्योग** जस्ता नेपाली  र **सरस्वती**, **गङ्गा**, **चाँद**, **सुधा**, **कल्याण** आदि हिन्दी पत्रिका पढ्नुका साथै उनको घरको वातावरण नै साहित्यिक रहेको थियो । उनको घरमा उनका पिताका मित्रहरू साम्वभक्त सुवेदी , लक्ष्मीप्रसाद देवकोटा , मधुसूदन  देवकोटा , हृदयराज शर्मा , योगी नरहरिनाथ , बुद्धिसागर पराजुली , आदिको प्रायः जसो जमघटहुने हुनाले बाल्यकालदेखिनै उनलाई साहित्यतर्फ लाग्ने प्रेरणा मिलेको प्रसङ्ग उल्लेख गरेका छन् । उनले **हालखबर** , **कल्पना** , जस्ता पत्रिका पढ्न थालेका र **कल्पना** मा वि.सं. २०१५ सालमा लेख प्रकाशन गरी साहित्य यात्रा आरम्भ गरेका थिए । वि.सं.२०१६ सालमा पुरुषोत्तम रिसाल मार्फत भैरव अर्यालसँग चिनजानका साथै भैरव अर्यालको मित्रताबाट **रचना** साहित्यिक पत्रिका वि.सं. २०१८

साल असोज २० गते शुक्रबार चौमासिक प्रकाशन हुने गरी **रचना** पत्रिका दर्ता भएको थियो । **रचना** पत्रिकाका लागि रचना सङ्कलनका क्रममा घटेका घटना, प्रकाशनका सन्दर्भमा पाएका दु:ख एवम् विभिन्न व्यक्तिहरूबाट पाएको सहयोग, भैरव अर्याल, रमेश विकल, परशु प्रधान, नवराज चालिसे , बलराम अर्याल, कञ्चन पुडासैनी आदिको योगदान, **रचना** पत्रिका प्रकाशनका क्रममा विभिन्न व्यक्तिहरूको सम्पादकत्त्व **रचना** को उतार चढाव, **रचना** मार्फत ख्याति आर्जन गर्ने साहित्यकारहरू सम्बन्धी चर्चा, साहित्यिक पत्रिकालाई सरकारले हेर्ने दृष्टिकोण, साहित्यिक पत्रिकाको साटो समाचार पत्रिका प्रकाशन गर्ने आफन्तहरूको सल्लाह एवम् सुझाव पाएका थिए । उनले जे जस्तो विषमपरिस्थितिमा पनि **रचना** साहित्यिक पत्रिका प्रकाशन गरेर समाज र राष्ट्रलाई प्रदान गरेको योगदानबाट पाएको ख्याति, सन्तुष्टि र त्यसैबाट सन्तुष्ट भएर भैतिक कमाईलाई तुच्छ ठानेको भाव व्यक्त गरेका छन् ।

**रचना** साहित्यिक पत्रिका प्रकाशन सम्बन्धी सत्य तथ्य जानकारी दिने प्रस्तुत निबन्ध संस्मरणात्मक निबन्धको एक उत्कृष्ट नमूना बनेको छ ।

# अध्याय : पाँच
# रोचक घिमिरेको साहित्यिक योगदानको मूल्याङ्कन

## ५ प्रधान सम्पादक रोचक घिमिरे र 'रचना' साहित्यिक पत्रिका प्रकाशन

साहित्यिक पत्रकार रोचक घिमिरेले सुरूमा भैरव अर्याल रमेश विकल र पछि नवराज चालिसे, पुरुषोत्तम रिसाल, रमेश बाँस्कोटा, वासुदेव त्रिपाठी, क्षेत्रप्रताप अधिकारी भाउपन्थी एवम् सेवक प्रिन्टिङ्ग प्रेसका पुण्यबहादुर श्रेष्ठ जस्ता व्यक्तिहरूको सहयोग प्रेरणा र प्रोत्साहन हौसलाबाट हौसिएर वि.सं. २०१८ साल, मङ्सिरबाट **रचना** प्रकाशन गरी यसलाई निरन्तरता, स्तरीयता प्रदान गरी १११ अङ्कसम्म प्रकाशन गरी गरिमामय तुल्याउनु उनको जीवनको सफलता हो ।

नेपाली भाषा, साहित्यको क्षेत्रमा अमूल्य योगदान पुऱ्याउने साहित्यिक पत्रकार रोचक घिमिरेले साहित्यिक पत्रकारिता र साहित्यलाई आफ्नो जीवनको एक अभिन्न अङ्ग ठानेका छन् । साहित्यिक पत्रिकाको उन्नयनमा समर्पित भएर वि.सं. २०१८ साल, मङ्सिरदेखि **रचना** प्रकाशित गर्ने साहित्यिक पत्रकार रोचक घिमिरे साहित्यिक पत्रकारिता क्षेत्रका पर्याय हुन् । साहित्यिक पत्रकार रोचक घिमिरे र **रचना** साहित्यिक पत्रिका बीच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

आफ्नो परिवारको गाँस काटेर बाबुबाजेले आर्जन गरिदिएको सम्पत्ति रित्याउँदै साहित्यिक पत्रिका प्रकाशन गर्न मन, वचन र कर्मले समर्पित साहित्यिक पत्रकार रोचक घिमिरे एक महान् साधक हुन् । उनले **रचना**लाई नै आफ्नो जीवनको उद्देश्य बनाएर आफ्नो जीवनका स्वर्णिम क्षणहरूलाई यसैको विकासमा लगाएर आफ्नो दक्षता, क्षमता, प्रतिभा, समय अनि सम्पत्ति खर्चेर यस पत्रिकाको सम्पादन, प्रकाशन अनि गुणस्तरलाई कायम राख्न हरतरहले प्रयत्नरत रहेको पाइन्छ ।

साहित्यिक पत्रकार बन्नका लागि आवश्यक गुणहरूका बारेमा उनको विचार यस प्रकार रहेको पाईन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने योग्य साहित्यिक पत्रकार बन्न साहित्यलाई नै ईश्वर सम्झेर आफ्नो तन, मन, धन सम्पूर्ण साहित्यिक

पत्रकारितामा अर्पण गर्न सक्ने गुणको खाँचो पर्दछ । त्यस्तो ईश्वरले तथास्तु भनेर धनधान्यको वरदान कहिल्यै दिँदैन । अतः भौतिक फल प्राप्तिको आशा योग्य साहित्यिक पत्रकार बन्न चाहनेले कहिल्यै राख्नु हुँदैन ।

सेवा र समर्पणकै भावनाले मात्र यस क्षेत्रमा लाग्नु पर्दछ । सेवा र समर्पणकै क्रममा यदाकदा फल प्राप्त हुनु अर्कै कुरा हो । यस बाहेक साहित्यिक पत्रकारमा भाषा, व्याकरण, विभिन्न साहित्यिक विधाबारे जानकारी आवश्यक हुन्छ । विभिन्न पक्षका र विभिन्न पुस्ताका प्रवृत्तिबारे जानकारी आवश्यक हुन्छ । विभिन्न पुस्ताका साहित्यकारहरूमा समान सद्भाव र श्रद्धा राख्नु पनि साहित्यिक पत्रकारको कर्तव्य हो । नयाँ प्रतिभाप्रति उदार भाव राख्दै तिनलाई प्रकाशमा ल्याउने विशेष कर्तव्य साहित्यिक पत्रकारको हुन्छ । साहित्यिक पत्रकारहरू भनेको साहित्यकार उत्पादनशाला पनि हुन् । एउटा योग्य साहित्यिक पत्रकारकै प्रोत्साहनले नव प्रतिभाहरू स्थापित हुन्छन् तिनले साहित्यको भण्डार समृद्ध पार्दछन् । योग्य साहित्यिक पत्रकारहरूमा उपयुक्त गुणहरूको खाँचो पर्ने मलाई लाग्दछ भन्न विचार व्यक्तगर्दै विचार अनुरूप धैर्यधारण गरेर निरन्तर आफ्नो कर्तव्यमा साधनारत रहने साहित्यिक पत्रकार रोचक घिमिरेले साहित्यिक पत्रकारितामा उल्लेखनीय सेवा गरेका छन् ।

## ५.१ साहित्यिक पत्रकार रोचक घिमिरेले पत्रकारिता क्षेत्रमा गरेका उल्लेखनीय कार्यहरू

रोचक घिमिरेले सरकारबाट नियुक्ति पाएर प्रेस काउन्सिल नेपालको सदस्य भएर वि.सं. २०५१ सालदेखि वि.सं.२०५५ सालसम्म कार्य गर्ने अवसर प्राप्त गरेका थिए । चार वर्षको उक्त अवधिमा उनले प्रेस काउन्सिलका लागि विभिन्न उल्लेखनीय कार्यहरू गरे । सर्वप्रथम उनी संयोजक रहेर काउन्सिलमा 'साहित्यिक पत्रकारिता विकास उप-समिति' गठन गरियो । जसमा रघुजी पन्त, किशोर नेपाल, नगेन्द्रराज शर्मा, अच्युतरमण अधिकारी आदि सदस्य रहेका थिए । त्यही उप-समितिले प्रत्येक साहित्यिक पत्रिका दुईप्रति किनेर काउन्सिलमा अभिलेख राख्ने कार्यको आरम्भ गर्नुका साथै प्रेस कायन्सिलद्वारा साहित्यिक पत्रकार एवम् सहित्यिक पत्रिकालाई पुरस्कृत,

सम्मानित गर्ने कार्यको थालनी भयो ।[७०] यसका अतिरिक्त गोष्ठी आयोजना गर्नुका साथै साहित्यिक पत्रकारिता विषयक कार्यपत्र एवम् टिप्पणी प्रस्तुत गर्ने प्रथाको आरम्भ भयो । प्रेस काउन्सिल नेपालले त्यस समयदेखि थालनी गरेका यी कार्यहरुलाई आज पनि निरन्तरता दिँदै आएको छ भने सरकारले सधैं अनुत्पादक भनेर उपेक्षा गर्ने गरेको साहित्यिक पत्रकारिता क्षेत्रप्रति आफ्नो दायित्व ठानेर केही महत्त्व दिन थालेको पाइन्छ ।[७१]

वि.सं. २०६३ सालमा नेपाल साहित्यिक पत्रकार महासङ्घको अध्यक्ष पदमा निर्वाचित भएपछि पनि रोचक घिमिरेले साहित्यिक पत्रकारिताका समस्याप्रति सरकार र प्रेस काउन्सिलको ध्यानाकर्षण गराउन अनेक उपलब्धिमूलक कार्यहरूगरे फलस्वरूप साहित्यिक पत्रिका पनि प्रेस काउन्सिलको वर्गीकरण प्रक्रियामा पर्न थाले । सूचना विभागले नियमित साहित्यिक पत्रिकालाई विज्ञापन उपलब्ध गराउनुका साथै सरकारले वार्षिक बजेटमा साहित्यिक पत्रिकालाई सहयोग गर्न रकम छुट्याएर नेपाल प्रज्ञा प्रतिष्ठान मार्फत सहयोग गर्ने व्यवस्था मिलाएको थियो ।[७२]

प्रेस काउन्सिल नेपालका सदस्य अनि नेपाल पत्रकार महासङ्घका अध्यक्षका रूपमा रहेर निरन्तर साहित्यिक पत्रिका मार्फत समाज र राष्ट्रलाई सेवा गर्ने रोचक घिमिरेको योगदानलाई नेपाली वाङ्मय क्षेत्रले उच्च मूल्याङ्कन गर्दै उनलाई प्रशंसा, सम्मान अनि पुरस्कृत गरेर उनको योगदानको कदर गरेको पाइन्छ ।

## ५.२ साहित्यिक पत्रकार रोचक घिमिरेको साहित्यिक पत्रकारिताको विशेषता

आत्मसंयमी, धैर्यवान्, सहिष्णु, अठोट एवम् उच्च मनोबल भएका, जीवनलाई अनुशासित बनाई समाज र राष्ट्रको उत्थानमा साहित्यिक पत्रकारिताको मार्ग वरण गर्ने साहित्यिक पत्रकार रोचक घिमिरेले लेख, संस्मरण, निबन्ध, समीक्षा, समालोचना, भूमिका, सम्पादकीय, विधामा आफ्नो लेखनी सवल बनाएका साहित्यकारहरूका बारेमा खोज तलास गरी जानकारी हासिल गरेर, सत्य उद्घाटन गर्ने, आफ्नो सम्पूर्ण समय

७० नगेन्द्रराज शर्मासँगको कुराकानी अनुसार
७१ अच्युतरमण अधिकारीसँगको कुराकानी अनुसार
७२ शोधनायकसँगको कुराकानी अनुसार

साहित्य, साहित्यकार पत्रकारिता, अनि पत्रकारहरूलाई दिएर आफ्नो निजी प्रयासबाट साहित्यिक पत्रिका सम्पादन, प्रकाशन गरी स्थापित साहित्यकारहरूलाई सम्मान गर्ने र नवप्रतिभाहरूलाई साहित्यिक पत्रिकामा उचित स्थान प्रदान गर्ने अनि लेख-संस्मरण समीक्षा, भूमिकाहरूमा साहित्यकारहरूका गुण दोष दुवै पक्षको विश्लेषण गर्नु उनका कृतिगत, साहित्यिक अनि साहित्यिक पत्रकारिताका विशेषताहरू हुन् ।

## ५.३ निष्कर्ष

साहित्यिक पत्रिका **रचना** को सम्पादन प्रकाशनमा मात्र सिमित नरही लेख, संस्मरण, निबन्ध, समालोचना, समीक्षा, भूमिका, सम्पादकीय आदि विधामा कलम चलाएर आफ्नो बहुआयामिक व्यक्तित्वको परिचय दिने साहित्यिक पत्रकार रोचक घिमिरेको साहित्यिक पत्रकारिता क्षेत्रमा अग्रस्थान रहेको छ । स्रष्टा बन्न भन्दा स्रष्टाको रचनालाई सम्पादन गर्ने कार्य गहन दायित्वपूर्ण एवम् चुनौतिपूर्ण कार्यको अभिभारा उठाइ सकेपछि यसको महत्त्व र गरिमालाई सदैव आफ्नो व्यक्तित्व एवम् प्रतिष्ठासँग गाँसेर युगानुकुल बनाइ निरन्तरता प्रदान गरी स्तरीयता कायम गर्नु साहित्यिक पत्रकार रोचक घिमिरे जस्ता धैर्य, अठोट एवम् आत्मबल भएका साधकले मात्र गर्न सक्ने कार्य हो । उनले आफ्नो जीवनमा **रचना** साहित्यिक पत्रिका सम्पादन प्रकाशनमा देखाएको एकग्रता, साधना प्रसंसा योग्य छ ।

# अध्याय : छ

# उपसंहार एवम् निष्कर्ष

साहित्यकार, साहित्यिक पत्रकार रोचक घिमिरे वि.सं. १९९८ साल, भाद्र, ३, गते, पिता पं. सोमनाथ घिमिरे **व्यास** र माता मोहन कुमारी घिमिरेका पुत्रका रूपमा गहीराथोक, सालु गा.वि.स. वडा नं. ९, मन्थली, रामेछाप जिल्लामा जन्मिएका हुन् । तत्कालीन श्री ३ भीमशमशेरकी बुहारी जर्नेल रामशम्शेरकी पत्नी समुद्रकुमारी राणाबाट घरजग्गा, गाईगोठ सहित दानमा पाएका पं. सोमनाथ घिमिरे सपरिवार वि.सं. २००३ सालमा रामेछापबाट काठमाडौँ टङ्गाल स्थित गहनापोखरीमा बसाइँ सर्दा उनी पाँच वर्षका थिए । श्रीपञ्चमीको अवसर पारेर माता पिताबाट अक्षरारम्भ गराइएका रोचकले रानीपोखरी संस्कृत प्रधान पाठशालामा औपचारिक शिक्षा प्रारम्भ गरी इलाहवाद बोर्ड, यू.पी. (उत्तर प्रदेश) बाट अङ्ग्रेजी विषयमा आई.ए. सम्मको औपचारिक शिक्षा हासिल गरे । पं. सोमनाथ घिमिरेका तीन पत्नीबाट, १५ जना सन्तानमा माहिली मोहन कुमारीबाट जेष्ठ सुपुत्रका रूपमा जन्मिएका रोचक दोस्रो सन्तान हुन् ।

वि.सं. २०२३ साल, वैशाख, २८, गते, मेची अञ्चल, ताप्लेजुङ्ग जिल्ला, केनिम गा.वि.स. का भीमनाथ बरालकी सुपत्री सुस्मिता बरालसँग उनी वैवाहिक सूत्रमा बाँधिए । उनका सुधिर घिमिरे र प्रतीक घिमिरे दुई सन्तान छन् ।

सरल, मिलनसार, स्वाभिमानी साहित्यिक पत्रकार रोचक घिमिरे साम्वभक्त सुवेदी 'मुरारी', लक्ष्मीप्रसाद देवकोटा, मधुसूदन देवकोटा, हृदयराज शर्मा, योगी नरहरिनाथ, बुद्धिसागर पराजुली जस्ता व्यक्तित्वबाट प्रभावित देखिन्छन् । उनका मित्रहरूमा भैरव अर्याल, ज्ञानुवाकर पौडेल, नगेन्द्रराज शर्मा, ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटा, विनोद दीक्षित , जगदीश घिमिरे, रमेश विकल, डा. गोविन्दराज भट्टराई, अभि सुवेदी, शिव रेग्मी , रमेश गोर्खाली, भाउ पन्थी, विजय चालिसे, अच्युतरमण अधिकारी, जीवनचन्द्र कोइराला आदि हुन् ।

तारिणीप्रसाद कोइरालाद्वारा सम्पादित **कल्पना** दैनिकमा **के यस वर्ष तोकिएको मितिमा चुनाव होला ?** भन्ने शीर्षक दिएर स्वतन्त्र विचार व्यक्त गर्न माग भएकोमा उनले वि.सं. १०१५, साल, आषाढ, १७, गते जी. एन. रोचकको नामबाट **चुनाव हुँदैन** शीर्षक लेखबाट लेखन यात्रा आरम्भ गरे । घनानाथ शर्मा, रोमिरे, भूषण कश्यप, ज्ञानमूर्ति, बादल शर्मा आदि उपनामबाट विभिन्न पत्रपत्रिकामा लेख /निबन्ध लेख्ने रोचकले वि.सं२०१८ साल-देखि **रचना** साहित्यिक पत्रिका सम्पादन, प्रकाशन गरी, १११ अंक प्रकाशन गर्ने श्रेय हासिल गरेका छन् ।

**सम्झनामा फक्रिएका थुँगाहरू** निबन्ध संग्रह पुस्तकाकार कृति प्रकाशित गरेका साहित्यिक पत्रकार रोचक घिमिरेले विभिन्न ग्रन्थहरूको सम्पादन कार्य गरेका छन् । विभिन्न पत्रपत्रिकामा लेख रचना लेख्ने घिमिरे हाल **विचार र वृतान्त** लेख / निबन्ध संग्रह, **केही स्रष्टा, केही स्मृति** संस्मरण, **नेपाली साहित्यिक पत्रकारिता : विगत र वर्तमान** आदि कृतिहरूको लेखन तथा प्रकाशनको तयारीमा जुटेका छन् ।

साहित्य सेवा गरे वापत **भवानी साहित्यिक पत्रकारिता पुरस्कार** (२०४३), **शिक्षा मन्त्रालय पुरस्कार** (२०४५), **नेपाल प्रज्ञा प्रतिष्ठान साहित्यिक पत्रकारिता पुरस्कार** (२०५६), **लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार** (२०५९), **साहित्यसङगम मकवानपुर पुरस्कार** (२०६०), **सुदूर पश्चिमाञ्चल साहित्यिक सांस्कृतिक महोत्सव अभिनन्दन** (२०६२), आदि पुरस्कारबाट सम्मानित साहित्यिक पत्रकार रोचक घिमिरे आन्तरिक र वाह्य दुवै व्यक्तित्वका धनी व्यक्ति हुन् । जस्तो बोल्ने त्यस्तै काम गर्ने उनी असल, नैतिक चरित्रिक आचरण भएका निडर, स्पष्टवक्ता, स्वावलम्बी, स्वाभिमानी, सङ्घर्षशील विशेषता भएका व्यक्ति हुन् । उनको साहित्यिक र साहित्येतर व्यक्तित्वलाई नियाल्दा उनी सफल देखिन्छन् । उनको साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी मूलतःसंस्मरणात्मक, समीक्षात्मक, जीवनीलेखक, समालोचक, निबन्धकारका साथै एक सफल साहित्यिक पत्रकारिताका सम्पादक, प्रकाशकका रूपमा सफल छन् । उनको साहित्येतर व्यक्तित्वलाई हेर्दा उनी सम्पादक, स्तम्भकार, समाजसेवी व्यक्ति हुन् । उनी नेपाली भाषा बाहेक संस्कृत, हिन्दी, मैथली, अङ्ग्रेजी भाषा पनि बोल्न जान्दछन् ।

साहित्यिक पत्रकार रोचक घिमिरे लगभग चारदशक लामो साहित्य एवम् साहित्यिक पत्रकारिता यात्रामा उनले निरन्तर कार्य गर्दै आएका छन् । उनको साहित्य क्षेत्रमा योगदानको चरण विभाजन गर्ने क्रममा पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण गरी छुट्याउँदा पूर्वार्द्ध चरण अर्थात अभ्यास काललाई वि.सं. २०१५-२०५५ सम्म उनका विभिन्न पत्रपत्रिकामा रहेका फुटकर लेख, समीक्षा, निबन्ध, आदि रहेका छन् । यस कालमा प्रकाशित लेख/निबन्धमा समसामयिक विकृति विसंगतिमाथि चर्चा गर्दै समाजलाई सुधारोन्मुख सन्देश दिएका छन् ।

उनका उत्तरार्द्धचरण अर्थात् साहित्य लेखक एवम् साहित्यिक पत्रकारिता सम्पादन प्रकाशन विकास काललाई हेर्दा वि.सं.२०५६ सालदेखि हालसम्मका कृतिलाई लिन सकिन्छ । विशेष गरी उनको एउटा **सम्झनामा फक्रिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रह यस कालमा प्रकाशित उत्कृष्ट कृति हो । यस कृतिमा उनले यथार्थतामा रहेर जीवनीपरक, खोजमूलक, अनुसन्धानात्मक, संस्मरणात्मक निबन्ध लेखेका छन् । उनको **रचना** पत्रिकामा भएका सम्पादकीय एवम् फुटकर विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, समीक्षा, सम्पादकीय, भूमिका आदिमा समसामयिकता, सामाजिक विकृति, कुरीतिप्रति विद्रोह, सामाजिक चेत् एवम् राष्ट्रियताको भाव झल्किएको पाइन्छ ।

समीक्षा, समालोचना, सम्पादकीय लेख्दा वरिष्ठ साहित्यकारहरूको प्रभावमा नपरी निडर एवम् निर्भीक भएर स्पष्ट रूपमा आफ्नो सम्पादकीय, समीक्षा, भूमिका एवम् निबन्ध, लेखहरूमा आफ्ना विचार व्यक्त गरेका छन् ।

साहित्यिक पत्रकार रोचक घिमिरे मूलतः साहित्यकारभन्दा पनि एक सफल साहित्यिक पत्रकार हुन् । वि.सं. १९९१ सालमा प्रकाशित साहित्यिक पत्रिका **शारदा**, यसैगरी **साहित्य स्रोत**, **पुरुषार्थ**, **उदय**, **उद्योग**, **रूपरेखा**, **समीक्षा**, **अभिव्यक्ति**, **उन्नयन**, **गरिमा**, **मिर्मिरे** जस्ता साहित्यिक पत्रिकाहरूले नेपाली भाषा साहित्यलाई जति योगदान दिएका छन् त्यति नै योगदान उनीद्वारा सम्पादित, प्रकाशित **रचना**ले पनि नेपाली साहित्य क्षेत्रमा अमूल्य योगदान पुऱ्याएको छ । आफ्नो निजी प्रयासबाट साहित्यिक पत्रिका सम्पादन, प्रकाशन गरी स्थापित साहित्यकारहरूलाई सम्मान गर्ने र

नवप्रतिभाहरूलाई साहित्यिक पत्रिकामा उचित स्थान प्रदानगरी साहित्य लेखनमा प्रेरितगर्ने उनका साहित्यिक पत्रकारिताका गुण हुन् ।

साहित्यिक पत्रिका **रचना**को सम्पादन र प्रकाशनमात्रमा सीमित नरही लेख, समीक्षा, भूमिका, सम्पादकीय, समालोचना, निबन्धआदि साहित्यिक पत्रकारिता क्षेत्रमा उनको अग्रस्थान रहेको छ । स्रष्टा बन्नुभन्दा स्रष्टाको रचनालाई सम्पादन गर्ने कार्य गहन दायित्वपूर्ण एवम् जटिल कार्य हो । सम्पादक जस्तो जिम्मेवारीपूर्ण कार्यको दायित्व उठाइसकेपछि यसको महत्त्व एवम् प्रतिष्ठासँग गाँसेर युगानुकुल बनाइ निरन्तरता प्रदान गरी स्तरीयता कायम गर्नु साहित्यिक पत्रकार रोचक घिमिरे जस्ता निष्ठावान्, आत्मवल उच्च भएका साधकले मात्र पूरा गर्न सक्ने कार्य हो । उनले आफ्नो जीवनमा **रचना** साहित्यिक पत्रिका सम्पादन, प्रकाशन गर्न देखाएको एकाग्रता, साधना प्रशंसा योग्य रहेको छ ।

साहित्यिक पत्रकार रोचक घिमिरेको साहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानले नेपाली साहित्य अनि साहित्यिक पत्रकारिताको क्षेत्रलाई मजबुत अनि सबल बनाएका छन् । उनको यस कार्यले राष्ट्र र राष्ट्रियताको सन्देश पनि मिलेको छ । उनको यसकार्यलाई समाज अनि राष्ट्र सेवाको रूपमा लिनु पर्दछ । साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेको बारेमा आगामी दिनमा निम्नलिखित विषयहरूमा शोधकार्य गर्न सकिन्छ :

क. साहित्यिक पत्रकार रोचक घिमिरेको निबन्धकारिताको अध्ययन र विश्लेषण

ख. साहित्यिक पत्रकार रोचक घिमिरेको सम्पादकीय कलाको अध्ययन र विश्लेषण

ग. साहित्यिक पत्रकार रोचक घिमिरेले नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको अध्ययन र मूल्याङ्कन

# सन्दर्भ सामग्री

## आधार ग्रन्थ सूची

- घिमिरे, रोचक, **सम्झनामा फक्रिएका थुँगाहरू**, काठमाडौँ, साझा प्रकाशन, २०५६

## सन्दर्भग्रन्थ सूची


- ओझा, दशरथ, **समीक्षा शास्त्र**, दिल्ली : राजपाल एण्ड सन्स् ई. १९७५
- कोइराला, जीवनचन्द्र, **रामेछाप जिल्लाको साहित्यिक सिंहावलोकन**, मन्थली रामेछाप, जगदीश घिमिरे प्रतिष्ठान-२०६४
- पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली**
- पोखरेल, बालकृष्ण, त्रिपाठी वासुदेव, **नेपाली बृहत् शब्दकोष**, काठमाडौँ, ने.रा.प्र.प्र. २०५०
- वर्मा, धीरेन्द्र, **वर्मा ब्रजेश्वर आदि हिन्दी साहित्य कोष भाग १**, वाराणसी ज्ञानमण्डल लिमिटेड ई. १९८५
- श्रेष्ठ, दयाराम, शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, आठौँ संस्करण ललितपुर साझा प्रकाशन, २०६३
- सिवाकोटी, शेषराज (सम्पा.) **रोचक घिमिरे अक्षरको अभिवादन**, प्रथम संस्करण काठमाडौँ, ज्ञानगुन साहित्य प्रतिष्ठान २०५४
- सिवाकोटी, शेषराज (सम्पा.) **ज्ञानगुनका कुरा भाग- १०९**, रोचक घिमिरे अङ्क-५, काठमाडौँ, ज्ञानगुन प्रकाशन २०६४
- सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध भाग-३**, चौथो संस्करण, काठमाडौँ : पाठ्य सामग्री पसल, २०६३

**सन्दर्भ पत्रपत्रिका सूची**


- घिमिरे, रोचक **कवि शिरोमणिको दाह्री रहस्य**, नेपाल राष्ट्रिय साप्ताहिक-२०६५, माघ ५, आइतवार
- जयदेव, **सम्झनामा फक्रिएका थुँगाहरू** (कृति समीक्षा), गोरखापत्र, दैनिक, २०५६, माघ, ८
- गिरी गोविन्द, **प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार र रोचक घिमिरे**, गतिविधि साप्ताहिक २०५३, चैत्र ५, मंगलबार
- ब्राजाकी, मनु, **सुवासित फूलका थुँगाहरू**, हिमाल, २०५६, मंसिर, १६-१९
- भट्टराई, देवेन्द्र, **इतिहास जीवनी र स्मृतिको सँगालो**, हिमालय टाइम्स, दैनिक, २०५६, असोज, १
- भट्टराई, देवेन्द्र, **रचनादेखि रचनासम्म**, कान्तिपुर दैनिक (कोसेली) २०६०, माघ, १०, शनिवार
- वस्ती, विवश, **सैंतीस वर्षअघि यसको दाम थियो डेढ रुपयाँ**, बुधवार साप्ताहिक, २०५५, फागनु ५
- विवश, ज्ञानेन्द्र, **इतिहास जीवनी र स्मृतिको संगालो**, हिमालय टाइम्स, दैनिक, २०५६, असोज,
- शर्मा, शाश्वत, **रोचकको सम्झनाका रोचक थुँगाहरु**, नेपाल समाचारपत्र, दैनिक, २०५७, असार ११
- सिलवाल, छविरमण, विक्ली पोष्ट, साप्ताहिक, वर्ष १, अङ्क-४, २०६५, मंसिर २९, आइतवार
- सुवेदी, देवीप्रसाद, **रोचकजीको यो यात्रा कहिलेसम्म** ?, युगसंवाद, साप्ताहिक, २०६१, फागुन, ११, मंगलवार
- सुवेदी, देवीप्रसाद, **अभिनन्दनको यो शृङ्खला**, युगसम्वाद साप्ताहिक, २०५३, चैत्र ५, मंगलबार

**शोधपत्र सूची**


- आचार्य, अनिता, **नेपाली साहित्यको विकासमा रचना पत्रिकाको योगदान र मूल्याङ्कन**, स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर, २०६५
- थापा, सुरेन्द्रवर सिंह, **नेपाली साहित्यमा "रचना" पत्रिकाको योगदान**, स्नातकोत्तर तह अप्रकाशित शोधपत्र, त्रि. वि. कीर्तिपुर-२०३६

# परिशिष्ट

## साहित्यकार दिव्य गिरीसँगको अन्तर्वार्ता

मिति २०६७, पौष १० गते, शनिवार, ७ बजे टीकाथली-४, निजी निवास

**व्यक्तित्व**

१. **साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेलाई तपाईंले चिन्नु भएको कति वर्ष भयो ? उहाँसँग तपाइँको चिनजान कसरी भयो ?**

- साहित्यिक पत्रकार रोचक घिमिरेज्यूसँगको मेरो परिचय भएको पनि अहिले ३० वर्ष भईसक्यो । २०३६ सालको **सडक कविता क्रान्ति** मा सहभागी हुँदादेखि मात्र मैले साहित्यकारहरूसँग परिचय गर्ने अवसर पाएको हुँ । त्यसै सिलसिलामा तिनताका हामी साहित्यकारहरू साँझतिर प्राय : जसो न्यूरोडको पिपलबोटमा जम्मा हुँन्थ्यौं । अभिव्यक्तिका सम्पादक नगेन्द्रराज शर्माज्यूसँग त मेरो २०३० सालदेखि नै परिचय भएको थियो । हामी यौटै कार्यालयमा सँगै काम गर्दथ्यौं । नगेन्द्रराज शर्मा र साहित्यिक पत्रकार रोचक घिमिरे प्रायजसो सँगसँगै हिँड्नु हुन्थ्यो । साहित्यिक पत्रकार रोचक घिमिरेसँग मेरो परिचय गराउनु भएको नगेन्द्रराज शर्माले नै हो न्यूरोडको पिपलबोटमा । त्यसपछि काठमाडौंमा हुने साहित्यिक कार्यक्रमहरूमा साहित्यिक पत्रकार रोचक घिमिरेसँग मेरो बरोबर भेटघाट हुन थाल्यो । त्यसरी भेट हुँदा उहाँ मलाई **रचना**का नयाँ अङ्कहरू दिनुहुन्थ्यो । तिनताका साहित्यिक पत्रिकाहरू ज्यादै थोरै निस्किन्थे र यौटा साहित्यिक पत्रिका पढ्न पनि महिनौं कुर्नु पर्दथ्यो । त्यसैले हामी भारतीय साहित्यिक पत्रिका **धर्मयुग, कादम्बिनी**, **नवनीत**, **सारिका** आदि पढ्थ्यौ । त्यस्तो अवस्थामा नेपाली साहित्यिक पत्रिका पाएपछि त्यसमा छापिएका सम्पूर्ण लेख-रचनाहरू पढ्दथें म ।

२. **उहाँको व्यक्तित्व कस्तो लाग्छ ? कुन रूपमा हेर्नु हुन्छ ?**

- उहाँको व्यक्तित्व अत्यन्त सौम्य र विशिष्ट लाग्छ मलाई । उहाँको व्यवहार साह्रै सरल र सहृदयी छ । सधैं शान्त स्वभाव र साधारण प्रकृति उहाँको विशेषता हो । उहाँ थोरै

बोल्ने तर महत्त्वपूर्ण कुरा मात्र गर्नुहुन्छ । छलकपट र छक्कापञ्जाबाट नितान्त टाढा हुनु भएकै कारण उहाँ सबैको प्रिय हुनुहुन्छ । नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा यौटा इतिहास बनिसक्नु भएको साहित्यिक पत्रकार रोचक घिमिरेले निस्वार्थभावमा देशको भाषा-साहित्यको सेवा गर्नु भएको छ । त्यो नै उहाँको सबैभन्दा ठूलो त्याग र समर्पण हो । नेपाली साहित्यिक पत्रिकारिताको क्षेत्रमा **रचना**को पर्याय हुनुभएको छ साहित्यिक पत्रकार रोचक घिमिरे । अर्थात रचना भनेपछि **रोचक** र रोचक भनेपछि **रचना** भन्ने सम्झन्छन् साहित्यकारहरू ।

३. **उहाँको बाह्य एवम् आन्तरिक व्यक्तित्व बीचको कस्तो भिन्नता रहेको छ ?**

- साहित्यिक पत्रकार रोचक घिमिरेको बाह्य र आन्तरिक व्यक्तित्वबीचको स्वभावमा खासै फरक भेट्दिन म । उहाँ जे भन्नु हुन्छ त्यो गर्नु हुन्छ । मुखले यौटा कुरा कामले अर्को कुरा गर्ने व्यक्तिमा मैले उहाँलाई देखेको छैन । उहाँले वि.सं. २०१८ सालदेखि हालसम्म पनि **रचना** को प्रकाशन गर्दै आउनुभएको छ र जीवन त्यसैमा नै समर्पण गर्नु भएको छ । यस्तो कार्य गर्ने मान्छेहरू औंलामा गन्न सकिन्छ । **रचना** प्रकाशनको सिलसिलामा उहाँले कति दुःख, कष्ट र हण्डर पाउनु भयो होला त्यो उहाँलाई नै थाहा होला र पनि उहाँले **रचना** लाई आजसम्म पनि प्रकाशित गर्दै आउनुभएको छ । त्यसै कारण पनि उहाँको व्यक्तित्व आदरणीय, प्रशंसनीय र स्तुत्यमय छ भन्छु म ।

**साहित्य**

४. **साहित्यिक पत्रकार रोचक घिमिरेले लेख्नु भएको लेख रचना एवम् उहाँद्वारा सम्पादित रचना पत्रिका पढ्नु हुन्छ ?**

- साहित्यिक पत्रकार रोचक घिमिरेका यदाकदा प्रकाशित हुने लेख-रचनाहरूको अलावा **रचना** को नियमित पाठक हुँ म । **रचना** मा प्रकाशित हुने साहित्यिक लेखहरूले कवि लेखकलाई मात्र होइन विद्यार्थीहरूको पठन-पाठनमा समेत सहायक सामग्रीको रूपमा रहेको छ ।

**५. उहाँको पुस्तकाकार कृति पढ्नु भएको छ ? कस्तो लाग्छ ?**

- साहित्यिक पत्रकार रोचक घिमिरेका फुटकर रचना बाहेक मैले पढेको सिँगो कृति हो **सम्झनामा फक्रिएका थुँगाहरू** । संस्मरणात्मक लेखहरूको यस सङ्ग्रहमा उहाँले **रचना** प्रकाशनका शुरुका वर्षदेखि र पछिल्ला समयमा समेत सङ्गत गरिएका नेपाली साहित्यका ख्यातिप्राप्त साहित्यकारहरू जस्तो कि हास्यव्यङ्ग्यकार भैरव अर्याल, युगकवि सिद्धिचरण श्रेष्ठ, कवि तथा गीतकार हरिभक्त कटुवाल, विद्वान् राहुल सांस्कृत्यायन, वरिष्ठ समालोचक ईश्वर बराल, हास्यव्यङ्ग्यकार अर्थात भूतको भिनाजुको नामले परिचित वासुदेव शर्मा लुईंटेल, लेखक एवम् सम्पादक काशीबहादुर श्रेष्ठ, कथाकार भवानी भिक्षु, ख्यातिप्राप्त विद्वान् योगि नरहरिनाथ, गायक मास्टर रत्नदास प्रकाश आदिका बारेमा लेखिएका संस्मरणात्मक सत्य-तथ्य विवरणले पाठकलाई धेरै ज्ञान प्रदान गर्दछ । **रचना** प्रकाशन गर्ने सिलसिलामा सङ्गत गरिएका र सम्बन्ध गाँसिएका प्रसिद्ध साहित्यकार, सङ्गीतकार, गायक, कलाकार आदिको बारेमा आफ्नो अनुभवलाई उहाँले निर्भिक भएर स्पष्टताका साथ व्यक्त गर्नु भएको छ यस सङ्ग्रहमा । उहाँले आफूले चिनेजानेका व्यक्तिहरूको बानी-व्यहोरा, चालचलन र उनीहरूले नेपाली साहित्यको क्षेत्रमा दिनु भएको योगदानको महत्त्वपूर्ण चर्चा गर्नु भएको छ । उहाँको लेखनीमा पाइने सबैभन्दा महत्त्वपूर्ण कुरा हो उहाँको भाषा, शैली र प्रस्तुतीकरण एकदम् सरल छ र कुनै पनि कुरालाई नलुकाईकन स्पष्ट लेख्नु भएको छ । उदाहरणको लागि युगकवि सिद्धिचरण श्रेष्ठको बाहिरीरूप र भित्रीरूपमा जुन भिन्नता उहाँले देख्नु भयो सो जस्ताको तस्तै उल्लेख गर्नु भएको छ । वास्तवमा भन्नुपर्दा लेखकको धर्म पनि यही हो कि उसले जे देख्यो, जे भोग्यो र जस्तो अनुभव गऱ्यो त्यसलाई साहित्यको माध्यमबाट आम पाठक सामु व्यक्त गर्नु । तर सबै लेखकमा त्यो गुण र क्षमता नहुन सक्छ । साहित्यिक पत्रकार रोचक घिमिरेको यो कृति नेपाली साहित्यिक पाठकहरूको निम्ति यौटा महत्त्वपूर्ण दस्तावेज हुन पुगेको छ ।

**६. उहाँलाई तपाइँ कस्तो साहित्यकार एवम् साहित्यिक पत्रकारको रूपमा हेर्नु हुन्छ ?**

- उहाँलाई साहित्यकारभन्दा पनि बढी साहित्यिक पत्रकारको रूपमा हेर्नु उपयुक्त ठान्छु । किनकि उहाँले आफ्ना साहित्यिक कृतिहरूबाट भन्दा पनि धेरै साहित्यिक पत्रकारिता मार्फत नेपाली भाषा साहित्यमा योगदान दिनु भएको छ । यद्यपि उहाँका साहित्यिक कृतिहरू संख्यात्मक हिसाबले थोरै भए पनि ती कृतिहरू महत्त्वपूर्ण र विशेष छन् ।

**७. नेपाली साहित्यको उन्नयनमा रचना पत्रिकाले पुऱ्याएको योगदानलाई तपाइँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- **रचना** यौटा स्तरीय साहित्यिक पत्रिका हो । सरकारी वा व्यक्तिले प्रकाशित गर्ने साहित्यिक पत्रिकाहरूमा यसले पनि विशिष्ट स्थान पाएको छ । त्यसैले नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा **रचना** ले पुऱ्याएको योगदानलाई उच्चश्रेणीमा राखेर हेर्नु पर्दछ । कारण यौटा व्यक्तिको आफ्नो देशको भाषा-साहित्यप्रति जीवनभर समर्पित भएर पुऱ्याएको योगदानलाई सही मूल्याङ्कन गरिएन भने त्यसप्रति जानिजानि गरिएको अन्याय हुन जान्छ ।

**८. साहित्य, एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उहाँको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- यो प्रश्नको उत्तर अलिकति त माथि नै दिइसकेको छु । तापनि नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदानलाई विशिष्ट स्थान दिनु पर्दछ । किनकि उहाँले गर्नु भएको साहित्यिक सेवानै उहाँको जीवनभरको कमाई हो जो यौटा इतिहास बनेको छ ।

**९. तपाइँको विचारमा उहाँ साहित्यकार वा साहित्यिक पत्रकार कुन क्षेत्रमा सफल हुनु हुन्छ ?**

- उहाँ साहित्यकार र साहित्यिक पत्रकार दुवै हुनुहुन्छ तापनि उहाँले गर्नु भएको साहित्यिक योगदान र साहित्यिक पत्रकारिताको योगदानलाई तुलनात्मक हिसाबले मूल्याङ्कन गर्दा उहाँ साहित्यिक पत्रकारिताको क्षेत्रमा नै बढी सफल हुनु भएको मेरो

व्यक्तिगत मूल्याङकन छ । जीवनको लगभग ५० वर्षसम्म साहित्य र साहित्यिक पत्रकारितामा लाग्नु भनेको ठट्टा होइन । मलाई विश्वास छ यो निरन्तरता उहाँले जीवनभर दिइरहनुरहेको छ ।

**१०. समाज सेवा र राजनीति क्षेत्रमा उहाँलाई तपाइँ कुन रूपमा हेर्नु हुन्छ ?**

- खासमा भन्नुपर्दा मैले उहाँलाई चिनेको साहित्यकारको रूपमा मात्रै हो । त्यो बाहेक उहाँको अरु व्यक्तित्वको बारेमा म अनभिज्ञ नै छु ।

**११. साहित्यिक पत्रकार रोचक घिमिरे र तपाईं बीच के कस्ता समानता र असमानता रहेको छ ?**

- साहित्यिक पत्रकार रोचक घिमिरे र म बीचको यौटै समानता भनेको हामी दुबै साहित्यकार हौं । उहाँको अर्को व्यक्तित्व पनि छ । त्यो भनेको साहित्यिक पत्रकार । उहाँ उमेर र अनुभवबाट पनि म भन्दा वरिष्ठ हुनुहुन्छ । म उहाँको साहित्यको प्रशंसक र पाठक हुँ । र उहाँको शुभचिन्तक पनि ।

**१२. साहित्यिक पत्रकार रोचक घिमिरेबाट भविष्यमा तपाईं कस्तो योगदानको आशा राख्नु हुन्छ ?**

- आफ्नो जीवनको अधिकाँश समय नेपाली भाषा साहित्यको सेवामा समर्पित भएको व्यक्तिबाट अरु कुराको भन्दा पनि साहित्यिक कृतिहरूकै अपेक्षा गर्नु पर्दछ । म चाहन्छु उहाँले साहित्यिक पत्राकारितामानै निरन्तरता दिनु रहेको छ ।

**१३. अन्त्यमा साहित्यिक पत्रकार रोचक घिमिरेका बारेमा तपाईं कस्तो विचार व्यक्त गर्न चाहनु हुन्छ ?**

- साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेलाई मैले हेर्ने दृष्टिकोण भनेको यौटा साहित्यकारले अर्को साहित्यकारलाई हेर्ने दृष्टिकोणभन्दा फरक अर्को हुँदैन सायद । त्यसैले म उहाँलाई अत्यन्त आदरपूर्वक हेर्छु, उहाँको साहित्यिक योगदानको उच्चमूल्याङ्कन गर्छु र उहाँले साहित्यिक पत्रकारिताको क्षेत्रमा गर्नुभएको त्याग र

सेवाप्रति हृदयदेखि नै आभार व्यक्त गर्दै उहाँलाई देशको यौटा सच्चा नागरिक, असल मानिस र त्यागी व्यक्तिको रूपमा पाएको छु ।

## साहित्यकार विनोद दीक्षितसँगको अन्तर्वार्ता

मिति २०६७, पुष १३ गते मंगलवार बिहान ७ बजे उहाँको निजी निवास कालिका स्थान वडा नं. ३२

**व्यक्तित्व**

१. **साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेलाई तपाईंले चिन्नु भएको कति वर्ष भयो ? उहाँसँग तपाइँको चिनजान कसरी भयो ?**

- हालखबर दैनिकका प्रधान सम्पादक रङ्गनाथ शर्माको पत्रिकामा बुवा मदनमणि दीक्षित पनि हुनुहुन्थ्यो, त्यहाँ **समीक्षा** साहित्यिक पत्रिकासँग सम्बन्धित रमेश विकल, **रूपरेखा** सँग सम्बन्धित भैरव अर्याल सँग **हालखबर** पत्रिकाको कार्यालय रोचकजी पनि आउने गर्नुहुन्थ्यो । यसै क्रममा वि.सं. २०१८ सालमा **रचना** पत्रिका प्रकाशन गर्ने क्रममा उहाँ सँग मेरो भेट र चिनजान भएको हो ।

२. **उहाँको व्यक्तित्व कस्तो लाग्छ ? कुन रूपमा हेर्नु हुन्छ ?**

- साहित्यप्रति समर्पित, नेपालको सन्दर्भमा सबै जानकारी राख्ने, साहित्यबारे त्यत्तिकै जानकारी राख्ने, ढाट्ने प्रवित्तिबाट टाढा रहने, असल मित्र, सहृदयी, गम्भीर स्वभावका व्यक्तित्व भएको व्यक्ति रोचक हुन् ।

३. **उहाँको बाह्य एवम् आन्तरिक व्यक्तित्व बीचको कस्तो भिन्नता रहेको छ ?**

- आत्मसंयमी, धैर्यवान, सहिष्णु, अठोट एवम् उच्च मनोबल भएका जीवनलाई अनुशासित बनाई हिड्ने रोचक परिवारप्रति समर्पित, परिवारसँग छलफल गरेर मात्र कार्यगर्ने अनुशासित व्यक्ति हुन् । यात्राको क्रममा सबै प्रबन्ध गरेर हिड्ने रोचक आन्तरिक र बाह्य व्यक्तित्वमा फरकपन नराख्ने अनुशासित व्यक्ति हुन् ।

साहित्य

**४. साहित्यिक पत्रकार रोचक घिमिरेले लेख्नु भएको लेख रचना एवम् उहाँद्वारा सम्पादित रचना पत्रिका पढ्नु हुन्छ ?**

- उहाँका लेख, रचना एवम् उहाँद्वारा सम्पादित **रचना** पत्रिका मैले पनि पढ्ने गरेको छु । सम्पादनका दृष्टिले **रचना** एक उत्कृष्ट पत्रिका हो । उहाँको पत्रिकामा भाषागत त्रुटि भेटिदैन । उहाँका लेख, रचना र सम्पादकीयहरू गहन हुन्छन् ।

**५. उहाँको पुस्तकाकार कृति पढ्नु भएको छ ? कस्तो लाग्छ ?**

- पढ्को छु । उहाँद्वारा लिखित **सम्झनामा फर्किएका थुँगाहरू** संस्मरणात्मक निबन्ध संग्रह चर्चित पुस्तक हो । कतिपय व्यक्तित्वहरूका कमजोरीहरूलाई पनि निष्पक्ष रूपमा व्यक्त गरिएको यो कृति बैद्धिक, रोचक एवम् संस्मरणात्मक निबन्धमा उत्त्कृष्ट कृति हो ।

**६. उहाँलाई तपाइँ कस्तो साहित्यकार एवम् साहित्यिक पत्रकारको रूपमा हेर्नु हुन्छ ?**

- जनमासमा उहाँ लेखकभन्दा सम्पादक क्षेत्रमा सिद्धहस्त मानिनुहुन्छ । फुटकर रचना सम्पादकीय भूमिका आदिमा पनि सिद्धहस्तता देखाउने साहित्यिक पत्रकार रोचक घिमिरे लेख, समीक्षाहरूमा उत्त्कृष्ट मानिनुहुन्छ ।

**७. नेपाली साहित्यको उन्नयनमा रचना पत्रिकाले पुऱ्याएको योगदानलाई तपाइँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- आजका स्थापित लेखकहरू रचनाको माध्यमबाट यस स्थानसम्म पुगेकाहुन भन्नुमा अतियुक्ति हुँदैन । नव प्रतिभाहरूलाई स्थान दिएर प्रोत्साहित गर्ने नीजि क्षेत्रबाट प्रकाशित हुने **रचना** पत्रिकाले नेपाली साहित्यको उन्नयनमा अमूल्य योगदान पुऱ्याएको छ ।

**८. साहित्य, एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उहाँको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- साहित्य एवम् साहित्यिक पत्रकारिता क्षेत्रलाई नै आफ्नो कार्यक्षेत्र बनाएर वि.सं. २०१८ सालदेखि हालसम्म निरन्तर रूपमा १११ अकं सम्म सफलता पूर्वक साहित्यिक पत्रिका प्रकाशन गर्नु चानचुने कुरा होइन । धैर्य, अठोट र लगनशिलताका साथ साहित्यिक पत्रकारिता क्षेत्रमा निरन्तर लागेर समाज र राष्ट्रका लागि उनले अमूल्य योगदान दिएका छन् ।

**९. तपाइँको विचारमा उहाँ साहित्यकार वा साहित्यिक पत्रकार कुन क्षेत्रमा सफल हुनु हुन्छ ?**

- लेख, समीक्षा, सम्पादकीय, भूमिका, निबन्ध, आदि विधामा सिद्धहस्त साहित्यिक पत्रकार रोचक घिमिरे साहित्यिक पत्रकारिता क्षेत्रमा अग्रणी भूमिका खेल्ने व्यक्तित्व हुन् । मेरो विचारमा साहित्यिक पत्रकारिता क्षेत्रमा अझ उनी सफल देखिन्छन् ।

**१०. समाज सेवा र राजनीति क्षेत्रमा उहाँलाई तपाइँ कुन रूपमा हेर्नु हुन्छ ?**

- कुनै दलमा सक्रिय भएर नलागेका साहित्यिक पत्रकार रोचक घिमिरे भैरव अर्याल र रमेश विकलको संगतबाट वामपन्थी जस्ता देखिए पनि उनी सचेत जनताका पक्षधर, प्रगतिशिल विचारधाराका व्यक्ति हुन् । विभिन्न संघ, संस्थासँग आवद्धरहेका साहित्यिक पत्रकार रोचक घिमिरेले साहित्य र साहित्यिक पत्रकारिता क्षेत्रबाट समाज र राष्ट्रलाई सेवा गरेका छन् ।

**११. साहित्यिक पत्रकार रोचक घिमिरे र तपाईं बीच के कस्ता समानता र असमानता रहेको छ ?**

- साहित्यिक रुचि समान भएतापनि उहाँको र मेरो जीवनशैलीमा असमानता रहेको छ । उहाँ अनुशासित र परिवारप्रति समर्पित व्यक्ति हुनुहुन्छ भने म भावनामा बग्ने स्वच्छन्द विचारको व्यक्ति हुँ । यही उहाँ र ममा भिन्नता रहेको छ ।

**१२. साहित्यिक पत्रकार रोचक घिमिरेबाट भविष्यमा तपाईं कस्तो योगदानको आशा राख्नु हुन्छ ?**

- क्षमता, प्रतिभा भएको व्यक्ति भएकाले पर्याप्त साधन स्रोत भएमा भविष्यमा उहाँबाट अझै ठूलो योगदान मिल्नेछ भन्ने मैले आशा गरेको छु ।

**१३. अन्त्यमा साहित्यिक पत्रकार रोचक घिमिरेका बारेमा तपाईं कस्तो विचार व्यक्त गर्न चाहनु हुन्छ ?**

- नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने साहित्यिक पत्रकार रोचक घिमिरेद्वारा सम्पादित **रचना** साहित्यिक पत्रिकामा भाषागत, शब्दगत त्रुटिहरू भेटिदैनन् । यो पत्रिका साहित्य क्षेत्रको एक उत्त्कृष्ट पत्रिका बनेको छ । सुस्वास्थ, दीर्घजीवी भएर यस पत्रिकालाई चिरकालसम्म निरन्तरता दिन सक्नुहोस् भनी ईश्वर सँग प्रार्थना गर्दछु ।

# साहित्यकार भाउ पन्थीसँगको अन्तर्वार्ता

मिति २०६७, पुष ९ गते शुक्रबार ११ बजे, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ

**व्यक्तित्व**

१. **साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेलाई तपाईंले चिन्नु भएको कति वर्ष भयो ? उहाँसँग तपाइँको चिनजान कसरी भयो ?**

- २५ वर्षजति भयो । साहित्यिक पत्रिका **रचना** मा रचना छपाउने क्रममा उहाँसँग मेरो परिचय भएको हो ।

२. **उहाँको व्यक्तित्व कस्तो लाग्छ ? कुन रूपमा हेर्नु हुन्छ ?**

- सरल, स्वच्छ र मितभाषी । म उहाँलाई साहित्यप्रति समर्पित दृढ र सक्षम सम्पादकका रूपमा हेर्छु । उहाँले गर्नुभएको दीर्घकालिक साहित्य सेवा दुर्लभ छ ।

३. **उहाँको बाह्य एवम् आन्तरिक व्यक्तित्व बीचको कस्तो भिन्नता रहेको छ ?**

- भिन्नता छैन । आन्तरिक र बाह्य व्यक्तित्व उस्तै उस्तै छ । देखावटी पना छैन । बोल्ने एउटा गर्ने अर्को पाइनँ ।

**साहित्य**

४. **साहित्यिक पत्रकार रोचक घिमिरेले लेख्नु भएको लेख रचना एवम् उहाँद्वारा सम्पादित रचना पत्रिका पढ्नु हुन्छ ?**

- उहाँका फुटकर लेख-रचना एवम् उहाँद्वारा सम्पादित **रचना** निरन्तर रूपमा पढ्ने गरेको छु ।

५. **उहाँको पुस्तकाकार कृति पढ्नु भएको छ ? कस्तो लाग्छ ?**

- उहाँको **सम्झनामा फक्रिएका थुँगाहरू** नामक निबन्ध सङ्ग्रह पढेको छु । उहाँका संस्मरणात्मक निबन्धहरू रोचक हुन्छन् । साहित्यका विभिन्न पाटाहरू खोजिएका हुन्छन् ।

६. **उहाँलाई तपाइँ कस्तो साहित्यकार एवम् साहित्यिक पत्रकारको रूपमा हेर्नु हुन्छ** ?

- समर्पित , लगनशील र सन्तुलित साहित्यकार एवम् साहित्यिक पत्रकारको रूपमा हेर्ने गरेको छु ।

७. **नेपाली साहित्यको उन्नयनमा रचना पत्रिकाले पुऱ्याएको योगदानलाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ** ?

- नेपाली सात्यिको उन्नयनमा **रचना** पत्रिकाको योगदान अमूल्य एवम् सार्थक रहेको छ ।

८. **साहित्य, एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उहाँको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ** ?

- साहित्यिक पत्रकारिताको इतिहासको पूरै एक समयलाई उहाँले रचनाहरूद्वारा थामिरहनुभएको छ ।

९. **तपाइँको विचारमा उहाँ साहित्यकार वा साहित्यिक पत्रकार कुन क्षेत्रमा सफल हुनु हुन्छ** ?

- दुवैमा । साहित्यकार सहित सहित्यिक पत्रकार भनेर चिन्नु बेस हुन्छ ।

१०. **समाज सेवा र राजनीति क्षेत्रमा उहाँलाई तपाइँ कुन रूपमा हेर्नु हुन्छ** ?

- खै, यसतिर त्यतिविधि मेरो परिचय छैन् । उहाँ कहिले राजनीतिमा सक्रिय रूपमा लागेको देखेको छैन । साहित्य सेवा गरेर निरन्तर उहाँले समाजसेवा गरिनैरहनु भएको छ ।

११. **साहित्यिक पत्रकार रोचक घिमिरे र तपाईँ बीच के कस्ता समानता र असमानता रहेको छ** ?

- समानता मात्रै यत्ति । उहाँ साहित्यकार र साहित्यिक पत्रकार । म साहित्यकार मात्र । उहाँ र मेरो जीवनशैलीमा धेरै किसिमका भिन्नता रहेको छ ।

**१२. साहित्यिक पत्रकार रोचक घिमिरेबाट भविष्यमा तपाईं कस्तो योगदानको आशा राख्नु हुन्छ ?**

- धेरै । नेपाली साहित्यमा महारथीहरूबारे उहाँसँग गम्भीर प्रवृतिका संस्मरणहरू छन् । ती लेखियून् र रचनालाई अर्को उच्चतामा पुऱ्याउन सक्नुहोस् भन्ने आशा राख्दछु ।

**१३. अन्त्यमा साहित्यिक पत्रकार रोचक घिमिरेका बारेमा तपाईं कस्तो विचार व्यक्त गर्न चाहनु हुन्छ ?**

- रोचकजीको सुस्वास्थ्य र दीर्घ लेखकीय जीवनको कामना गर्दछु । उहाँका योगदानलाई नेपाली साहित्यले समयमै कदर गरोस् । उहाँले अहिलेसम्म रचनामा नेपाली साहित्यका परिवर्तनकारी मोडहरूको प्रतिनिधित्व गर्ने रचनाहरू दिँदै आउनुभएको छ । नयाँ नयाँ रचनाकारहरूलाई विना भेदभाव मञ्च प्रदान गर्दै आउनुभएको छ । यो सहित अन्य धेरै योगदानहरू ती सबैको म हार्दिक हार्दिक प्रशंसा गर्दछु ।

## साहित्यकार ज्ञानुवाकर पौडलसँगको अन्तर्वार्ता

मिति २०६७, पुष ६ गते मंगलबार दिउँसो १ बजे उहाँको निजी निवास गौशाला

**व्यक्तित्व**

१. **साहित्यकार एवम् साहित्यिक पत्रकार रोचक घिमिरेलाई तपाईंले चिन्नु भएको कति वर्ष भयो ? उहाँसँग तपाइँको चिनजान कसरी भयो ?**

- ३३ वर्ष । उहाँको पत्रिका **रचना** को नियमित पाठक पहिले देखिनै थिएँ । २०३२ सालमा साहित्यिक पत्रकार संघले पहिलोपटक बालजुमा गरेको साहित्यिक बनभोजमा धेरै साहित्यकारसँग परिचय हुँदा साहित्यिक पत्रकार रोचक घिमिरे पनि हुनुहुन्थ्यो । परिचय भयो । त्यो परिचय कालक्रमिक रूपले झाँगिदैजाँदा हामी बीच अहिले गहिरै मित्रता कायम भएकोछ ।

२. **उहाँको व्यक्तित्व कस्तो लाग्छ ? कुन रूपमा हेर्नु हुन्छ ?**

- शालिन लाग्छ मलाई उहाँको व्यक्तित्व । काम धेरै कुरा थोरै गर्ने नेपाली साहित्य र साहित्यिक पत्रकारिताको विकास भएको देख्न चाहने यस्तो कर्मनिष्ठ, निस्वार्थी र तपस्वी स्वभावको व्यक्ति नेपाली साहित्य क्षेत्रमा विरलै छन् । साहित्यिक पत्रकार रोचक घिमिरे जस्तो साहित्य सेवी र साहित्यिक पत्रकार नेपाली वाङ्मयिक क्षेत्रले पाउनु सौभाग्यको कुरा हो भन्ने ठान्दछु ।

३. **उहाँको बाह्य एवम् आन्तरिक व्यक्तित्व बीचको कस्तो भिन्नता रहेको छ ?**

- म त केही भिन्नता देख्दिन । उहाँ जे बोल्नु हुन्छ त्यो गरेर देखाउनु हुन्छ । हुननसक्ने काम गर्छु भन्नु नै हुँदैन, हुने र संभव हुने नै पनि काम जो साहित्य र साहित्यिक हीतमा छ भने पूरा गरेरै छाड्नुहुन्छ । उहाँको बोलाई र गराईमा कुनै भिन्नता नभएकै कारणले उहाँ सबै वर्ग, उमेर र जातका साहित्यकारहरू बीच लोकप्रिय हुनुहुन्छ ।

**साहित्य**

४.	**साहित्यिक पत्रकार रोचक घिमिरेले लेख्नु भएको लेख रचना एवम् उहाँद्वारा सम्पादित रचना पत्रिका पढ्नु हुन्छ ?**

-	पढ्छु । पढ्छु मात्र हैन पढिसकेपछि **रचना** फेरि मैले निस्केला र त्यसको सम्पादकीय मा उहाँले कुन विषयमा के प्रसङ्ग कोट्याउने हो भन्ने उत्सुकताका साथ पर्खिरहन्छु पनि । उहाँमा हरेक लेख र भनाईमा विचारोत्तेजना र नयाँ चोखो विषय पाइनेहुनाले मलाई उहाँको सृजनात्मक लेख बारे यस्तो चासो लाग्ने गरेको हो ।

५.	**उहाँको पुस्तकाकार कृति पढ्नु भएको छ ? कस्तो लाग्छ ?**

-	उहाँको एउटै कृति जो साझाबाट निस्कियो र उत्तमशान्ति पुरस्कार पनि प्राप्त गऱ्यो त्यो कृतिले धेरै पाठकको मन जितेको छ ।

६.	**उहाँलाई तपाइँ कस्तो साहित्यकार एवम् साहित्यिक पत्रकारको रूपमा हेर्नु हुन्छ ?**

-	गम्भीर साहित्यकार र मिशनवादी भावनाले प्रेरित साहित्यिक पत्रकारको रूपमा हेर्ने गर्छु ।

७.	**नेपाली साहित्यको उन्नयनमा रचना पत्रिकाले पुऱ्याएको योगदानलाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

-	नेपाली साहित्यको उन्नयनमा **शारदा** , **रूपरेखा** विगतमा जसरी महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो त्योभन्दा कम **रचना**ले गरेजस्तो लाग्दैन । स्तरीय साहित्यिक पत्रिकाको अभाव भैरहेको अहिलेको अवस्थामा **रचना** र **अभिव्यक्ति** यी दुई पत्रिका नै मलाई लाग्छ निजीक्षेत्रबाट निस्कने प्रेरणाप्रद पत्रिका हुन् । धेरै साहित्यकार त्यसैले **रचना** पत्रिकामा छापिनलाई आफ्नो गौरव ठान्छन् ।

८.	**साहित्य, एवम् साहित्यिक पत्रकारिता क्षेत्रमा उहाँको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

-	अहिले हामी उहाँलाई साहित्यिक पत्रिकारिता क्षेत्रको भीष्मपितामह रूपमा हेरिरहेछौं । साहित्य पत्रकारिताको स्तरीयताको वृद्धि , उन्नति र स्थायित्वमा आफ्नै एकल प्रयास र

प्रेस काउन्सिलका सदस्य तथा नेपाल साहित्यिक पत्रकार संघको अध्यक्षको नाताले उहाँले देखाउनुभएको समर्पणभाव र निष्ठाका कारण साहित्यकारहरू अचेल हीनताबोध गर्नुपर्ने स्थितिबाट केही हद्मै भएपनि मुक्त भएको अनुभव गर्दै छौं ।

**९. तपाइँको विचारमा उहाँ साहित्यकार वा साहित्यिक पत्रकार कुन क्षेत्रमा सफल हुनु हुन्छ ?**

- संख्यात्मक रूपमा उहाँले धेरै कृति प्रकाशन नगरे पनि उहाँका सम्पादकीय उहाँका समसामयिक स्तम्भ लेखन र पत्रपत्रिकाहरूमा प्रकाशित उहाँका लेखहरू हेर्दा दुवै क्षेत्रमा उहाँ उत्तिकै सफल रूपमा पाउँछु ।

**१०. समाज सेवा र राजनीति क्षेत्रमा उहाँलाई तपाइँ कुन रूपमा हेर्नु हुन्छ ?**

- म उहाँलाई राजनीतिभन्दा माथि उठेर साहित्य र साहित्यिक पत्रिकाको माध्यमबाट समाजसेवा गर्ने साहित्यिक मानिसको रूपमा हेर्न मन पराउँछु ।

**११. साहित्यिक पत्रकार रोचक घिमिरे र तपाइँ बीच के कस्ता समानता र असमानता रहेको छ ?**

- उहाँ म भन्दा धेरै वरिष्ठ मान्छे । यद्यपि उहाँमा भेदभाव गर्ने प्रवृत्ति छैन । निस्वार्थ रूपमा साहित्यिक सेवामा लाग्ने समानता बाहेक हामी दुईको जीवनशैलीमा चाहिँ धेरै असमानता छन् ।

**१२. साहित्यिक पत्रकार रोचक घिमिरेबाट भविष्यमा तपाइँ कस्तो योगदानको आशा राख्नु हुन्छ ?**

- उहाँले अहिलेसम्म पुऱ्याउँदै आउनुभएको योगदान कम त होइन । तर उहाँले लेख्नुभएका अप्रकाशित रचनाहरू पत्रपत्रिकाहरूमा छरिएर रहेका प्रकाशित रचनाहरू समेत एकत्रित गरेर छपाउनु भएदेखि न केवल उहाँ आफैंलाई हामी पनि लाभान्वित हुने थियौं ।

**१३. अन्त्यमा साहित्यिक पत्रकार रोचक घिमिरेका बारेमा तपाईं कस्तो विचार व्यक्त गर्न चाहनु हुन्छ ?**

- साहित्यिक पत्रकार रोचक घिमिरे जस्तो शालिन, गम्भीर र निस्वार्थ वाङ्मय सेवी अहिलेको परिप्रेक्षमा दुर्लभ प्रकारको व्यक्तित्व हो । यस्ता व्यक्तित्वलाई साहित्यिक क्षेत्र र समाजले चिन्न र कदर गर्न सके जस्तो लागेन । जति भएकोछ त्यो अपर्याप्त छ । राज्य र समाजले उहाँ उपर कदर गर्न कन्जुस्यायीँ नगरोस् भन्ने चाहन्छु ।